


कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.

सूचना र मनोरञ्जनको सँगालो

saptahik.ekantipur.com


# साप्ताहिक


● वर्ष २४ ● अंक २२

OCTOBER 2018

असोज २६, २०७५ ● पृष्ठ ३२ ● मूल्य रु. १५/-


- मदिरा मात
- खसीको स्पेसल परिकार
- आफ्नो स्टाइल डेभलप गरौं
- जहाँ बलि दिइन्छ
- सन्दीप क्षेत्रीसँग दसैं गफ

# मदमस्त दसैं

तस्बिर : महेश प्रधान


papaya wash



**PAPAYA WASH** द्वारा

अनुहारको **चायाँपोतो** तथा

**चिपचिपपन** भगाउनुहोस्

प्रस्तुत छ, नयाँ Papaya Wash जुन मेवाको वास्तविक गुणले भरिपूर्ण छ। यसले सूर्यको हानिकारक किरणबाट मुहारमा हुने कालोपन तथा दाग धब्बाबाट बचाउँदै तुरुन्तै प्राकृतिक सुन्दरता प्रदान गर्दछ।

अनुष्का शर्मा
एक्ट्रेस

JOY
beautiful by nature



Instant Fairness GLOW | Anti POLLUTION | 24 HRS Skin Glow & Purifying

विकेन्ड

# दसैंका रमाइला कार्यक्रम



## रेडियो कान्तिपुरको चंगा चेट

रेडियो कान्तिपुरले दसैंको अवसर पारेर प्रत्येक वर्ष सञ्चालन गर्दै आएको रमाइलो कार्यक्रम चंगा चेट पर्सि आइतबार अर्थात् असोज २८ गतेका दिन आयोजित गर्दैछ । दिउँसो १ बजेदेखि ३ बजेसम्म कान्तिपुर रेडियोबाट प्रत्यक्ष प्रसारण हुने उक्त कार्यक्रममा लोकप्रिय गायक-गायिकाहरू प्रस्तुत हुँदैछन् । सेलिब्रेटीहरूले चंगा उडाउँदै दसैंको शुभकामना साटासाट गर्ने उक्त कार्यक्रममा गायक-गायिकाहरूले आफ्ना गीत प्रत्यक्ष सुनाउने बताइएको छ । कार्यक्रममा गीत-संगीतका साथै हास्यव्यंग्यात्मक कार्यक्रमसमेत समावेश हुनेछ ।

## चंगा चेट

भोलि शनिबार साक्व स्काउट्सको आयोजनामा उत्तरी काठमाडौंको जहरसिंह पौवामा चंगा चेट कार्यक्रम आयोजित हुँदैछ । सबैको हुन्छ भेट, जब हुन्छ चंगा चेट नाराका साथ सञ्चालन गर्न लागिएको यो कार्यक्रममा फुड स्टल पनि रहनेछन्, जहाँ आइसक्रिम, पानीपुरी, लस्सी तथा चकलेटका विभिन्न भेराइटी उपलब्ध हुनेछन् । १ हजार रुपैयाँ तिरेपछि ब्रेकफास्ट, लन्च पनि उपलब्ध हुनेछ । जहरसिंहपौवासम्म आउन-जान आयोजकले नै सवारीसाधनको व्यवस्था गर्नेछन् । चंगा चेटका विजेताहरूलाई ट्रफी तथा चितवन घुमघामको प्याकेज उपलब्ध गराइने बताइएको छ ।

**समय** : बिहान ७ बजे  
**स्थान** : जहरसिंह पौवा

## बडादसैं शुभकामना साँझ

भोलि शनिबार युमी फाइन एन्ड डाइनको आयोजनामा बडादसैं शुभकामना साँझ हुँदैछ । कार्यक्रममा गायक यम बराल तथा जेए ब्यान्डले आफ्नो प्रस्तुतिमार्फत मनोरञ्जन प्रदान गर्नेछन् । यो कार्यक्रमको टिकटमा स्न्याक्स, लाइभ बफेट एवं वेलकम ड्रिंक्स समावेश भएको आयोजक संस्थाका प्रबन्ध निर्देशक तुलसीराम श्रेष्ठले बताएका छन् ।

**स्थान** : युमी फाइन डाइन, बखुन्डोल, ललितपुर  
**समय** : ३ बजे  
**प्रवेश शुल्क** : २ हजार रुपैयाँ

## चंगा चेट-२०७५

भोलि शनिबार सि डेभिल्स नेपालको आयोजनामा चंगा चेट-२०७५ को आयोजना हुँदैछ । चंगा उडाउन रहर गर्ने सबैले यसमा सहभागिता जनाउन सक्नेछन् । १ हजार रुपैयाँको टिकट काटेपछि मिठा परिकारका साथ संगीतको पनि आनन्द लिन सकिने यो कार्यक्रममा चंगा उडाउने प्रतियोगितापछि डिजेहरूले समेत प्रस्तुति दिनेछन् ।

**समय** : ११ बजे  
**स्थान** : नर्लिङ होटेल्स रिसोर्ट  
**प्रवेश शुल्क** : ५ सय रुपैयाँ

## दसैं सेलिब्रेसन

भोलि शनिबार क्लिफ रेस्ट्रो एन्ड बार तथा द अर्गनाइजरको आयोजनामा दसैं स्पेसल कार्यक्रम आयोजित हुँदैछ । लाइभ ब्यान्ड, डिजे सेसन, चंगा चेट तथा एकल गायन यो कार्यक्रमका मुख्य आकर्षण रहनेछन् । यो उत्सवमा सहभागी हुन ५ सय ५५ रुपैयाँ तिरेपछि क्यान बियर, मोमो तथा चिकेन चिल्ली निःशुल्क उपलब्ध हुने बताइएको छ ।

**समय** : ३ बजे  
**स्थान** : क्लफ रेस्ट्रो एन्ड बार, ललितपुर मल  
**प्रवेश शुल्क** : ५ सय ५५ रुपैयाँ (भिआइपी)  
१ सय ५० रुपैयाँ (नर्मल)

## कस्तो रमाइलो दसैं फेस्टिभल

पोखरामा भोलि शनिबार 'कस्तो रमाइलो दसैं फेस्टिभल-२०७५' को आयोजना हुँदैछ । भिजुअल जोनले आयोजना गर्ने यो फेस्टिभलमा गायक स्वप्न सुमन, न्यापर समिर घिसिङ भिटेन तथा गायिका सुरक्षा मल्लले प्रस्तुति दिनेछन् । महोत्सवको थप आकर्षणमा भिडियो डिजे लामा, आत्मसर्ग ब्यान्ड, इनफ्लेम ब्यान्ड तथा कपिल पुनको समेत प्रस्तुति रहनेछ ।

**स्थान** : पोखरा प्रदर्शनी केन्द्र, नयाँबजार, पोखरा  
**प्रवेश शुल्क** : २ सय रुपैयाँ  
**समय** : दिउँसो १ बजे

## विकेन्ड लिट्रेचर

प्रकटका प्रणय गजल धरानमा

पोखरेली गजलकार प्रकट पंगेनी शिवले धरानमा आफ्ना गजल सुनाउँदैछन् । भोलि शनिबार गोर्खा डिपार्टमेन्ट स्टोरको हलमा हुने उक्त कार्यक्रममा गजलकार प्रकटले आफ्ना दुई दर्जनभन्दा बढी प्रणय गजल सुनाउँदै वातावरण तताउनेछन् । दिउँसो साढे ४ बजे प्रारम्भ हुने यो कार्यक्रमको आयोजना साहित्य कला संस्कृति प्रतिष्ठान धरानले गर्न लागेको हो ।

**स्थान** : गोर्खा डिपार्टमेन्टको हल धरान  
**समय** : दिउँसो साढे ४ बजे

## भण्डारढिकमा दसैं कन्सर्ट हुने

विजयादशमीको अवसर पारेर असोज ३१ गते कालरात्रिका दिन पोखराको भण्डारढिकमा दसैं कन्सर्ट हुने भएको छ । कन्सर्टमा राष्ट्रिय स्तरमा चर्चित तथा स्थानीय ब्यान्डहरूले लाइभ प्रस्तुति दिनेछन् । उक्त अवसरमा विगत २५ वर्षअघि पोखराबाट उदाएको सांगीतिक ब्यान्ड नेपथ्यप्रति सम्मान व्यक्त गर्दै सैनिक सेभियर, संघर्ष नेपाल, म-यत्न, एक्स डायमन्ड, दि नेक्स डोर, पिस एन मेलोडी, धर्ती ब्यान्ड आदिले नेपथ्यका चर्चित गीतहरूसँगै अन्य गीत प्रस्तुत गर्ने कार्यक्रमका संयोजक सचिन रानाभाटले बताए ।

---

दसैंमा ठूला मलमा मात्र खरिददारी नगरौं, फुटपाथमा पनि खरिद गरौं जसले गर्दा उनीहरूलाई पनि दसैं आओस् । तपाईंका कारण अरूको पनि दसैं रमाइलो हुन सक्छ ।

**सन्तोष घिमिरे**

हिँडियो गामतिर पिङ हाल्न, बाटो फाँड्न, कमेरो र रातो माटो खन्न– दसैं आउन आँट्यो ।

**राम यू गिरी**

सरकारले बिदा काट्दा-काट्दा बडादसैंलाई छोटा दसैं पार्दिसक्यो बरै...हुँदा-हुँदै यसपाला त ठ्याक्कै दुई दिनमात्र बिदा पाइने भो नवमी र टीकाको ।

**उपन्द्र ढकाल**

पेट्रोलको भाउ बढेको कुरा मावलीले थाहा पाए कि पाएनन् कुन्नि ? दसैं नजिकै आइसक्यो, थाहा नपा'का भए त घाटो पो हुन्थ्यो हौ ।

**भेषराज पाण्डे**

अब दसैंपछि भनेर बहाना बनाउने दिन आए ।

**गौरव पोखरेल**




अब हुँदा-हुँदा जुवामा च्याँखे थाप्नेहरूलाई पनि कारबाही गर्ने रे, यसपालिको दसैं बाघचालै खेलेर मनाउने त होला नि ।

**बिपना रेग्मी**

बिचरा बेरोजगारहरूले आश गर्ने भनेको बिनापरिश्रम पाइने दसैंको दक्षिणा त हो ।

**पूर्वेली कान्छो भाइ**

दसैं आयो, खाउँला पिउँला, यसपालिको दसैंमा स्याउ फोन किनौंला...पैसा सैसा केही छैन, सपना हजार । सबै कुरा पुऱ्याइदिने सपनीको बजार । (साभार)

**भूमि फुयाल**

मायाको डोरीले पिङ थापिन्छ अनि त्यही पिङ खेल्दै दसैं मनाइन्छ ।

**मिस्टर पर्फेक्ट**

होइन, घरकालाई नि के भा'को ? दसैं नजिक आइसक्यो, अब त बिहे गर्नुपऱ्यो, बुहारी चाहियो छोरा भन्ने कुरै निकाल्दैनन् त ।

**करण घिमिरे**

फूलपातीदेखि मात्र दसैंको शुभकामना आदान-प्रदान गर्न अनुरोध गरिन्छ । कसैलाई दसैं लागिसक्यो होला, तर हामीलाई लागेको छैन ।

**डा. नीरज**

फिर पनि एउटा छ र मलाई ? दसैं नजिक आइसक्यो । टीका लगाएर के आशीर्वाद दिने उनीलाई, अहिलेसम्म सोच्न सक्या छैन ।

**हिटलरको नाति**

मलाई डोली चढाएर लाने को होला ? मेरो हातले पकाएको खाने को होला ? कोसेली बोकी मलाई अघि लगाई यो दसैंमा मेरो घर (ससुराली) जाने को होला ?

**शोभा शाही ठकुरी**

संस्कृति छोड्नु हुँदैन, परम्परा मोड्नु हुँदैन, विश्वास तोड्नु हुँदैन । त्यस्तै हेर केटाकेटी हो, यो दसैंमा दारु-पानी खाए नाच्न पनि छोड्नु हुँदैन ।

**अप्सरा भट्टराई**

सबैले दसैंको शुभकामना मात्र पठाउँछन्, कसैले त दसैं खर्च नि पठाए हुने नि !

**उमेश थापा**

यसपालि दसैंमा घर नजानेहरू कता भेला भएर तास खेल्ने हो मलाई पनि निम्तो गरुम् है ।

**एलिजा नेपाल**

अब दसैं-तिहार आउन लाग्यो, मलाई चैं एउटै कुराको चिन्ता परिरा'छ– शुभकामनावाला म्यासेज पठाएर हैरान पार्ने भए ।

**ज्योति कार्की**

देश डुब्न लाग्यो भनेर नेताज्यू चीन भाग्नुभो, मचाहिं भारततिर भागौं कि चीनतिर दोधारमा छु । कहिलेसम्म डुबिसक्छ जानकारी पाऊँ, कमसे कम दसैं मनाउन त दिनुस् है ।

**पार्वती धरेल**

युवा मन

# बाल्यकालको दसैं अनुभव



सुविन भट्टराई

घटस्थापनादेखि स्कूल, कलेज बिदा हुन्थे । अझ स्कुलमा घटस्थापना नलाग्दै आधाउधी जनसंख्या घटिसकेको हुन्थ्यो । सोह्रश्राद्धको अन्तिम अन्तिमतिरैदेखि क्लासहरू सुनसान हुन्थे । शिक्षकहरू पनि रहलपहल विद्यार्थीको नपढ्ने दवाबलाई मानिदिएर साथ दिइरहेका हुन्थे ।

अघिपछि मलाई खुब साथ दिने साथीहरू घटस्थापनापश्चात् उपलब्ध हुन असमर्थ हुन्थे । घटस्थापनाकै एक-दुई दिनको सेरोफेरोमा उनीहरूका बा-आमा कुम्लो कुटुरो कस्न थाल्थे । कोही पूर्वका साथी थिए, कोही पश्चिमका । कोही पहाडका, कोही तराइका । उत्साहित हुँदै उनीहरूको कोठामा पसेका बेला उनीहरू भने आफ्नो मूलघर जाने तरखरमा हुन्थे ।

'अब दसैं पछि आउने,' कुनै साथी बुरुक्क उफ्रिँदै भनिरहेको हुन्थ्यो ।

'अब तिहार पछि आउने,' अर्को साथी अनुहारभरि उत्साह सोहेरेर यसो भनिरहेको हुन्थ्यो ।

मेरो अनुहारको चमकले पनि सायद उनीहरू जाने नाइट बसकै टिकट काटिसकेको हुँदो हो ।

साथीहरूको मूलघर जाने दिन म उनीहरूलाई बस चढाउन जान्थें । कसैलाई बसपार्कसम्मै छाड्न जान्थे । कसैलाई गौशालासम्म । उनीहरूका बाआमाको 'पर्दैन भो नआऊ' लाई अटेर गर्दै ।

साथी र उसका परिवारका सदस्यहरू बस चढ्थे । बसमा अरू पनि थुप्रै यात्रु हुन्थे । सबै आ-आफ्ना घर गैरहेका हुन्थे । सबैका परिवार कतै बाहिर छन् । सबैको यो उपत्यका छाडेर गैसकेपछि पर कतै एउटा गाउँ हुँदो हो । गाइँ, भैंसी कराइरहने एउटा गोठ हुँदो हो । नजीकै लिँगे पिङ हुँदो हो । घर नजिकै हरियो जँगल हुँदो हो । खोला, झरना, ताल, पोखरी आदि पनि हुँदा हुन् । भविष्य खोज्न जहाँ नै भौंतारिए पनि उनीहरूको एउटा मीठो बिगत त्यही गाउँमै हरहर बास्ना आइरहने भएर बसेको हुँदो हो । उनीहरू कहींका हुन् । उनीहरूको जरा कहीं छ । अघिपछि जतासुकै भौतारिएपनि कमसेकम दसैंमा उनीहरूलाई तान्ने एउटा गाउँ छ, एउटा ठाउँ छ ।

घर फर्कने क्रममा मन उदास उदास हुन्छ । आफैंलाई प्रश्न गर्छु, मेरा साथीहरू कहींका हुन्, म चाहिँ कहाँको ? बाले दुःख गरेर कमाएर ल्याएको हजार-हजार नोट तिरेर बुझाउने घरबेटीको घर मेरो होइन । यो काठमाडौं मेरो होइन । म कहाँको ?

'सुदुर पूर्वमा एउटा जिल्ला छ, खोटाङ, हामी त्यहींका हौं ।' बा-आमा भन्नुहुन्थ्यो भन्न त । साथै यसो पनि भन्नुहुन्थ्यो, 'न गाडी जाने बाटो छ, न प्लेन ओर्लने एयरपोर्ट छ । एक नाइट बस चढेर गएपछि तीन, चार दिन जंगलै-जंगल, बगरै बगर, उकालै-उकालो, ओरालै-ओरालो हिँड्नुपर्छ अनिमात्र पुगिन्छ ।' बाहरूको कुरा अनुसार सात, आठदिन चाहिँ यात्रामै बित्ने रैछ । भन्नुहुन्थ्यो, 'अलिक ठूलो हून्, बलियो हुनु अनि जानु ।'

पछि केही ठूलो भएँ, बलियो भएँ, अनि गएँ पनि । वास्तवमै दुर्गम रै'छ हाम्रो गाउँ । दसैंमा होइन । अरु नै अवसरहरूमा गइयो । गाउँ र दसैंलाई जोडीका रूपमा अझै हेर्न पाएको छैन । यतिका वर्षमा त काठमाडौंले पनि मलाई आफ्नै बनाइसक्यो, छाडेर जानै नदिने भयो ।

आज पनि दसैंको माहौलमा बसपार्क नजिकै पुग्दा टिकट काउन्टरमा लाग्ने भीडलाई निक्कैबेरसम्म नियाल्छु । आफ्नो घर जाने उत्साह र जोसमा पचासौं मानिसलाई पन्छाएर टिकट पाउने जुन लालच उनीहरूको अनुहारमा देख्छु, मलाई उनीहरूको अनुहारले देखाइरहेको त्यो लालच प्रिय लाग्छ । दसैंका बेला नयाँ बसपार्क अथवा गौशालाबाट छुटेका बसमा मेरो भौतिक शरीर नभएपनि मेरा केही रहर हरेक सिटमा अलिकति ठाउँ बनाएर घुसेको हुन्छ भन्ने कुरा म कसरी बताऊँ ? मेरा कुण्ठाहरूले म स्वयम्लाई पत्तो नदिई हरेक दसैंमा हरेक नाइटबस चढेर यात्रा गरिरहेको हुन्छ । मलाई बद्मास नभन्नुहोला, तर म यो स्वीकार गर्छु, मलाई हरेक दसैंमा यात्रा गरेर आफ्नो मूलघर जाने यात्रीको अलिकति उत्साह अहिले पनि चोर्न मन लाग्छ ।







# मंगलमय शुभकामना



महान् पर्व बडादसैंका अवसरमा हामी हाम्रा सम्पूर्ण पाठक, वितरक, विज्ञापनदाता तथा शुभेच्छुकहरूप्रति देवी भवानीको कृपा सदैव कायम रहोस् भन्ने मंगलमय शुभकामना व्यक्त गर्दछौं।

साप्ताहिक
कान्तिपुर मिडिया ग्रुप


**बडादसैंको बिदाका कारण साप्ताहिकको अर्को अंक कात्तिक ९ गते प्रकाशित हुनेछ।**

## दसैंको टीकाको साइत

नेपाल पञ्चाङ्ग निर्णायक समितिले यो वर्षको बडादसैंमा लगाइने टीकालगायत अन्य शुभ कार्यको साइत सार्वजनिक गरेको छ। समितिका अनुसार असोज २८ गते आइतबार पचली भैरव यात्रा हुनेछ भने असोज ३० गते मङ्गलबार फूलपाती भित्र्याइनेछ। त्यसैदिन बिहान ९ बजेर २१ मिनेटमा तुलजा भवानीको यात्रा गराइनेछ। त्यसपछि १० बजेर २ मिनेटमा भवानीलाई स्थिर आसनमा राख्ने साइत छ।

असोज ३१ गते बुधबार महाअष्टमी, कात्तिक १ गते बिहीबार महानवमी, कात्तिक २ गते शुक्रबार विजयादशमी अर्थात् दसैंको टीका हुनेछ। विजयादशमीका दिन बिहान ९ बजेर ३९ मिनेटमा देवी विसर्जन गर्ने साइत छ। समितिका अनुसार देवीको प्रसाद लगाउने बिहान ९ बजेर ५१ मिनेट हो। विजयादशमीकै दिन बिहान ८.३५ मा तुलजा भवानीको यात्रा गराउने साइत छ। त्यसपछि भवानीलाई बिहान ९ बजेर ४४ मिनेटमा स्थिर आसनमा राख्नुपर्नेछ।

समय सन्दर्भ

# मन्दिरमा बलि नदिऊँ



रवीन्द्र अधिकारी

मन्दिर भन्ने पवित्र शब्द सुन्नासाथ मनबाटै श्रद्धा जागेर आउँछ। जब मन्दिर परिसरमा पुगिन्छ तब त्यहाँको पर्यावरणले हामीलाई एकै क्षणका लागि भए पनि बेग्लै संसारमा पुऱ्याइदिन्छ। अध्यात्मको खोजीमा अहोरात्र ओहोरदोहोर गर्ने अनुयायीहरूको भीडमा कुनै दिन हामी पनि हुन्छौँ। धर्मचेष्टा वा अनुष्ठानबाट पाइने अजबको शान्ति र सुख सबै मन्दिरबाट पाइन्छ। दसैं सुरु भएलगत्तै मन्दिरमा दिनुहुँजसो भक्तजनको मेला नै लाग्छ। यो समयमा देवी मन्दिरहरूमा विशेष: पूजाआजा गरिन्छ भने शान्तिको पर्याय मानिने ती मन्दिरमा पशु वा पन्छी बलि समेत दिइएको पाइन्छ। मन्दिर पूजा-अर्चना गर्ने सार्वजनिक थलो हो जहाँ अनेकानेक जात तथा रिवाज मान्ने व्यक्तिहरू स्वतन्त्र रूपले आउन-जान सक्छन्, तसर्थ मनन गरौं : के मठ-मन्दिर वा देवालय पशु बलि दिने ठाउँ हो ?

बलि प्रथाका अनुयायी प्राय: हिन्दू धर्मको पनि शाक्त सम्प्रदायका हुन्छन्, जसले देवीको उपासनाको अन्तिम रूप नै बलि हो भन्ने विश्वास राख्छन् तथापि प्रकृति वा पृथ्वीलाई देवता मान्नेहरूले पनि बलिको परम्परालाई अङ्गीकार गर्दै आएको पाइन्छ। दसैंमा हिन्दूहरूले बलि दिन्छन् तर हिन्दू धर्मका मूल ग्रन्थहरूलगायत अन्य थुप्रै पुराणमा बलिलाई निषिद्ध गरिएको छ। पशुबलि एउटा ठूलो अनुष्ठान् भएकाले यसका लागि मेहनत र खर्च पनि ठूलै चाहिन्छ। त्यसैले त बलिको सम्पूर्ण विधि-विधान पुऱ्याउने परिवार राजकीय वा ठूलै खानदानको हुनुपर्थ्यो। पशुबलिको परम्पराले विशेषत: पशु हिंसाभन्दा पनि शक्तिको पूजा-आराधनालाई मात्र महत्व दिएको पाइन्छ। हिन्दू धर्ममा बलिको प्रक्रियामा खास गरी झट्का वा मार हान्ने विधि प्रयोग हुन्छ, जसमा एकै पटक खुकुरी वा तरवारले घाँटी छिनाउनुपर्छ। मुस्लिम समुदायमा घाँटी रेटेर बलि दिइन्छ, जसलाई हलाल वा जबिया भनिन्छ।

भागवत् गीतामा भगवान् कृष्णले पशु हिंसा नगर्न भनेका छन् तै पनि बलि दिएको खण्डमा आफूले स्वीकार गर्ने किनभने बलि चढाइएको पशुको आत्मामा पनि आफू हुने कुरा सङ्केत गरेका छन्। शाक्त अनुयायीहरूले काली, भवानी वा दुर्गाको पूजामा कुखुराको भाले, हाँस, बोका, राँगा तथा अन्य पशुपन्छी बलि दिन्छन्। हिन्दू मात्र नभै तमिल सम्प्रदायमा पनि मुरुगन देवताका लागि पशुबलिको परम्परा व्याप्त छ। नेपालको बारा जिल्लामा अवस्थित गढीमाई मन्दिरमा दिइने पशुबलि विश्वमै उदाहरणका रूपमा लिइन्छ।

संस्कार र परम्परा जसरी चलायो, उसै गरी चल्दै जाने कुरा हुन्। हामी सोच्न सक्ने प्राणी हौं। त्यही भएर ठीक-बेठीक उचित-अनुचित राम्रोसँग नियालेर परम्परालाई निरन्तरता दिनुपर्छ। राम्रोलाई आत्मसात् गर्नु र भावी पुस्तालाई सिकाउँदै जानु तथा नराम्रोलाई परिष्कृत् गर्दै लानुनै वर्तमान पुस्ताको जिम्मेवारी हो, बलिको सन्दर्भ यदाकदा धर्मिक ग्रन्थहरूले जोडे पनि मानिसले भक्तिका लागि बलि दिनैपर्छ भन्ने छैन। पवित्र धर्मस्थलमा रगतको दृश्य निश्चय नै राम्रो होइन। मानिसको खाद्य आवश्यकतालाई धर्मसँग छुट्याउनै नमिल्ने गरी जोड्नु हुँदैन।

अब रह्यो मठ-मन्दिरमा पशु बलि कतिको उचित छ ? मन्दिर सर्वजनिक स्थल हो। मन्दिर सार्वजनिक सरोकारको विषय हुनुपर्छ। कसैले आफ्नो व्यक्तिगत मनोकांक्षा पूरा गर्न आफ्नो निजी बोका वा कुखुरा लगेर त्यस्ता ठाउँमा काट्न पाउँदैनन्। आफ्नो घरमा व्यक्तिगत मन्दिर छ भने त्यहाँ दिनुहोस् बलि, तर सार्वजनिक स्थानमा रहेको मन्दिरमा रगतको खोलो बगाएर मासु नखाने, रगत देख्न नसक्ने, हिंसा नरुचाउने मानिसलाई मन्दिर परिसर जानै नहुने स्थिति सिर्जना नगरिदिनुहोस्।

अहिंसाका हिमायती बौद्धमार्गीहरू पनि मन्दिर पुग्छन्। जन्मजातै शाकाहारी र बालबच्चाहरू पनि मन्दिर दर्शन गर्न पुग्छन्। के अब उनीहरू सबैले एउटा पशु हत्याको साक्षी बन्नुपर्ने ? सार्वजनिक स्थानमा हत्याको तमासा देखाउनु उपयुक्त होइन। स्वास्थ्यकर मासु खाने हो भने पनि वैज्ञानिक पशु वधशालामा लगेर पशु बलि दिन सकिन्छ। मन्दिर अथवा खुला सार्वजनिक स्थानमा पशु बलि दिएर मासु बनाउने क्रममै कति कीरा तथा निला झिङ्गा आउँछन्, सबैले देख्नुभएकै छ। अनियन्त्रित रूपमा चढाइएका रगत तथा फालिएका मासुका टुक्रा एवं रौंले वातावरण कति प्रदूषित तुल्याउँछ, थाहा छ ? बधशालामा विधिवत् काटिएको मासु हाइजेनिक पनि हुन्छ। त्यसैले मन्दिरमा सात्विक बलि दिनुहोस् अनि घर वा निजी स्थानमा राजसी बलि दिनुहोस्, यसले धार्मिक एवं सामाजिक सहिष्णुतालाई पनि खलल पार्दैन र चाडबाडमा स्वस्थकर मासु समेत खान पाइन्छ।

ravinems@iom.edu.np

## प्रतिक्रिया




कुनै क्षेत्रमा राम्रो क्षमता प्रदर्शन गर्न सकियो भने त्यसको परिणाम कति उत्कृष्ट हुँदो रहेछ भन्ने राम्रो उदाहरण यो हो (फ्रन्टपेज : टिनएजमै करोडपति)। आमयुवाले यसबाट केही सिक्नुपर्छ।

**विजयकुमार शर्मा**

नेपालमा घुम्नलायक थुप्रै ठाउँ छन् (गरौं बिदाको सदुपयोग)। बिदाका बेला अभिभावकहरूले आफ्ना सन्तानलाई घुमाएर धेरै कुरा सिकाउन सक्छन्। आफूले पनि नयाँ-नयाँ ठाउँका बारेमा ज्ञान हासिल गर्न सकिन्छ।

**ईश्वर अर्याल**

कतिपय निर्दोषहरू पनि कारागारमा थुनिएका छन् (मंगल होस् : कारागार होइन सुधारगृह)। कारागारमा थुनिएका व्यक्तिहरू मानसिक रूपमा प्रताडित छन्। उनीहरूलाई राम्रो काममा पनि लगाउन सकिन्छ, जसले गर्दा उनीहरूको मनस्थिति परिवर्तन गर्न सकियोस्।

**दिपेन सायमी**

कतिपय च्यानलले राम्रा सामग्रीहरू प्रस्तुत गरिरहेका छन् (युट्युबमा टाइमपास च्यानल)। भारतीय युट्युबरहरूको च्यानलमा सिर्जनशीलता देखिन्छ। विशेष गरी अमित भदानाजस्ता युट्युबर निकै चर्चित भैसकेका छन्।

**योगेन्द्र भाट**

सिंगो देशले प्रश्न उठाएको छ, तैपनि हत्यारा पत्ता लाग्दैन (यात्रा सन्दर्भ : यस्तै हो भने पूरै देश तात्नेछ)। बोल्न नसक्ने, आवाज उठाउन नसक्नेहरूको अवस्था कस्तो होला ? कानुन कमजोर र निर्धाहरूका लागि मात्र हो कि ? दोषीलाई किन कानुनको दायरामा ल्याइँदैन ?

**परमिता शाह**

प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालले भन्नुभएको कुरा त भाषण र नारामा मात्र सीमित छ (अन्तवार्ता : भ्रष्टाचार र घुसखोरीमा संलग्न कसैले पनि छुट पाउँदैनन्)। व्यवहारमा लागू हुने हो भने त यो कुरा दोहोऱ्याउनै पर्दैनथ्यो।

**चन्द्र भण्डारी**

पुराना अभिनेता सरोज खनालजस्ता व्यक्तित्वले एक्टिङ स्कुल खोल्नु निकै राम्रो कुरा हो (खनालले खोले एक्टिङ स्कुल)। अभिनय क्षेत्रमा रुचि हुने र सिक्न चाहने युवाहरूलाई यो स्कुलले पक्कै फाइदा पुऱ्याउनेछ।

**कमल बयलकोटी**

कलाकारहरूको व्यस्तता बढ्नु राम्रै हो (कोही विदेश त कोही घरभित्रै)। बिदाको मौकामा परदेशमा रहेका नेपालीहरूलाई मनोरञ्जन प्रदान गर्नु तथा आफूले पनि कमाइ गरेर जीवनस्तर उकास्नु राम्रै हो।

**ठाकुर पन्थ**

यस्तो कुरा पढ्दा मन खिन्न हुन्छ (निर्देशकको चित्त दुखेपछि)। सम्बन्ध भनेको लामो समयसम्म कायम रहनुपर्छ। स्वार्थले जोडिएको सम्बन्ध दीर्घकालीन हुँदैन।

**अर्जुन साउद**

विदेशमा कुनै एवार्ड समारोह गर्नुभन्दा नेपालकै पर्यटकिय स्थलमा गरे कसो होला ? (दुबईमा मोडल सङ्स एवार्ड)। त्यसले नेपालको पर्यटन प्रवर्द्धनमा ठूलो भूमिका खेल्न सक्छ।

**स्मृति सेन्चुरी**

मिस्टर नेपाल वर्ल्ड-२०१८ को उपाधि हात पारेकोमा विकल्प राज श्रेष्ठलाई बधाई छ। तपाईंको प्रतिभा समाज र राष्ट्रका लागि लगाउनुहोस्।

**बिनोद केसी**

follow us on
twitter.com/saptahik

SMS मार्फत प्रतिक्रिया
SF(space) दिएर आफ्नो प्रतिक्रिया टाइप गरी नामसहित 8080 मा पठाउनुहोस्।

Like us on Facebook
facebook.com/kantipursaptahik

# हँसाउनभन्दा पनि हाँस्न मन पराउँछु

हवाट द फलपजस्तो चर्चित कार्यक्रममार्फत कमेडीको दुनियाँमा अलग्गै छवि बनाएका सन्दिप क्षेत्री आफूलाई हँसिलो व्यक्तिका रूपमा चिनाउँछन् । दसैं विशेष कुराकानी गर्न समय लिएपछि उनले साँझ अबेर साप्ताहिककर्मी कृष्ण भट्टराई तथा जनक तिमिल्सिनालाई झम्सिखेलस्थित एक रेस्टुराँमा बोलाए, जहाँ उनी साप्ताहिककर्मीभन्दा पहिल्यै पुगेर वीरगन्जका आफ्ना बाल्यकाल साथी शार्दूल श्रेष्ठ र प्रमोदसँग कफी पिइरहेका थिए । त्यही क्रममा उनले खानपिन, हास्यव्यंग्य तथा दसैं अनुभवका सम्बन्धमा साप्ताहिकसँग लामै कुराकानी गरे । प्रस्तुत छ, क्षेत्रीसँगको अन्तर्वार्ताको सम्पादित अंश:



■ सन्दिप क्षेत्री, कलाकार

तस्विर : महेश प्रधान

**दसैंमा कसरी रमाइलो गर्नुहुन्छ ?**
परिवारसँग भेटघाट नै हो । अहिले कामको सिलसिलामा धेरै भन्दा धेरै यात्रा गर्नुपरिरहेको छ । विवाह गरेकै पहिलो वर्षको दसैंमा विदेश जानुपर्‍यो, त्यसैले त्यो वर्ष परिवारसँग दसैं मान्न सकिएन । म प्राय: दसैंमा बाहिरै हुन्छु । यसपटक पनि नवमीसम्म उपत्यका बाहिर हुन्छु, भाग्यवश दसैंमा घर पुग्छु । पोखरा, चितवन तथा वीगन्जलगायतका ठाउँमा महिनाभरि कार्यक्रम छन् ।

**दसैंमा मासु खाने र ड्रिक्स गर्ने त होला नि ?**
मलाई ड्याडीसँग पिउँदा एकदमै रमाइलो लाग्छ । दसैंको माहोल र रमाइलो इन्सिडेन्ट हुँदा कहिलेकाहीं पिउँछु । मेरो मूल घर वीरगन्ज हो, वीरगन्जमा दसैंका बेला पनि गर्मी हुने भएकाले हामी फ्रिजभरि बियर राख्थ्यौं । अल्कोहलको एडभोकेसी गरेको होइन, दसैंमा कहिलेकाहीँ चल्छ । पाँच वर्षअघिको दसैंमा ड्याडी र मैले बियर पियौं, हाम्रो दुई-दुई बोतल एक्ट्रिम कोटा थियो, पियौं, बुवाले भोलि नपिउने एक दिन ग्याप गर्ने भन्नुभयो । भोलिपल्ट बेलुका भएपछि मैले ड्याडीलाई यसो इसारा गर्दै भनें- के छ विचार, पिउने हो त ? बुवाले पनि पिउने र ? पिऊँ न त भन्नुभयो । त्यस दिन पनि दुई बोतल पियौं । पिइसकेपछि फेरि बुवाले हिजो पनि पिइयो, आज पनि पिइयो, रेगुलर त पिउनु हुन्न यार भन्नुभयो । पर्सिपल्ट फेरि ड्याडीले रहर गरेजस्तो गरी पिउने त भन्नुभयो । हामीले त्यसैगरी दसैंभरि पियौं । यद्यपि ड्याडीले एभ्री टाइम अब ब्रेक गर्नुपर्छ भन्न छाड्नु भएन । त्यो क्षण सम्झँदा बडो रमाइलो लाग्छ ।

**अहिले कत्तिको पिउनुहुन्छ ?**
अहिले त म अकेजनल्ली मात्र पिउँछु । मलाई फेस्टिव सिजनमा अथवा कुनै पनि बेला बुवासँग बसेर मदिरा सेवन गर्ने भनेपछि छुट्टै रमाइलो लाग्छ ।

**पछिल्लो पटक बुवासँग कहिले पिउनुभयो ?**
केही दिनअघि मात्र हो । कोरियाबाट फर्कनेबित्तिकै हामी सँगै बसेका थियौं, पिऔं भन्नुभयो अनि पियौं ।

**बुवाबाहेक पिउने ग्याङ पनि छ ?**
शार्दूल भन्ने मेरो साथी छ, उसको वजन नै १ सय २० किलो छ । ऊ भात मात्र खाएर मोटो भएको होइन, खानाको एकदमै सौखिन छ । ऊसँग बसेर कहिलेकाहीं खाइन्छ । एकदम मिल्ने र सँगै बसेर खाने साथी सुबोध त्रिपाठी हो, सुबोध त परिवारको सदस्यजस्तै छ ।

**पिउनका लागि कुन ड्रिक्स बढी रुचाउनुहुन्छ ?**
तपाईंसँग खुल्ला भएर भन्छु, ह्विस्की भने बेलुका बसेर पिइदिऊँ भनेर पिउँछु । साथीभाइ जम्मा हुँदा कहिलेकाहीं एक प्याक ह्विस्की पिइदिन्छु, तर बियर पिउन भने प्रोपर इन्भाइरमेन्ट चाहिन्छ । एकदम गर्मी छ भने कुरा अर्कै हो, कि रमाइलो वातावरण हुनुपर्छ । जस्तो म पोखरा पुगें भने बियर पिउँछु, पोखरा पुग्नेबित्तिकै मलाई बियर पिउन मन लाग्छ । मलाई बियर पिउन एकदमै प्रोपर वातावरण चाहिन्छ ।

**त्यो वातावरणमा के-कस्ता कुरा हुनुपर्छ ?**
मन हलुका रमाइलो हुनुपर्छ नि । रिफ्रेस भएको फिल हुनुपर्छ अर्थात् मलाई एकदमै लाइटर मुडमा पिउन मन लाग्छ । कतिपय टेन्सन भयो भने बियर पिउँछन्, तर म टेन्सन भयो भने बियर पिउँदिनँ । मेरो साथीहरू अहिले यहाँ बियर पिइरहेका छन्, मलाई यस्तो वातावरणमा पिउन मन लाग्दैन ।

**बियरको कुनै ब्रान्ड छ तपाईंले पिउने ?**
त्यस्तो कुनै ब्रान्ड त छैन, तर नेपाली ब्रान्ड नै प्रिफर गर्छु, कार्ल्सबर्ग, टुबोर्गहरू । युरोपमासाथीभाइले ड्राफ्ट बियर स्टोर गरेर राखेका हुन्छन् । त्यसको टेष्ट नै बेग्लै हुने ।

**फेरि-फेरि खाऊँ-खाऊँ लाग्ने कुनै ब्रान्ड ?**
स्कटल्यान्डको ग्लेनफिडिक ह्विस्की सिंगल माल्ट मलाई एकदमै मन पर्छ ।

**नशामा रहँदा तपाईंलाई के गर्न मन लाग्छ ?**
एकदमै रमाइलो गर्छु । म एकदम लिमिटमा पिउँछु, मैले एक्स्ट्रा पिएँ भने ९० एमएल हो । ३०-३०-३० एमएलका तीन पेग पिउने हो । मेरा साथीहरूको सर्कलै त्यस्तो छ । मलाई पिइसकेपछि एकदम रमाइलो गर्न मन लाग्छ, मैले आजसम्म पिएर झगडा गरेको, कसैसँग मुख लागेको छैन । बरु, सम्बन्ध बिग्रिएको मानिससँग कुरा मिल्छ । म कहिल्यै एग्रेसिभ हुन्न्, पिइसकेपछि मलाई बिग्रिएको कुरा पनि सपार्न मन लाग्छ । कतिलाई सामान्य अवस्थामा सरी भन्न सकिएको हुँदैन, यस्तो बेलामा सरी भन्छु । मात्ने गरी पिउनुमा कुनै मजा छैन । तपाईंको मस्तिष्क र शरीरलाई थाहा हुनुपर्छ मैले पिएको छु भन्ने कुरा । रक्सी पिएर झगडा गर्‍यो, रिसायो रे भन्ने नमीठो अनुभव पनि छैन मसँग । खाली बेलामा बरु मलाई झडङ्ग रिस उठ्छ । रक्सी पिएका बेला कसैले रिस उठाउँदा वा प्रोभोक गर्दासमेत म रिसाउँदिनँ । म एकदम क्लोज साथीहरूसँग मात्र पिउँछु । मलाई कस्तो लाग्छ भने एकदम मन मिल्ने र एकदम सुरक्षित हुने मानिसहरूसँग मात्र पिउनुपर्छ । म एक्लै कहिल्यै पिउँदिनँ ।

**श्रीमतीसँग पिउनुभएको छैन ?**
उनी अल्कोहलिक होइनन् । उनी मासु पनि खाँदिनन्, शाकाहारी हुन् । मेरा लागि मीठो मासु पकाइदिन्छिन्, तर उनले मासु

पृष्ठ ७ मा




# जहाँ बलि दिइन्छ

शक्तिको पूजामा विश्वास गर्ने शाक्त समुदायमा बलि प्रथा हजारौं वर्षदेखि चलिआएको छ । देवपूजा, पितृपूजा र विशिष्ट अतिथिको सत्कारमा बलि दिने परम्परा छ । महाकाली शक्तिकी अधिष्ठात्री देवी भएकीले बलि आवश्यक भएको शास्त्रीय मान्यता छ । बलि पनि तीन प्रकारका हुन्छन् । सात्विक बलि, राजस बलि तथा तामस बलि । चन्दन, अक्षता, फूल, अर्घ्य, पञ्चामृत एवं पायसले पूजा गर्ने विधिलाई सात्विक बलि भनिन्छ । सात्विकका साथै पशुपक्षीको रगत, मासु दिएर सन्तुष्ट गराउने विधिलाई राजस बलि भनिन्छ । सात्विक र राजस दुबै विधिसहित रक्सीसमेत चढाएर दिइने बलिलाई तामस बलि भनिन्छ । गुह्येश्वरी मन्दिरमा तामस विधिबाट बलि दिने परम्परा छ । दुर्गापक्षमा देवी स्थापना गरिएको स्थानमा विधिपूर्वक पशुमुक्तिका लागि भनेर संकल्प र प्रार्थना गरी पशुबलि दिने चलन छ । नेपालमा विशेषगरी बडादसैंका अवसरमा देवीका मन्दिरहरूमा बलि दिइन्छ । तैपनि परम्परागत रुपमा नेपालमा केही त्यस्ता मन्दिर छन् जहाँ बलि दिने आफ्नै किसिमका परम्परा एवं मान्यता छन् ।



■ त्रिपुरासुन्दरी मन्दिर, डोल्पा

## गढीमाई

बारा जिल्लाको प्रसिद्ध शक्तिपीठ हो– गढीमाई मन्दिर । बाराको सदरमुकाम कलैयाबाट झन्डै ८ किलोमिटर पूर्व बरियारपुरस्थित गढीमाईको मेला हरेक पाँच–पाँच वर्षमा मार्ग शुक्ल सप्तमीदेखि आरम्भ हुन्छ । यो पीठमा भारतीय दर्शनार्थीहरू ठूलो संख्यामा उपस्थित हुन्छन् । बरियारपुरको खुल्ला चउरमा राखिएको त्रिशूलबाट मानिसका शूल रूपी तीन ताप आध्यात्मिक, आदिदैविक तथा आदिभौतिक नाश हुन्छन् भन्ने जनविश्वास छ । त्रिशूल स्थापना भएको दक्षिणतिर हाल देवीको मूर्तिसहितको मन्दिर छ । मन्दिरबाट पूर्वदक्षिणतर्फ पीपलबोटसँगै ब्रह्माको स्थान छ । पूर्वतिर रहेका ब्रह्मास्थलबाट मार्ग शुक्ल सप्तमीका दिन सरसफाइ लिपपोत गरी गढीमाईलाई स्वागत गर्दै पाँच दिनसम्म लामो पूजा गरिसकेपछि अरूका लागि दर्शन खुला गरिन्छ । गढीमाईका पूजारी थारू जातिका छन् । गढीमाईको पूजाका क्रममा कङ्कालीमाई, जाखिनमाई तथा भक्तिमाईको पनि पूजा गरिन्छ । यतिबेला गढीमाईका बहिनीहरू कटबासीमाई, कंकालीमाई, मनकामना, संसारी, साम्ये, राजदेवी, गढवाडा, जोरलाही, वनशक्ति आदिको समेत पूजा गरिन्छ ।

## छिन्नमस्ता

छिन्नमस्ता भगवतीको मन्दिर सप्तरीको राजविराजबाट दक्षिण सीमावर्ती क्षेत्र सखडा गाउँमा अवस्थित छ । छिन्नमस्ता भगवती मनोकामना पूरा गर्ने शक्तिपीठहरूमध्ये एक पीठ मानिन्छ । नेपाल तथा भारतका आमजनमानसमा छिन्नमस्ता भगवतीप्रति ठूलो आस्था छ । यो मन्दिर सप्तरी सदरमुकाम राजविराजबाट १० किलोमिटरको दूरीमा पूर्वतर्फ कोसी नदीको किनारमा अवस्थित छ । भारतीय सीमा नजिक रहेको यो मन्दिरमा हिन्दूहरूको महान् चाड दसैंमा ठूलो घुइँचो लाग्छ । यहाँ बोका बलि दिइन्छ । उक्त क्षेत्रका प्रायःजसो हिन्दू साना–ठूला सवारी किन्दा चोख्याउन यही ठाउँलाई रोज्छन् । सिम्रौनगढका राजा शुक्रसिंह देवले आफ्नो कुल देवी शुक्रेश्वरीको स्थापना गरी मन्दिर बनाएका थिए । राजा शुक्र सिंह अपभ्रंश हुँदै उक्त गाउँको नाम सखडा रहेको हो । तीन दशक पूर्वसम्म सखडा भगवतीलाई सखडेश्वरी भगवतीका रूपमा पनि पूजा गरिन्थ्यो । मन्दिरभित्र मूल देवीका रूपमा भगवतीको कालो रङको बुट्टे मूर्ति छ । उक्त मूर्तिको पाउतिर राँगाको काटिएको टाउको ढुङ्गामा कुँदिएको छ । मूल मूर्तिको देब्रेपट्टि दक्षिणकाली र महिषमर्दिनी तथा दाहिनेतिर चामुण्डा भैरवी र त्यस्तै कालो रङको अर्को प्रस्तर मूर्ति छ । ती मूर्तिलाई पञ्चभगिनी पनि भनिन्छ । पूजा समितिले त्यहाँ वर्षका चारवटै नवरात्रमा ५६ प्रकारका परिकार बनाई मध्यरातमा पूजा गर्दै आएको छ । यहाँ पूजा गर्दा केही विघ्नबाधा उत्पन्न हुन थालेपछि भगवतीको सिंहासनमा एउटा जन्तर राखी महाअष्टमीको राति तान्त्रिक विधिद्वारा पूजा गरिन्छ । यहाँ बलि दिँदा निस्किएको रगतमा झिङ्गा नबस्नु, लुगामा रगत लागे पनि दाग नबस्नु, रगत पोखरीको पानीमा मिसिदा रातो नहुनु, बलि दिने नाममा राखिएका बोकालाई केही नहुनु, बलिका लागि भनेर किनिएका पशुलाई कुकुर वा स्यालले टोकेको छ भने मन्दिर नपुग्दै मर्नु आदि आश्चर्यजनक लक्षण देखिँदै आएको बताइन्छ ।

## तलेजु भवानी

तलेजु भवानीको मन्दिर काठमाडौं दरवार क्षेत्रमा अवस्थित एउटा प्रसिद्ध मन्दिर हो । मल्लकालमा निर्मित यो ऐतिहासिक मन्दिर वर्षको १ पटक दसैंको महानवमीका दिन मात्र सर्वसाधारणका लागि खुल्ला गरिन्छ । यो मन्दिरमा महानवमीको अघिल्लो रात अर्थात् कालरात्रिमा मन्दिरका गुठियारहरू तथा तत्कालीन दरबारको नाममा गुठी संस्थानले विशेष पूजा गरी बलि दिने चलन छ । अहिले राजतन्त्र नरहे पनि गुठी संस्थानले बलि पूजालाई भने निरन्तरता दिइरहेको छ । यो मन्दिरमा मध्यरातमा मात्र बलि दिइन्छ । उक्त बलि पूजामा मन्दिरका गुठियार एवं गुठी संस्थान बाहेक अन्य श्रद्धालु सहभागी हुन पाउँदैनन् ।

## लमजुङ कालिका

लमजुङ कालिका मन्दिरमा वि.सं. १५५० सालदेखि राजाको नाममा पूजाआजा गरिँदै आएको थियो । अहिले नेपालमा गणतन्त्र स्थापनापछि जनताको नाममा पूजाआजा गर्न थालिएको छ । यो मन्दिरमा बडादसैं र चैते दसैंमा सरकारका तर्फबाट राँगा, बोका, भेडा, कुखुरा, परेवा, हाँस तथा सुँगुरको बलि दिने परम्परा छ । यहाँ बडादसैंका अवसरमा घटस्थापनादेखि १० दिनसम्म पूजाअर्चना गरिन्छ । त्यस्तै चैतेदसैंमा चैत्र शुक्ल प्रतिपदादेखि ८ दिनसम्म विशेष पूजा गरिन्छ । कालिका मन्दिरमा चैते दशैंमा अष्टमीको दिन तथा बडादसैंमा फूलपाती र महाअष्टमीको दिन विशेष पूजापाठ हुन्छ । विशेष गरी यी दिनहरूमा मानिसहरूले आफ्नो मनकामना पूरा होस् भनेर पञ्चबलि, बोका, परेवा तथा कुखुराको बलि चढाउँछन् । यसअघि यो मन्दिरको प्रसाद राजालाई पठाइए पनि गणतन्त्र स्थापनापछि राष्ट्रप्रमुखका हैसियतले राष्ट्रपतिलाई पठाउन थालिएको छ । तत्कालीन घले राजाद्वारा गरिएको राजकाजप्रति असहमति जनाउने खजे दुरा, कुसुमाकर घिमिरे, चामु धिंगाल तथा लक्ष्मण दुराले कास्कीबाट कुलमण्डन शाहका छोरालाई ल्याई १५५० सालको असार १५ गते पहिलो पटक राजाको नाममा यो मन्दिरमा पूजाआजा शुरू गरेको इतिहास छ ।

## गोरखा कालिका

गोरखा कालिकामा हरेक वर्ष बडादसैंको अष्टमीका दिन बलि चढाइन्छ । यहाँ दैनिक नित्य पूजाआजा तथा भजन कीर्तन हुन्छ । कालिका र गुरु श्री गोरखनाथलाई हिन्दूहरूको आराध्य वा नेपालको राष्ट्रदेवता मानिन्छ । नेपाली सिक्कामा पनि श्री भवानी र श्री श्री श्री गोरखनाथ लेखिएको पाइन्छ । द्रव्य शाहले गोरखा विजयपछि आफ्नो इष्ट देवीका रूपमा लमजुङमा रहेकी लमजुङ कालिकालाई गोरखामा समेत स्थापना गरेका थिए । यो मन्दिर बडादसैंको अष्टमी र अन्य अष्टमी तिथिमा मात्र खुल्छ । काठमाडौंमा भित्र्याइने फूलपाती यही मन्दिरबाट ल्याइन्छ ।

## दन्तकाली मन्दिर

दन्तकाली मन्दिर धरानको विजयपुर डाँडाको मध्य भागमा अवस्थित छ । मध्यकालतिर कालिकाका नामले चिनिने यो मन्दिर भगवान् शिवले सतीदेवीको मृतशरीर बोकेर हिँड्दा सतीदेवीको दन्तपतन भई शक्तिपीठका रूपमा स्थापित भएको मानिन्छ । दन्तकाली मन्दिरमा सतिदेवीका दाँतको प्रतीक स्वरूप एउटा कालो प्रस्तरको पूजाआजा गरिन्छ । यो मन्दिरमा बोका, राँगा आदि बलि दिने चलन छ । नेपाल एकीकरण पूर्व विजयपुर राज्यका सेन वंशी राजाहरूको इष्टदेवीका रूपमा पुजित यो शक्तिपीठको महिमा सदाकाल उस्तै छ । दन्तकाली क्षेत्रमा दसैंको नौरथामा मेला लाग्छ । यतिबेला धरान बजारका प्रायः सबै मानिस दन्तकालीमा पुग्छन् ।

## दक्षिणकाली

दक्षिणकाली मन्दिर राजधानी काठमाडौंबाट दक्षिण भेगमा करिब १७ किलोमिटरको दूरीमा छ । यो कालीदेवीको मन्दिर राजा प्रताप मल्लले निर्माण गराएका हुन् । ऐतिहासिक महत्वको यो मन्दिर चारैतिर हरियालीले सजिएको दुई नदीको दोभानमा छ । यो मन्दिरमा कालीको मूर्तिबाहेक अन्य देवी–देवताका मूर्तिसमेत छन् । दसैंमा यहाँ विशेष मेला लाग्छ । दसैंको नवरात्रीमा यहाँ हाँस, कुखुरा, राँगो तथा बोकाको बलि दिइन्छ । शाहवंशीय राजाहरू प्रत्येक वैशाखमा आफ्नो देवाली मनाउँथे ।

## पलाञ्चोक भगवती

पलाञ्चोक भगवतीको मन्दिर काभ्रे जिल्लाको साठीघर भगवती गाविसमा अवस्थित छ । काभ्रेको पाँचखालबाट ७ किलोमिटर पूर्वस्थित यो मन्दिर लिच्छवीकालिन राजा मानदेवले आफ्नी आमाको सम्झनामा निर्माण गर्न लगाएका हुन् । शिल्पकलाको दृष्टिले पलाञ्चोक भगवतीको मूर्ति अद्वितीय मानिन्छ । बडादसैं तथा चैते अष्टमीका अवसरमा यो मन्दिरमा विभिन्न समुदायका मानिसले आ–आफ्नो गच्छेअनुसार कुखुरा, हाँस, बोका आदि बलि चढाउँछन् । यो मन्दिरमा बडादसैंमा मात्र नभै अन्य अवसरमा समेत बलि पूजा गर्नेहरूको घुइँचो लाग्छ ।

## पाथीभरा

पाथीभरा ताप्लेजुङ जिल्लास्थित प्रसिद्ध तीर्थस्थल हो । हिन्दू एवं बौद्धहरूको महत्वपूर्ण धार्मिक स्थल मानिन्छ । ताप्लेजुङ जिल्लाको सदरमुकाम फुङ्गलिङबाट १९ दशमलव ४ किलोमिटर पूर्वउत्तरतर्फ ३ हजार ७ सय ९४ मिटर उचाइमा अवस्थित छ । पाथीभरा पहाडको शिखरमा (टुप्पोमा) देवीको उत्पत्तिस्थल भएकाले यी देवीको नाम पाथीभरा रहेको बताइन्छ । ताप्लेजुङका रैथाने लिम्बूहरू पाथीभरालाई मुक्तुवुङ भन्छन् । लिम्बूभाषामा मुक्तुको अर्थ शक्ति वा बल, वुङको अर्थ बोट हो, अर्थात् लिम्बू जातिले पाथीभरालाई शक्ति वा बलको स्रोत मान्छन् । पाथीभरा देवीलाई दैनिक सयौं भेडा, बोका, पाठी आदि बलि चढाइन्छ । यहाँ बलि चढाउँदा बलिस्थलमै रगत हराएको जो–कोही दर्शनार्थीले प्रत्यक्ष देख्न सक्छन् ।

## त्रिपुरासुन्दरी

डोल्पाका धार्मिक सम्पदाहरूमध्ये श्रीबाला त्रिपुरासुन्दरी मन्दिर पनि एक हो । यो मन्दिरको पृथक् धार्मिक महत्व छ । मन्दिरको पूर्वतर्फ सुन्दरी गंगा, पश्चिमतर्फ ताम्रवर्णी नदी, उत्तरमा मुकुटेश्वर हिमाल, दक्षिणमा भैरवी गंगा आदि प्रसिद्ध तीर्थस्थलहरू छन् भने बीचको टाकुरामा मन्दिर छ । श्री महादेवले सतीदेवीको मृत शरीर बोकेर पृथ्वी भ्रमण गर्ने क्रममा यहाँ सतीदेवीको ढाड पतन भएको विश्वास गरिन्छ । यो मन्दिरको पूजाआजा व्यवस्थापन नौ घर पूजारीले वर्षैपिच्छे पालैपालो गर्दै आएका छन् ।

## खैराबाङ भगवती

सल्यानको खैराबाङ भुवनेश्वरी मन्दिर समुन्द्री सतहबाट १ हजार ६ सय फिट अग्लो पहाडमा अवस्थित छ । सल्यानको सदरमुकाम खलंगादेखि १६ किलोमिटर पश्चिम–दक्षिण हिवल्याको खैराबाङमा पर्छ । सल्यानको व्यापारिक केन्द्र शीतलपाटीबाट दुई घण्टा तथा सदरमुकाम खलंगाबाट साढे दुई घण्टामा खैराबाङ मन्दिर पुग्न सकिन्छ । खैराबाङ भुवनेश्वरी मन्दिरमा शुक्लपक्ष, मंगलबार र शनिबार विशेष घुइँचो लाग्छ भने शुक्लपक्ष अष्टमी, नवमी तथा चतुर्दशीमा विशेष पूजा हुन्छ । चैत्र शुक्लपक्ष र आश्विन शुक्लपक्षमा १५ दिन भक्तजनको घुइँचो लाग्छ । भवानी भुवनेश्वरीले मनले चित्ताएको मनोरथ (मनकामना) पूरा गर्ने विश्वासका साथ यहाँ बलि चढाइन्छ भने बाहमण–क्षेत्रीहरूले मन्दिर वरिपरि चण्डीपाठ गर्ने चलन छ ।

# हँसाउनभन्दा...

पृष्ठ ५ बाट

चाखेकी पनि छैनन्, उनी पूर्ण रूपमा शाकाहारी हुन्।

**मासु कत्तिको रुचाउनुहुन्छ ?**

एकदम रुचाउँछु। मलाई मासु मन पर्छ।

**कुन मासु बढी मन पर्छ ?**

आमाले गाली गर्दा मेरो मासु खा भन्नुहुन्थ्यो होइन ....हा हा हा.... तर होइन। मलाई खसीको मासु नै मन पर्छ।

**दसैंमा मासु कत्तिको खाइन्छ ?**

म त्यस्तो धेरै मासु पनि खाँदिनँ। शार्दुल श्रेष्ठ मेरो स्कुल, कलेजदेखिको साथी हो, ऊ मासुको एकदम सौखिन छ, उसले हिजो मात्र मलाई वीरगन्जको प्रोपर सेकुवा पाउने ठाउँ रहेछ कालीमाटीमा, त्यहीं लिएर गएको थियो। उसलाई काठमाडौंमा लोकल परिकारहरू कहाँ-कहाँ पाइन्छ सबै थाहा छ। प्रोपर सेकुवा र वीरगन्जतिर द्रिप्याजिया भनिने मासु र प्याज बराबर भएको आइटम खायौं। मलाई धेरै होइन, सधैं खाइरहनुपर्ने तर थोरै भए पनि हुने हो मासु। मासुको ग्रेभी र मटकटिया सबैभन्दा बढी मनपर्ने आइटम हो। मटकटिया वीरगन्जको निकै राम्रो परिकार हो।

**भनेपछि खानपिनको सौखिन नै हुनुहुन्छ ?**

हो मेरा साथीसंगातीहरू नै खानपिनमै रमाउने खालका छन्। हामी आधुनिक परिकारभन्दा पनि लोकल खानेकुराको मज्जा लिन रमाउँछौं। चना, भुजा, पकौडा खाएर हुर्किएको मलाई ती चीज अझ बढी मन पर्छन्। मलाई पिज्जाभन्दा बढी प्याजी मन पर्छ।

**मानिसलाई फ्याट्ट हँसाइहाल्नुहुन्छ ? कहाँबाट आउँछ त्यस्तो खुराक ?**

हामी बडा हँसिला मानिस हौं। त्यसैले म फेसबुकमा मिस्टर ह्याप्पी लेख्छु। मेरो सर्कलमा म जस्तै हँसिला मानिसहरू छन्। म आफैं पनि हाँस्नुपर्ने, रमाइलो गर्नुपर्ने, त्यसैले कहाँबाट आउँछ भन्दा हामी जेमा पनि ह्युमर देख्छौं। त्यो एउटा पर्सेप्सन रहेछ, किसानले एउटा काउली देख्यो भने त्यसमा तरकारी देख्छ, व्यापारीले देख्यो भने प्रोडक्ट देख्छ, सेफले त्यसमा परिकार देख्छ, भोजन गर्ने मानिसले त्यसलाई खानाका रूपमा हेर्छ, हामी ह्युमरस देख्छौं। हाम्रो पर्सेप्सन नै ह्युमरस हुन्छ।

**मिठाइलाल क्यारेक्टर कसरी सिर्जना भयो ?**

तराईको क्यारेक्टर हो। त्यो सिर्जना गर्न मेहनत नै गर्नु परेन, किनभने हामी आफैं तराईका मानिस हौं। त्यहाँको लवज, बोलीबचन, सोच सबै थाहा छ। हामी तराईका मानिस जति पनि छौं, एकदमै इमोसनल हुन्छौं। हामी दोस्ती पनि इमान्दारीपूर्वक निर्वाह गर्छौं, दुस्मनी पनि बडो इमान्दारीपूर्वक निर्वाह गर्छौं। हामी प्रेम भाव भएका मानिस हौं, सफ्ट कर्नर भएका मानिस हौं। हाम्रै क्षेत्रमा अन्यत्र कहीँबाट नजितेका कृष्णप्रसाद भट्टराईलाई जिताएर प्रधानमन्त्री बनायौं। कहीँकतै तराईको आवाज दबाइएको थियो, त्यसलाई कसरी प्रतिनिधित्व गर्ने भनेर मिठाइलाल क्यारेक्टर मीठो तरिकाले सत्य बोल्ने मानिस रूपमा खडा गरेका हौं। इनोसेन्ट भैसकेपछि तपाईंले जे पनि बोल्न पाउनुहुन्छ, जान्ने टोपलेर बोल्नुभयो भने तपाईंको गल्ती मानिन्छ। यद्यपि इनोसेन्टली तपाईं जे पनि सोध्न सक्नुहुन्छ। हामी तराईको दबिएको आवाज समेटेर एउटा मीठो तरिकाले बोलिदिने क्यारेक्टर खोजिरहेका थियौं, त्यसै क्रममा मीठो बोल्ने भएकाले मिठाइलाल नाम राखियो। हाम्रो गाउँमा मिठाइलाल भन्ने व्यक्ति पनि छ। तराई आन्दोलन भैरहेका बेला मिठाइलाल क्यारेक्टर बढी चर्चामा आयो। ब्यालेन्स गर्दै अघि लगेपछि सबैले रुचाए।

**तपाईंले मिठाइलाल यति लोकप्रिय होला भन्ने सोच्नुभएको थियो ?**

म कहिल्यै यो कुरा यस्तो होला भन्ने सोचेर गर्दिन। प्रत्येक चीज मैले इन्जोय गर्दै गरेको छु। म आफ्नो अन्तर्वार्ता आफैंले धेरै पटक लिइसकेको मानिस हुँ। अहिले दुई चार जना मानिसले चिन्नुहुन्छ, एक-दुई देश घुमेको छु वाह गज्जब भएछ भन्ने फिल हुन्छ, तर मैले यो चीज पहिले नै फिल गरिसकेको थिएँ। मैले कलाकार बन्छु भन्ने सोचेको थिएँ, सफलता र असफलतालाई मैले कहिल्यै नापिनँ। मलाई टेलिभिजनमा कार्यक्रम गरेर विदेश गइन्छ भन्ने लागेकै थिएन। टेलिभिजनमा कार्यक्रम गर्न मात्र पाए हुन्थ्यो, त्यसले तलब नदिएपनि हुन्छ भन्ठान्थे। सुरुमा नेशनल टेलिभिजनमा चार वर्ष रहँदा टेलिभिजनका सम्बन्धमा निर शाह, दुर्गानाथ शर्माजस्ता व्यक्तित्वहरूसँग सिक्ने मौका पाएँ। त्यो टिभी बन्द भएपछि बेरोजगारजस्तै भइयो केही समय। त्यसपछि तराई टेलिभिजनमा केही समय काम गरे, त्यहाँबाट कान्तिपुर टेलिभिजनमा आएँ।

**कार्यक्रममा शब्दको पन्च हान्नुहुन्छ, रियलमा तपाईंलाई कसैले त्यसैगरी पन्च हान्दैनन् ?**

हान्छन् साथीभाइहरूले, उनीहरूका लागि म कलाकार नै होइन। साथीहरूले दुई रुपैयाँको पनि गन्दैनन्, म पनि साथीहरूका अगाडि कहिल्यै आफूलाई कलाकार मान्दिनँ।

**घरपरिवारमा तपाई कत्तिको हँसाउनुहुन्छ ?**

घरपरिवारमा त मेरो औकात नै छैन, भगवान कसम। हँसाउने कोसिस गर्छु, सबैजना हँसिला छन्, मेरो परिवार नै मेरो पहिलो अडियन्स हो। घरपरिवारबाट विहान उठेदेखि पन्च आउँछ। उठ्ने बित्तिकै दूध लिएर आइज भन्ने आदेश आउँछ। दूध ल्याउनेदेखि छोरीलाई स्कुल छाड्नेसम्मका यावत् काम म आफैं गर्छु। मैले सिम्पल जानेको कुरा तपाईं भित्रबाटै खुसी हुनुहुन्न भने तपाईंले कहिल्यै अरूलाई खुसी दिन सक्न हुन्न। त्यसैले भित्रबाट खुसी भए मात्र बाहिर खुसी दिने हो, तर खुसी केमा हुने कसरी हुने त्यो आ-आफ्नो कन्डिसन हो। म हँसाउनभन्दा पनि एकदम हाँस्न मन पराउने मानिस हुँ।

हँसाउने कोसिस गर्छु, सबैजना हँसिला छन्, मेरो परिवार नै मेरो पहिलो अडियन्स हो । घरपरिवारबाट विहान उठेदेखि पन्च आउँछ । उठ्ने बित्तिकै दूध लिएर आइज भन्ने आदेश आउँछ । दूध ल्याउनेदेखि छोरीलाई स्कुल छाड्नेसम्मका यावत् काम म आफैं गर्छु । मैले सिम्पल जानेको कुरा तपाईं भित्रबाटै खुसी हुनुहुन्न भने तपाईंले कहिल्यै अरूलाई खुसी दिन सक्न हुन्न । त्यसैले भित्रबाट खुसी भए मात्र बाहिर खुसी दिने हो, तर खुसी केमा हुने कसरी हुने त्यो आ-आफ्नो कन्डिसन हो । म हँसाउनभन्दा पनि एकदम हाँस्न मन पराउने मानिस हुँ ।

**तीजको अवसर पारेर तपाईंले महिलाहरूमाथि बनाउनुभएको एउटा भिडियो भाइरल भयो ? त्यस्तो कन्सेप्ट कसरी आउँछ ?**

ए बाबा ! महिलाको क्यारेक्टर बनाउन अध्ययनै गरिरहनुपर्दैन, पीडित पुरुषहरूलाई अध्ययन गरे भैहाल्यो नि। हामी सबै पुरुषको जीवनमा एउटा न एउटा त्यस्तो घटना घटेको छ। मसँग त अहिले विवाहित पुरुषहरूको ब्रान्ड एम्बेसडर जस्तो व्यवहार गरिरहेका छन्। सबैको व्यथा मैले बोलिदिनुपर्ने अवस्था छ।



तस्बिर : नवराज वाले

**त्यो पीडित पुरुषहरूको प्रतिनिधिमूलक कार्यक्रम थियो। त्यस्ता कथा सुनाउने पुरुषहरू पनि आए कि ?**

सुनेरै मैले त्यो कार्यक्रम तयार पारेको हो। मलाई के लाग्छ भने पुरुषका कारण श्रीमतीलाई दुःख भयो भने त्यो ठूलो अपराध हो। मैले मेरी श्रीमतीलाई अझ धेरै माया गर्न थालेको मेरी छोरी जन्मिएपछि हो, मैले आफ्नी छोरीलाई जसरी हुर्काइरहेको थिएँ, त्यसैगरी उनका बुवाले पनि उनलाई हुर्काएका होलान् भन्ने लाग्यो, त्यसपछि श्रीमतीसँगको मेरो एट्याचमेन्ट नै छुट्टै भयो। हामीलाई कसरी हुर्काइयो भने श्रीमतीले केही भन्यो, प्रताडित बनायो भने पनि भैगो नि त भनेर बस्नुबाहेक केही उपाय छैन। एउटी श्रीमतीलाई श्रीमानले पिट्यो भने मलाई श्रीमानले पिट्यो भनेर उजुरी हाल्न जान्छन्, श्रीमतीले श्रीमान्लाई पिट्यो भने थुक्क लाछी श्रीमतीको पिटाइ खाने तँ भनेर उल्टै गाली गर्छन्। हामीले कहाँ जाने ?

**श्रीमतीहरू किन किचकिचे हुँदा रहेछन् ?**

मैले श्रीमतीका बारेमा अध्ययन गर्दै जाँदा के पाएँ भने श्रीमतीको अल्टिमेट विश्वासपात्र श्रीमान् मात्र हुँदो रहेछ। अनि श्रीमतीहरूलाई मेरो मानिस कसैले लगिदेला कि भन्ने इनसेक्युरिटी, केही बिग्रिएला कि भन्ने चिन्ता हुन्छ, यो उनको माया पनि हो। किनभने, आफ्नो परिवार छोडेर आउने बेलामा उनी सासु-ससुरा भनेर आएकी हुन्नन्, मेरी नन्द कति राम्री भनेर पनि आएकी हुन्नन्, नितान्त जुन मानिससँग विवाह गरेर गैरहेकी हुन्छिन्, त्यो एक्लो मानिसलाई मात्र देखेकी हुन्छन्। त्यसैले जोसँग बढी अपेक्षा हुन्छ, त्यहीसँग बढी पीडा हुन्छ। श्रीमतीले सबैभन्दा अपेक्षा गर्ने भनेको आफ्नो श्रीमानसँग नै हो। जहाँ अपेक्षा हुन्छ, त्यहाँ खुसी हुँदैन भनिन्छ। आशा भएपछि निराशा हुने सम्भावना उत्तिकै हुन्छ। आशा र अपेक्षा नै नभएको सम्बन्ध मीठासपूर्ण हुन्छ। त्यसपछि उनीहरू सानो-सानो कुराका किचकिच गर्न थाल्छन्। त्यसैले पुरुषले ती साना-साना अपेक्षाहरू सकेसम्म पूरा गर्ने प्रयास गर्नुपर्छ।

**उक्त कार्यक्रमपछि महिलाहरूबाट आलोचनात्मक प्रतिक्रिया आएनन् ?**

आए, महिला मित्रहरू भन्नुहुन्छ, तपाईं केटीमानिसलाई अति पेल्ने। मेरो जवाफ पनि कडै हुन्छ- तपाईंहरूले घरमा लोग्नेलाई पेल्न हुने, हामीले कार्यक्रममा व्यंग गर्न नहुने ? केटाहरू एकदमै खुसी हुन्छन्, हेर क्या बोल्या छ यसले भनेर। उनीहरूले बोल्न नसकेको कुरा मैले बोल्दिरहेको हुन्छु।

**पहिले र अहिलेको दशैंलाई कसरी सम्झनुहुन्छ ?**

पहिले दसैं साह्रै रमाइलो, छुट्टै मिठास। पहिले मेरो दसैं अक्सर मामाघरमा बित्थ्यो। एकपटक दसैंमा मैले २ सय ५० रुपैयाँ दक्षिणा पाएको थिएँ। घरमा पैसा राखेर अरूलाई ढोग्नुपर्ने, मामाघरमा टिका लगाएपछि पैसा पाइने। आठ वर्षजतिमा २ सय ५० रुपैयाँ दक्षिणा पाएपछि मलाई त्यो दक्षिणा यति भारी भयो कि यति नोट के गरूँ, बाल्दिऊँ की क्या हो भन्ने भयो। पहिलेदेखि नै म घडीको एकदमै सौखिन, त्यो बेला टिकटिके घडि पाइन्थ्यो। त्यो २ सय ५० रुपैयाँले मैले घडी किनेँ। त्यो घडी लगाइसकेपछि आतंक भएन त ? म को-को न हुँ भन्या जस्तो भयो। हातमा घडी लगाएर बसेको तीन घण्टा भैसक्यो, कसैले टाइम सोध्दैनन्। कसैले टाइम नसोधिदिएपछि डिप्रेसनै भएँ नि म। घडी लगाएको के महत्व भयो त ? घडी लगाएको छु, कसैले टाइम नसोधेपछि मैले गएर मामालाई भने, 'यार मामा कसैले टाइम नै सोध्दैनन्। म बच्चैदेखि चकचके, मामालाई फिल भएछ अनि मामाले मेरो मन राख्न भएपनि बेला-बेलामा टाइम सोध्न थाल्नुभयो, 'भान्जा कति बज्यो ?' म भन्ये, 'एट थर्टिसिक्स, नाइन ट्वान्टी फाइभ।' यति भन्न पाउँदा मलाई साह्रै खुसी लाग्ने। अहिले त्यो चिज कहाँ पाउनु ? अहिलेको दसैं सबैलाई खुसी पार्नुपर्ने दसैं। अरू खुसी भएको देखेर आफू खुसी हुने दसैं। पहिलेको त्यो खुसी अहिले हामी आफ्ना बालबच्चामा हेर्ने प्रयास गर्छौं। अहिले पनि मेरी आमाले दसैंमा मलाई लुगा किनिदिनुहुन्छ। आमाले मेरा लागि बच्चैदेखि किनिदिइहनुभएको, उहाँका लागि त म केही पनि होइनन नि त। न सेलिब्रेटी हुँ, न केही हुँ, केवल छोरा मात्र त हुँ। अहिले पनि मलाई दसैंमा आमाले सपिङ गर्न लानुहुन्छ। अहिले पनि हाम्रोमा दसैंमा सबैलाई एकजोर नयाँ लुगा किनि दिनुपर्ने चलन छ, त्यसमा मिठास पनि छ। त्यो उमेरका लागि त्यो दसैं राम्रो अहिलेको उमेरमा यो दसैं राम्रो। अहिले टिकटिके घडि लगायो भने त बर्बाद भैहाल्यो नि !




# महाकाली

दोस्रो नेपाल मेकअप प्रतियोगिताकी सहभागी मेकअप आर्टिस्ट कञ्चन राईले मोडल सबिनालाई महाकालीको यो रूपमा प्रस्तुत गरेकी हुन् । कालीको रूप दिन कञ्चनले कलरफुल कन्सिलरबाट कालो तथा नीलो कलरले सबिनाको अनुहारदेखि शरीरको देखिने भागसम्म बेस मेकअप गरेकी छिन् । रातो कलरको स्याडोले निधारदेखि ओठसम्म मेकअप गरी थर्ड आई, नाक एवं ओठमार्फत कालीको रूपलाई मूर्त रूप दिइएको छ । यसमा सेतो कलरले निधारको आँखा बनाइ ल्याइसेस लगाइएको छ । देवीको स्वरूपलाई अन्तिम रूप दिन शिरमा क्राउन, राक्षसको टाउको तथा कागतीको माला एवं गोल्ड ज्वेलरीहरू प्रयोग गरिएको छ ।

**मेकअप आर्टिस्ट** : कञ्चन राई
**मोडल** : सविना भेले
**मेकअप समय** : डेढ घण्टा
**तस्बिर** : महेश प्रधान

सिर्जना दुवाल श्रेष्ठ



केवल एक प्रश्न

# दसैंको दक्षिणाले किनेको महत्वपूर्ण कुरा के हो ?

पहिले-पहिले मलाई दसैंको दक्षिणा लिन लाज लाग्थ्यो । म आफूले पाएको दक्षिणा धेरैजसो ममीलाई दिन्थें । केही पैसाले आफूलाई आवश्यक सामान किन्थें । त्यसमध्ये मैले दसैंको दक्षिणाबाट एउटा नोट बुक किनेको याद छ ।

**टिका प्रसाई, गायिका**

अहिलेसम्म दसैंमा पाएको दक्षिणाले त्यस्तो केही किनेको सम्झना छैन । त्यो पैसा त तास खेलेरै सिध्याउँछु ।

**आँचल शर्मा, अभिनेत्री**

सानो छँदा दसैंको दक्षिणा जम्मा गरेर कपडा किन्थें । पछि अलि ठूली भएपछि मैले दक्षिणाको पैसाले सुनको सिक्री बनाएकी थिएँ ।

**अनिता चलाउने, गायिका**

दसैंको दक्षिणाले मैले किनेको महत्वपूर्ण कुरा एउटा कुखुराको चल्ला हो, त्यो पोथी रहेछ । त्यो कुखुरीले यति धेरै अण्डा दियो कि बयान गरी साध्य छैन ।

**राजनराज शिवाकोटी, गायक तथा संगीतकार**

मैले यू क्यान विन पुस्तक किनेर पढेको थिएँ । अहिले त्यही पुस्तकले देखाएको बाटोमा हिँडिरहेको छु ।

**दिपेश कार्की, मोडल**

मैले दसैंमा पाएको दक्षिणाले पहिलो पटक मासु किनेकी थिएँ ।

**पूर्णिमा लामा, अभिनेत्री**

सानै हुँदाको कुरा हो । मैले मामाघरमा कति दक्षिणा पाएको थिएँ, त्योचाहिं याद छैन तर मैले त्यो पैसाले सिधै चलचित्र हलमा गएर चलचित्र ढुकढुकीको टिकट किनेको थिएँ ।

**मुस्कान ढकाल, निर्देशक**

बाल्यकालको दक्षिणा चकलेट खाएरै सकिन्थ्यो । गत वर्षको दसैंमा १२ सय जति दक्षिणा उठेको थियो । त्यो पैसा फिल्मको टिकट किन्दैमा सकियो । पछि पपकर्न खाने पैसा चाहिं आफैंले हाल्नुपर्‍यो ।

**निर्जन थापा, मोडल**

दसैंमा दक्षिणाभन्दा धेरै आशीर्वाद पाएर होला मेरो त दक्षिणा नै ओझेलमा पर्‍यो । त्यसैले त्यस्तो महत्वपूर्ण कुरा किनेको सम्झना छैन । अलिकति भएको दक्षिणा साथीहरूसँग खादैमा ठिक्क हुन्थ्यो ।

**सुशीला गौतम, गायिका**

मैले दसैंमा पाएको दक्षिणाले ममीलाई कपडा किनिदिएकी थिएँ ।

**जाङमु इन शेर्पा, मोडल**

म सानो छँदा जहिले पनि दसैंको दक्षिणाबाट ककवाला पेस्तोल किन्थें । मलाई आर्मीमा भर्ती हुने ठूलो इच्छा थियो, तर चलचित्रमा आएँ ।

**विनोद न्यौपाने, अभिनेता**

मैले दसैंमा पाएको दक्षिणाले पहिलो पटक ५ सय रुपैयाँको साइन्टिफिक क्यालकुलेटर किनेको थिएँ ।

**कालीप्रसाद बाँस्कोटा, गायक तथा संगीतकार**

मैले दसैंमा पाएको दक्षिणाले हातको औंलामा लगाउने एउटा औंठि किनेकी थिएँ ।

**रजनी केसी, अभिनेत्री**

दसैंमा पाएको दक्षिणाले तिहारमा दाजुभाइहरूका लागि सामान किन्छु भने तिहारमा पाएको दक्षिणाले चाहिं आफूलाई चाहिएको सामान किन्ने गरेकी छु ।

**आस्था राउत, गायिका**

बाल्यकालमा दसैंको दक्षिणाको ठूलो महत्व हुन्थ्यो । म दसैंमा मामाघरबाट प्रशस्तै दक्षिणा पाउँथें । त्यो दक्षिणाले मैले मिकासा कम्पनीको एउटा भलिबल किनेको थिएँ ।

**याम क्षेत्री, गायक**

मैले दसैंमा पाएको दक्षिणाले पहिलो पटक प्लास्टिकको चश्मा र घडी किनेको थिएँ ।

**शिवहरि पौडेल, हास्यकलाकार**

त्यसरी सामान किन्न सक्ने गरी दक्षिणा पाएको छैन । सबैतिरको जम्मा गर्दा बढीमा २ सयजति हुन्थ्यो । त्यो पैसा चकलेट खादैमा सकिन्थ्यो । त्यसैले दसैंमा पाएको दक्षिणाले नै अहिलेसम्म त्यस्तो स्मरणीय सामान किनेको छैन ।

**पल शाह, अभिनेता**

मैले दसैंमा पाएको दक्षिणाले जिन्सको पाइन्ट किनेको थिएँ ।

**रामजी खाँड, गायक**

स्कुल पढ्दा मामाले २ सय रुपैयाँ दक्षिणा दिनुभएको थियो । त्यसमा अलिकति पैसा थपेर मैले स्कुल ड्रेस सिलाएको थिएँ ।

**प्रकाश सपूत, गायक तथा मोडल**

महत्वपूर्ण कुरा किन्ने दक्षिणाचाहिँ कहिल्यै पाइएन । हार्मोनियम किन्ने ठूलो धोको थियो, हार्मोनियम किन्न दक्षिणाबाट आएको पैसाले कहिल्यै पुगेन ।

**रामचन्द्र काफ्ले, गायक**

म करिब १२ वर्षको हुँदा मामाघरबाट पाएको दसैंको दक्षिणाले एक दर्जन स्केच पेनको प्याकेट किनेको थिएँ । मलाई सानोमा ड्इङ गर्न खुबै मन लाग्थ्यो ।

**लक्ष्मण पौडेल, निर्देशक**

मैले सानैमा मामाघरबाट पाएको दक्षिणाले धरान गएर ४ सय ५० रुपैयाँको चस्मा किनेको थिएँ ।

**पृथ्वीराज प्रसाई, अभिनेता**

मैले आजभन्दा धेरै पहिले मामाघरबाट पाएको दसैंको दक्षिणाबाट ३० रुपैयाँको हातमा लगाउने घडी किनेको थिएँ ।

**अर्जुन तिवारी, छायाँकार**

मैले ८ वर्ष पहिले दशैंमा पाएको दक्षिणा जम्मा गरेर गिटार किनेको थिएँ ।

**सलोन बस्नेत, अभिनेता**

प्रस्तुति : महेश तिमल्सिना

फटाफट

## स्याङ्जाको दसैं नै रमाइलो

**दसैंको कत्तिको लागेको छ ?**

मौसम र सहर-बजारको चहलपहलले दसैं नजिकिएको जनाइसकेको छ तर मलाई भने सामान्य रूपमा लागिरहेको छ ।

**दसैंको तयारीचाहिं कस्तो छ ?**

फूलपातीको दिन मेरो नयाँ चलचित्र 'जय भोले' प्रदर्शनमा आउँदैछ । त्यसको प्रचार-प्रसारमै दसैंका अधिकांश दिन बित्ने निश्चित छ । त्यसैले खासै तयारी गर्न भ्याएको छैन ।

**दसैं मनाउन कहाँ जानु हुन्छ ?**

अष्टमीको दिन स्याङ्जा जाने कार्यक्रम छ । वर्षभरि जहाँ रहे पनि दसैंमा चाहिं म स्याङ्जा नै पुग्छु । स्याङ्जाको दसैंको रौनक नै बेग्लै लाग्छ मलाई ।

**ससुराली पनि जाने होला नि ?**

घरपछि टीका लगाउने भनेकै ससुरालीमा त हो नि ।

**पहिले र अहिलेको दसैंमा के फरक पाउनुहुन्छ ?**

दसैं त केटा-केटी छँदै रमाइलो नि । सबै कुरा बुवा-आमाले नै जुटाइदिनुहुन्थ्यो । विद्यालयमा लामो बिदा हुँदा त्यसै रमाइलो हुन्थ्यो ।

**दसैंको खानपिनमा कत्तिको जम्नुहुन्छ ?**

मलाई खानपिनमा खासै सौख छैन । दसैंमा रक्सी र मासु धेरै खाने चलन छ । म यी दुवै कुराबाट आफूलाई सकेसम्म टाढा राख्न रुचाउँछु ।



● खगेन्द्र लामिछाने अभिनेता/लेखक

**यसपछि के गर्दै हुनुहुन्छ ?**

तत्काल नयाँ चलचित्रमा देखिनेछैन । कुनै राम्रो चलचित्रबाट प्रस्ताव आयो भने काम गर्न सकिन्छ, यद्यपि दसैंपछि म अर्को एउटा काममा तल्लीन हुनेछु ।

**कस्तो काम ?**

म एउटा नयाँ पुस्तक लेख्दैछु । नयाँ वर्ष २०७६ को पहिलो दिन पाठकको हातमा पुऱ्याउने लक्ष्य छ ।

**कस्तो विषयमा पुस्तक लेख्न थाल्नु भएको हो ?**

विधा त उपन्यास नै हो, यद्यपि यो अहिले बजारमा आइरहेका उपन्यासभन्दा नितान्त फरक हुनेछ ।

प्रस्तुति : कृष्ण भट्टराई

परिकार

## भुटन भनेपछि हुरुक्क

● वर्षा राउत, अभिनेत्री

**भुटन :** खसीको भुटन मलाई एकदमै मन पर्ने परिकार हो । मलाई घरमै तयार पारिएको भुटन असाध्यै मन पर्छ । किनभने घरमा बनाइएको भुटनको छुट्टै स्वाद हुन्छ तर मैले यो परिकार बनाउन भने जानेकी छैन ।

**फोक्सो फ्राई :** फोक्सो फ्राई मेरो फेबरेट टप ५ मासुका परिकारमध्ये एक हो । लोकल खसीको फोक्सो कहीं पाएको खण्डमा घरमा ल्याइहाल्छु, घरका अरू सदस्यले देख्नुभयो भने पनि ल्याउन भन्छु ।

**रक्ति :** खसीको रगतबाट तयार पारिने रक्ति खानुको छुट्टै मज्जा छ । यो जहाँ पायो त्यहाँ पाइँदैन तर पाएको खण्डमा खाइहाल्छु ।

**सेकुवा :** सेकुवा धेरैलाई मन पर्ने परिकार हो । मलाई पनि सेकुवा एकदमै मन पर्छ । खसी होस् वा कुखुराको, सेकुवा, घरबाट बाहिर निस्किएपछि कहीं देखें भने एकछिन फुर्सद मिलाएर खाइहाल्छु । यो घरमा बनाउन अलिकति असहज छ,सेकुवा खान मन लागे बाहिर जाने गरेकी छु ।

**छोयला :** मलाई हाँसको छोयला एकदम मन पर्छ । कुनै होटलको मेन्युमा देखें भने ल्याउनुस् भनिहाल्छु । खासगरी सिन्धुलितिरको हाँसको छोयलामा छुट्टै स्वाद पाइन्छ ।

प्रस्तुति : रामजी ज्ञवाली



सम्झना

# त्यति बेलाको दसैं



भैरव रिसाल

९१ वर्षको यो उमेरमा म पुराना दिनहरू झलझली सम्झिरहेको छु । म भक्तपुरको ताथली गाउँमा जन्मिएको हुँ । पछि हामी त्यहाँबाट दधिकोट बसाइँ सऱ्यौं, जहाँ म हुर्किएँ, बढें । मेरो पढाइचाहिँ लुभुमा भयो । दसैं नजिकिँदै जाँदा म दधिकोटको चित्रपुरमा मनाएका दसैं सम्झन्छु ।

जब दसैं आउँथ्यो, गाउँभरि चिउरा कुट्ने चलन थियो । थापा चिनियाँ धानको त्यो चिउराबाट छुट्टै खालको बास्ना आउँथ्यो । मलाई त्यो चिउरा एकदमै मन पर्थ्यो । त्यसको स्वाद निकै मीठो हुन्थ्यो । फेरि त्यो चिउरा दुर्लभ पनि मानिन्थ्यो । हामी दधिकोटबाट च्याङ्ग्रा लिन रानीपोखरी आउँथ्यौं । हिंडेर रानीपोखरी आउन ३ घण्टा लाग्थ्यो । त्यतिबेला ७ मोर, ४ रुपैयाँ, ९ मोर तथा ५ रुपैयाँमा च्याङ्ग्रा किन्न पाइन्थ्यो । तिब्बतबाट रसुवा, सिन्धुपाल्चोक हुँदै काठमाडौंसम्म च्याङ्ग्रा ल्याइन्थ्यो । कस्तो गाह्रो हुन्थ्यो भने रानीपोखरीबाट च्याङ्ग्रा भक्तपुर एक्लै जान नमान्ने । चार-पाँच वटा च्याङ्ग्रा भयो भने मात्र हिंड्न मान्ने ।

सबैले च्याङ्ग्रा, भेडा, खसीको भुँडी सफा गर्न मान्दैनथे । त्यस्तो काम आइ लाग्यो कि हामी केटाकेटीहरूलाई अघि सारिन्थ्यो । मलाई सबैभन्दा मीठो लाग्ने भनेकै भित्र्याँस, कलेजो, फोक्सो, मृगौला, मुटु, फियो अनि बोसे आन्द्रा । पाक्न पनि छिटो, खान पनि मीठो । मासु खान पाइने भनेकै ठूलो दसैंमा मात्र थियो । अरू बेला अर्थात् चैते दसैं, साउने संक्रान्ति, माघे संक्रान्तिमा त पेटभरि मासु खान पाइँदैनथ्यो । बल्ल-बल्ल खान पाइएको छ भनेर पचाउन सक्ने भन्दा बढी खाइन्थ्यो अनि पेट लागेर हैरान हुन्थ्यो । कसैको घरमा सिंगै च्याङ्ग्रा, भेडा, खसी हुन्थे भने कसैको घरमा थोरै मासु किनेर राखिएको हुन्थ्यो । अहिले पनि म मासु खान्छु । दाँत नभएको भागमा मासु अड्किन्छ, तै पनि मन पर्छ । पहिले सानोमा दसैं निकै रमाइलो हुन्थ्यो । कुनै जिम्मेवारी हुँदैनथ्यो । अहिले पनि रमाईलै लाग्छ, तर यतिबेला जिम्मेवारी, दायित्वहरू छन् ।

यतिबेला सेतो तथा रातो रंगले घर पोत्थ्यौं । अग्लो भऱ्याङ राखेर घर पोत्ने चलन थियो । बारीमा भटमास उखेल्ने, मकै भाँचेर थन्क्याउने, ढोड काट्ने, बारीमा मल हाल्ने, तोरी छर्ने आदि काम गरिन्थ्यो । पुरुषभन्दा महिलाहरूले काम बढी हुन्थ्यो । दसैंमा नयाँ लुगा हालिन्थ्यो । वर्षमा एकपटक नयाँ लुगा लगाउन पाइन्थ्यो, त्यो पनि सूचीकारले सिलाउन भ्यायो भने मात्र । हामी मामाघर जान्थ्यौं । मावलीघर भक्तपुरको ताथली पुगेपछि एकदमै रमाइलो हुन्थ्यो । मामाघर जाँदा पेडा र मिठाई लाने चलन थियो । पेडा र मिठाई सबै ठाउँमा किन्न पाइँदैनथ्यो । कुनै-कुनै ठाउँमा मात्र किन्न पाइन्थ्यो ।

गाउँमा लिंगे पिङ हालिएको हुन्थ्यो, हामी चौरमा हालिएको लिंगे पिङमा झुम्मिन्थ्यौं । देउताको थानमा पनि उस्तै भीड हुन्थ्यो । टीकाको दिन अझ बढी मानिस हुन्थे । चण्डीपाठ गरिन्थ्यो, दुर्गा कवच पाठ हुन्थ्यो । केटाकेटीहरूको आकर्षण भनेकै नयाँ लुगा, रक्ति-चिउरा तथा मासु-भात थियो । मोजा लगाउने चलन नै थिएन । जुत्ता भने किनिन्थ्यो । दौरा, सुरुवाल र स्टकोट लगाउने चलन थियो यो बेला । एक तोला सुनको २ सय रुपैयाँ पर्थ्यो । पैसाको ठूलो महत्व थियो । पैसा महँगो थियो । जे सामान किन्नुपर्दा पनि सस्तोमा पाइन्थ्यो । दोस्रो विश्वयुद्धपछि वि.सं. १९९६ ताका कपडा, खानेकुरालगायत सबै कुरा महँगा हुँदै गए । मेरा बा सुपारी खानुहुन्थ्यो । १ पैसाको १२ तथा २ पैसाको २५ टुक्रा सुपारी आउँथ्यो । त्यतिबेला स्वारी-पुरी, नरिवल, मिठाई, पेडा, बर्फी, खजुरी, मनभोग किन्न खुब मन लाग्थ्यो ।

केही वर्षअघि पार्किन्सन भएर मैले कलम चलाइनँ । मैले दुई वर्ष लेख्न सकिनँ, पछि जाँगर पलाउन थाल्यो अनि बिस्तारै लेख्न थालें । म अचेल आलोचनात्मक लेखहरू लेख्छु । मैले वि.सं. २०१२ मा लोकसेवा पास गरें । काम खोज्दै जाँदा हाल खबर दैनिकमा काम पाइयो । पत्रकारका रूपमा मेरो पहिलो तलब १ सय रुपैयाँ थियो । मसँग नयाँ साइकल पनि थियो । त्यतिबेला साइकल हुनु भनेको अहिले हेलिकप्टर हुनुजस्तै थियो ।

२००२/०३ सालतिरको कुरा हो, एकपटक दसैंमा गाउँमा हैजा फैलियो । बाक्लो बस्ती थियो । निकै मानिस मरे । गाउँमा फोहोर पनि अति थियो । त्यतिबेला कसैसँग रेडियो थिएन । राणाहरूले दोस्रो विश्वयुद्धताका रेडियो ल्याए । अरू कसैले रेडियो ल्याएको थाहा पाए सजाय हुन्थ्यो । त्यतिबेलाका गुप्तचरहरू एकदमै तगडा थिए । एकपटक कर्ण शाक्यका बुवाले ठूलो फिलिप्स रेडियो किनेर असन बजारमा राखे । त्यो रेडियो हेर्न सारा मानिसहरू झुम्मिन्थे । त्यो रेडियोभित्र मान्छे कहाँ छ ? भन्ने जिज्ञासा सबैमा हुन्थ्यो । चेतना एवं सञ्चारका दृष्टिकोणले २००७ साल नेपालका लागि कोसेढुंगा सावित भयो ।

# थारू गाउँमा सखिया नाच



तस्बिर : कमल पन्थी

थारु समुदायमा निकै प्रचलित सखिया नाच आधुनिक परिवेशका कारण ओझेलमा पर्दै गए पनि बारबर्दियाको बेलभारमा भने यसले निरन्तरता पाएको छ । विगतमा जिल्लाका धेरै ठाउँमा दसैं र तिहारमा मात्र नाचिने सखिया नाच अहिले बारबर्दिया, राजापुर नगरपालिका तथा गेरुवा गाउँपालिकाका केही क्षेत्रको थारु बस्तीमा सीमित भएको छ ।

यो नाचको थालनी कृष्णजन्म अष्टमीको दिन भए पनि अनुकूलता र प्रतिकूलतालाई ध्यानमा राखी दुई चार दिन अघि पछि पनि गर्न सकिने बारबर्दिया-११ का वडा अध्यक्ष अजय चौधरीले बताए । चौधरीका अनुसार दङ्गाली थारुले बढी नाच्ने यो नाचका क्रममा महाभारतको कथामा आधारित कृष्ण लीलासम्बन्धी गीत गाइन्छ । कृष्ण जन्माष्टमीमा हरेरी पूजाबाट प्रारम्भ हुने यो नाच दसैंको टीका वा पूर्णिमासम्म नाचिन्छ ।

केटा र केटी दुवै मिलेर नाचिने यो नाचमा दुष्टात्माबाट बचाउन एक जना गुरुवाको व्यवस्था गरिएको हुन्छ । त्यसैगरी गाउँका बरघरिया र भद्र भलादमीहरू संरक्षक हुन्छन् । गीत सिकाउने एक जना मुख्य गुरु (जसलाई थारु भाषामा मोहिन्या भनिन्छ) को व्यवस्था पनि गरिएको हुन्छ । नाच्ने केटीहरूसँग दुईजना पछगोहिया र अन्य सहयोगी संगी पनि हुन्छन् भने केटाहरूसँग मादलेमध्ये एकजना अगुवा मदिरिया र अर्को एकजना पछुवा मदरिया हुने देवमान चौधरी बताउँछन् ।

यो नाच खासगरी राति नाचिन्छ । सुरुका दिन फर्सीको पात हातमा लिएर नाचिन्छ, दोस्रो दिनदेखि करिब पन्ध्र दिनसम्म सनपाटको फुर्का हातमा लिएरसाना खाले मजिरा बजाउँदै नाचिन्छ । यसरी नाच्ने क्रममा कृष्णलीला गाउँदै नाचिने नाचका अतिरिक्त थप पैया (पैधार) अनुसार पनि नाचिन्छ । पैयाअनुसारको नाच हेर्न लायकको हुन्छ ।

दसैंको रमझम लागिसकेपछि सखिया नाचले परिपक्वता पाइसकेको हुन्छ । पन्चमीका दिन दिउँसो सखिया नाच्ने महिलाहरूले विशेष पहिरन लगाउँछन् । जसमा सेतो रंगको फरिया, रातो रंगको चोली तथा गरगहना हुन्छन् ।

अष्टमीको रात रातभरि सखिया नाच्ने चलन छ । यसलाई भेंड्वा जगैना भनिन्छ । यो रात सबै थारुको डिहुरारमा कुभिण्डोको भेंडा बनाई भालेको पहिलो बसाइसँगै बली चढाइन्छ । यति बेलासम्म जुन समुहले लगातार नाच्छ, त्यो समूह प्रत्येक घरबाट देवतालाई प्रसादका रूपमा चढाइएको सानो खाले एक करै रक्सीको हकदार हुने बारबर्दियाका मेयर दुर्गा बहादुर थारुले बताए ।

दसैंको टीकाको दिन विशेष रूपमा सजिएर गाउँका सबै घरमा पुगेर सखिया नाचिन्छ । यो दिन सखिया नाच नाच्ने केटा तथा केटीहरू थाकेका भए पनि उत्साहित हुन्छन् । यसका अतिरिक्त गाउँको भुइँहार र केसौका, गुरुवाको घरमा पनि सखिया नाचिन्छ । अन्तमा गाउँको देवथान (मरवा) मा गएर विधि विधानपूर्वक पूजाआजा गरी देउता बैठाइन्छ, त्यसपछि नाचको विधिवत अन्त्य हुन्छ ।

सखिया नाचका क्रममा प्रत्येक दस-दस दिनमा चुकी खाइन्छ अिपन नाच सकिएपछि जम्मा भएको पैसा बाँडिन्छ । त्यसपछि सबै मिली नदीबाट मारेर ल्याएको माछा र अन्य परिकार तयार पारी ख्यारा खाने चलन छ । ख्यारा खाँदा अनिवार्य रूपमा गुरुवा, मोहिन्या, बरघरिया तथा गाउँका गण्यमान्य आदि सबैलाई बोलाइने मेयर थारुले बताए ।

# मगर गाउँमा सोरठी नाच



*सिकारै खेलन जाम, भैया लक्ष्मन सिकारै खेलन जाम...ए अघि लागे रामजी पछि लागे लक्ष्मन, शिकारै खेलन जाम.... भैया लक्ष्मन सिकारै खेलन जाम, ए काँधै लिम्ला धनुकोण, काँधै लिम्ला थोकरा..शिकारै खेलन.....'*

यही गीत गाउँदै रौरा मैदानमा निस्कन्छन् । बुढ्यौलीमा पनि मज्जाले गीत निकाल्छन् । त्यसपछि छोप्ने अन्य समूह हुन्छ । मजुरा बजाउने र मादलेको तालमा कतिपय स्थानमा पुरुष पनि मारुनी बनेर नाच्छन् । कहींकतै भने किशोरीलाई पनि मारुनी नाच्न सिकाइन्छ । ' तानसेन नगरपालिका, तीनपिपलेका ७८ वर्षीय ताराबहादुर गाहा मगर भन्छन्, 'किशोरीहरूलाई पनि सिकायो भने राम्रो हुन्छ ।' किशोरी अनिला पल्ली र कृपा मश्राङ्गीले मारुनी नाच्न सिकेका छन् । चनबहादुर राना पुरुसुङ्गे बनेर नाच्छन् । यमबहादुर थापा र भीमबहादुर कुँवर मगर मादले बनेर उफ्रिएको हेर्न मज्जा हुन्छ ।

मगर समुदायमा लोकप्रिय सोरठी नाँच जोगाउन स्थानीय बासिन्दाहरूले चासो देखाउन थालेका छन् । अघिल्लो पुस्ताबाट पछिल्लो पुस्तामा सीप हस्तान्तरण गर्न नसकिएकाले यो नाच लोप हुने अवस्थामा पुगेपछि तानसेन नगरपालिका-९ तीनपिपलेका जनप्रतिनिधिहरू चिन्तित थिए । त्यसैले उनीहरू यसको संरक्षणमा जुटेका हुन् । स्थानीय स्तरमा 'मारुनी' नाचका रूपमा चिनिने यो नाचको संरक्षण गर्न कस्सिएका तानसेन नगरपालिका-९ तीनपिपलेका जनप्रतिनिधि तुलबहादुर गाहा भन्छन्, 'यसलाई अन्तरपुस्ता हस्तान्तरण गर्नुपर्छ । त्यसैले पनि पुनः नाच सुरु गरिएको हो ।' यो नाच जिल्लाको पूर्वभेगमा बढी नाचिन्छ । यद्यपि अहिले भने कतै-कतै मात्र यो नाच देख्न पाइन्छ ।

सोरठी तीजपछि सुरु भएर मंसिर पूर्णिमा र कतिपय गाउँमा पुस १५ सम्म नाच्ने चलन छ । तानसेन नगरपालिका-९ तिनपिपलेका ८९ वर्षीय रौरा हरिबहादुर कुँवरका अनुसार अहिलेको पुस्तालाई यसका विषयमा सिकाउन जरुरी छ ।

परम्परागत लोकोक्तिलाई भाका मिलाएर गाउनु यो नाचको विशेषता हो । झन्डै तीन महिना नाचेपछि बन्द गर्नुपर्ने चलन छ । सुरु गर्दा 'फुकाउने' र बन्द गर्दा 'बन्द गर्ने' गीत गाउने चलन छ । सुरु गर्दा र बन्द गर्दा अगुवा अर्थात् रौराको आवश्यकता पर्छ । गाउँका बूढापाकाहरूले मात्र यो नाच नाच्ने सीप जानेका छन् भने संरक्षण पनि उनीहरूले नै गर्दै आएका छन्, तर जिल्लाकै कतिपय मगर गाउँमा भने सोरठी लोपोन्मुख छ ।

माधव अर्याल

# दसैंको मन पर्ने तथा मन नपर्ने पक्ष



## माल्भिका सुब्बा, मोडल

मनपर्ने पक्ष

- दसैंको खानपिन
- परिवारसँग भेटेर रमाइलो गर्न पाइन्छ
- दसैंको मौसम
- दसैंका बेला काठमाडौं खाली भएको राम्रो लाग्छ
- यसपाली मेरो साढे २ वर्षको छोराले पहिलो पटक दसैंको अनुभव गर्न पाउँछ ।

मन नपर्ने पक्ष

- मनपरी ढंगले बली दिएको
- आफ्नो आर्थिक अवस्था भन्दा माथि उठेर खर्च गर्ने प्रवृत्ति
- दसैं हिन्दूहरूले मात्र मनाउने हो, अरू धर्म मान्ने मानिसहरूले मनाउने होइन भन्ने सोंच मन पर्दैन ।



## सिन्धु मल्ल, गायिका

मन पर्ने पक्ष

- टिका लगाउने तथा आफन्तहरूसँग भेटघाट हुने मौसम
- मिठा-मिठा परिकार खान पाइन्छ
- दसैंको मौसम मनपर्छ
- मान्यजनबाट आशीर्वादका साथै दक्षिणा पाइन्छ
- प्रसस्त फुर्सद हुन्छ

मन नपर्ने पक्ष

- अरूको देखासिखी गरेर दसैं मनाउने
- चाहिनेभन्दा बढी मासु खाइने
- दक्षिणामा होडबाजी
- बलि प्रथा
- टाढा-टाढा जान यातायातको सुविधा नहुने ।



## कामना भुजेल, अभिनेत्री

मन पर्ने पक्ष

- आफन्तहरूसँग भेटेर रमाइलो गर्न पाइन्छ
- मिठो खान पाइन्छ
- फुर्सद हुने भएकाले मन लागेको ठाउँ घुम्न जान पाइन्छ
- पिङमा मच्चिन पाइन्छ
- मान्यजनबाट आशीर्वाद लिन पाइन्छ

मन नपर्ने पक्ष

- जाँड-रक्सी धेरै खाएर मात्तिने
- अरुबेलाको तुलनामा दसैंमा धेरै मासु खाएर स्वास्थ्य गडबड हुन्छ
- गाउँघरतिर जाने यातायातका साधनहरूमा यात्रुको चाप
- बली प्रथा
- काठमाडौं सुनसान हुन्छ ।



## दिक्पाल कार्की, मोडल

मन पर्ने पक्ष

- परिवारजन तथा आफन्तहरूसँग भेटघाट हुन्छ
- नयाँ पहिरन लगाउन पाइन्छ
- मान्यजनबाट आशीर्वाद लिन पाइन्छ
- मिठो खान पाइन्छ
- लामो बिदा हुने भएकाले वर्षभरीको थकान मेटिन्छ ।

नराम्रो पक्ष

- दसैंको बाहनामा धेरै काटमार हुन्छ
- दक्षिणा लिनैपर्ने दबाब
- मिठो खाने चक्करमा अस्वस्थकर खाना समेत खाइन्छ
- दसैंका बेला जुवा-तास धेरै खेलिन्छ
- अरूलाई देखाउनका लागि पनि बढी खर्च गर्ने परम्परा ।



## प्रमोद अग्रहरी, अभिनेता

मनपर्ने पक्ष

- नेपालीहरूको महान चाड
- मान्यजनबाट टिका लगाएर आशीर्वाद थाप्न पाइन्छ
- दसैंले परिवार तथा आफन्तसँगको सम्बन्धलाई बलियो बनाउँछ
- माता दुर्गा भवानीको पूजा आराधना हुन्छ
- दसैंमा सबै काम छाडेर जन्मस्थान जान पाइन्छ ।

मन नपर्ने पक्ष

- बलिप्रथा
- जाड-रक्सी, जुवा तासमा बढी खर्चिनु
- यातायातका साधनको अभाव
- देखावटीपन
- ठूलो आवाजमा गीत बजाइन्छ ।

प्रस्तुति : महेश तिमल्सिना

अनुभव


तस्विर : महेश श्रेष्ठ

# नयाँ लुगाको बास्नाले दसैं आएको थाहा हुन्थ्यो

करिष्मा मानन्धर, अभिनेत्री

म सानै उमेरदेखि सिन्धुपाल्चोकस्थित मामाघरमा हुर्किएँ । ७/८ वर्षसम्मको दसैं मामाघरमै मनाए । हजुरबुबाले लुगा सिलाउने मानिसलाई घरमै बोलाएर एक हप्तासम्म लुगा सिलाउन लगाउनुहुन्थ्यो । बहिनी र मलाई स्कुल जाँदा लगाउने सर्ट-फ्रक, जाडोका लागि मोटा-मोटा नेपाली ढाकाका सुरुवाल तथा भोटा सिलाईदिनुहुन्थ्यो । यसरी सिलाउन ल्याइएको नयाँ लुगाबाट छुट्टै बासना आउँथ्यो । त्यो वासना चलेसँगै अब दसैं आयो भन्ने लाग्थ्यो । एकातिर कपडा सिलाउने काम चलिरहन्थ्यो, अर्कातिर घर लिपपोत गरेर चिटिक्क बनाइन्थ्यो । ओढ्ने-ओछ्याउने सिरक-डसना घाममा सुकाउने काम पनि हुन्थ्यो । घर वरपर ढकमक्क फूल फुलेर दसैं आएको आभास दिन्थे । वरपरका दाजुभाइहरू मिलेर रोटेपिङ, लिङ्गेपिङ लगाउँथे । हजुरआमाले भक्तपुरबाट भरियाहरूलाई बोकाएर दसैंको सामान ल्याउनुहुन्थ्यो ।

८ वर्षपछि भने म आफ्नै घर गोदावारी आए । यहाँ आएपछि दसैंमा आमाले सपिङ गरिदिनुहुन्थ्यो । त्यति बेला अहिलेको जस्तो ट्राफिक जाम हुँदैनथ्यो । उहाँ हिँडेरै असन पुगेर सामान ल्याउनुहुन्थ्यो । त्यतिबेला मामाघरमा हुँदा जस्तो लुगाको महत्व लाग्न छाडिसकेको थियो । १८ वर्षको उमेरमै मेरो विवाह भयो । विवाहपछि मेरा लागि लुगाको त्यति महत्व भएन । छोरी तथा स्टाफहरूलाई आफूले लत्ताकपडा आदिको व्यवस्था गरिदिनुपर्थ्यो । अहिले त नयाँ लुगाका लागि दसैं नै कुर्ने चलन पनि छैन । हामीले मात्र होइन केटाकेटीहरू समेत दसैंमा नयाँ लुगालाई त्यति महत्व दिँदैनन् । कलाकार भैसकेपछि म हुलाकीलाई समेत बोनस दिन्थे । उनले वर्षभरि मेरा फ्यानका चिठी ल्याइदिन्थे । अझ दसैंमा त शुभकामनाका चिट्ठी मात्र एक बोरा हुन्थे ।


तस्विर : श्रुति श्रेष्ठ

# दक्षिणा भेला पारेर तितौरा खान्थ्यौं


सूर्यमाला शर्मा, कलाकार

सानोमा हामी दसैंको टीका लगाउन धर्मस्थलीभन्दा केही माथि ठूलोबाबा तथा काकाको घर जान्थ्यौं, मामाघर पुग्थ्यौं । त्यहाँ पित्तलको १० मोहर, तामाको ५ मोहर दिनुहुन्थ्यो त्यस्तो मोहर जम्मा गरेर हामी रुपैयाँ बनाउँथ्यौं । ठूली दिदी अलि ठूली भएकाले उनलाई अलि बढी दक्षिणा दिइन्थ्यो । म अनि चन्द्रमालाले बराबर पाउँथ्यौं । हामी पाँच जना दिदीबहिनी र एक भाइ, टीका लगाइसकेपछि भेला भएर कसको पैसा धेरै भनेर गन्थ्यौं । पाएको पैसाले तितौरा किनेर खान्थ्यौं । मलाई टीका लगाएर पैसा दिएको भन्दा पनि आफूभन्दा ठूलाले ढोगेको साह्रै रमाइलो लाग्थ्यो । पछि ठूलो भएपछि चाहिँ खुट्टा ढोगाउनु हुने रहेनछ भन्ने लाग्यो ।

दसैंसँग हाम्रो अर्को सुखद संयोग पनि छ । अब आउने दसैंको टीकाको दिन हाम्रो विवाह भएको ३० वर्ष पुग्छ । विवाह भएपछि भने हामीले दक्षिणा लिन मानेनौं र खुट्टा ढोग्न पनि दिएनौं । ठूलाले मात्र होइन अहिले म आफ्ना छोराहरूलाई पनि खुट्टा छुन दिन्नँ । मैले सानोमा मोहरमा दक्षिणा पाउँथें, तर मैले छोरीलाई पहिलो पटक २० रुपैयाँ दक्षिणा दिएकी थिए । म छोराछोरी दुवैलाई टीका लगाइदिएर दक्षिणा दिन्छु । अहिले पनि छोराहरू टीका लगाइदिएपछि खै दक्षिणा भनेर पैसा माग्छन् । म बढीचाहिँ दिन्न सय रुपैयाँ मात्र दिन्छु । आजभोलि दसैं पहिलेको जस्तो मौलिक छैन, पैसाको महत्व घट्दै गएको छ । जुन उत्सुकताका साथ टीका लगाउन हिँडिन्थ्यो, अहिलेको पुस्तामा त्यस्तो उत्साह देखिँदैन ।

# दसैंको मजजै बेग्लै

मनोज गजुरेल, व्यंग्यकार



हामी सात वर्ष मामाघर नजिक बस्यौं । मामाघर नजिक भएका कारणले हामीलाई दसैं आउने पर्दैनथ्यो । महिनामा एकपटक दसैंजस्तै हुन्थ्यो । औंसी, पूर्णिमा, व्रत, पूजा, पुराण, सांगे के-के परिरहन्थ्यो । हजुरबा-हजुरआमा, मामा-माइजूले टीका लगाइदिइरहनुहुन्थ्यो, दक्षिणा पाइरहन्थ्यौं ।

यद्यपि दसैंमा भने फरक हुन्थ्यो । अरू भान्जाभान्जीले अलि बढी दक्षिणा पाउँथे । हाम्रो हातमा कम पर्थ्यो । सधैं माया गर्ने मामा-माइजूले किन यस्तो गर्‍या होला ? नजिकका भान्जाभान्जीलाई कम दिएर कहिलेकाहीं आउनेलाई किन बढी दिएका होलान् ? यस्ता थुप्रै प्रश्न मनमा आउँथे । अलिअलि चित्त पनि दुख्थ्यो ।

नजिकका त सधैं नजिक छन् । अरू बेला पनि दिइरहिन्छ । कहिलेकाहीं आउनेलाई सम्मान गर्नुपर्छ भन्ने अभिप्रायले त्यसो गरिएको रहेछ । यो कुरा गलत पनि होइन, तर केटाकेटी बुद्धि, मामाले नजिकका तीर्थ हेला गरेजस्तो लाग्थ्यो । यही कारणले मलाई लाग्थ्यो, यो दसैं नआइदिए पनि हुन्थ्यो । अहिले सम्झँदा आफैंदेखि हाँसो उठ्छ ।

त्यसपछि हामी झापा बसाइँ सर्‍यौं । ९-१० वर्षको उमेर थियो । झापामा खामको चलन आइसकेको थियो । दक्षिणा दिँदा खाममा दिइन्थ्यो । टीका लगाइसकेर अरूहरू दही-चिउरा खान, पिङ मच्चाउन वा डाइस खेल्नतिर लाग्थे । मलाईचाहिँ ट्वाइलेट चाहिन्थ्यो । दिसा-पिसाबको कारणले होइन, खाम खोल्ने हतारले ।

मेरोजस्तै स्वभाव हुने केटाकेटी सँगै ट्वाइलेट पस्थ्यौं । कसलाई कति दक्षिणा आएको छ, हेर्थ्यौं । धेरै पाउने खिस्स हाँस्थ्यो । थोरै पाउने हिस्स हुन्थ्यो । एक दिन यस्तो पनि भएको छ, माल्दाइको भन्दा मेरो खाममा बढी दक्षिणा थियो । उमेरमा खासै फरक नभएका हाम्रो दक्षिणामा चाहिँ आकाश-जमिनको फरक थियो । भएछ के भने आमालाई दिन तयार पारिएको खाम झुक्किएर मलाई परेछ । आमालाई मेरो पाँच रुपैयाँ परेछ । त्यस्तै एक अर्को दसैंमा टीका थापेर हतारमा हिँड्नुपयो । तत्काल खाम चेक गर्न पाइएन । घरमा आएर हेर्दा खाम खाली थियो । त्यस दिन मलाई रातभर निन्द्रा लागेन । त्यो खाली खाम दिने घर कसको थियो, अहिले किन भनौं ?

मलाई निधारभरि टीका लगाउन मन पर्थ्यो । चामलको टीका जसले धेरै लगाइदिन्छ ऊ धनी हो भन्ने लाग्थ्यो । म बूढो मावलीमा जान हतारिन्थें । हजुरआमाले मेरा लागि एक पाउ चामलको टीका छुट्याएर राख्नुहुन्थ्यो । निधारभरि टीका र जमरा लगाएर गाउँ डुल्नुको मज्जै बेग्लै थियो । अझ त्यो टीका भोलिपल्ट बिहान उठ्दा पनि निधारमै रहेछ भने त झन् सगरमाथा विजेता भएझैं लाग्थ्यो ।

संगीत

# अल टाइम फेवरेट्स

बरिष्ठ संगीतकार सुरेश अधिकारीले सदावहार तथा सर्वाधिक लोकप्रिय १० वटा नेपाली गीतको सूची तयार पारेका छन् । संगीतकार अधिकारीले तयार पारेका यी सदावहार नेपाली गीत युट्युबमा समेत उपलब्ध छन् ।



सुरेश अधिकारी, संगीतकार







### त्यो आँखाले लौन मलाई

**गायन** : बच्चु कैलाश, **शब्द तथा संगीत** : बच्चु कैलाश

*त्यो आँखाले लौन मलाई मा-यो*
*त्यो बोलीले लौन लाटो प-यो*
*त्यो हाँसोलाई बिर्सनलाई धेरै गाह्रो*
*तिमी मलाई जिन्दगीमा कस्तो प्यारो*

युट्युबमा लिरिकल भिडियो उपलब्ध यो गीतलाई गायक बच्चु कैलाशले रोमान्टिक शैलीमा गाएका छन् । प्रेमिल शब्दहरू समेटिएको यो गीत कुनै बेला रेडियो नेपालमा सर्वाधिक प्रसारण हुन्थ्यो । आज पनि यो गीत सुन्दा बेग्लै आनन्द महसुस गर्न सकिन्छ ।

### मलाई माफ गरिदेऊ

**गायन** : नारायण गोपाल, **संगीत** : गोपाल योञ्जन, **शब्द** : नगेन्द्र थापा

*मलाई माफ गरिदेऊ मेरा लोभी नजर*
*कहीं कसैमा डुबेछ भने*
*म त खोजिरहेछु हरेक चेहेरामा*
*मेरी सपनाकी एक प्रियसी मायालु*

स्वर सम्राट स्व. नारायण गोपालका दर्जनौं लोकप्रिय गीतमध्येको यो एउटा उत्कृष्ट गीत हो । म्युजिक नेपालको युट्युब च्यानलमा उपलब्ध यो गीत जति पटक सुने पनि पुरानो लाग्दैन । यही गीत पछि गायक दिपेश किशोर भट्टराईले पनि गाए । यही गीत गाएपछि गायक भट्टराईको सांगीतिक करियरले उचाइ लिएको मानिन्छ ।

### जीवन भन्नु त घात छ

**गायन** : भक्तराज आचार्य, **संगीत** : भक्तराज आचार्य, **शब्द** : दिनेश अधिकारी

*जीवन भन्नु त घात छ*
*मृत्यु भन्नु त सास छ*
*दोधारमा बाँचूँ कति*
*धरतीमा चित्कार छ*

वरिष्ठ गायक भक्तराज आचार्यको स्वरको यो गीत आज पनि उत्तिकै सान्दर्भिक मानिन्छ । गायक आचार्यका लोकप्रिय गीतहरूमध्येको यो गीत पनि युट्युबमा सहजै उपलब्ध छ ।

### मर्न बरु गाह्रो हुन्न

**गायन** : फत्तेमान, **संगीत** : नातीकाजी, **शब्द** : तीर्थराज तुलाधर

*मर्न बरु गाह्रो हुन्न*
*तिम्रो माया मार्न सकिन*

गायक फत्तेमानले गाएका थुप्रै गीतमध्ये यो अत्यन्त लोकप्रिय गीत हो । पलेंटी नेपालयको युट्युब च्यानलमा यो गीतको भिडियो उपलब्ध छ । यो गीत गायक फत्तेमानकै यस्तो पनि हुँदो रैछ शीर्षकको एल्बममा समावेश छ ।

### नमान लाज यसरी

**गायन** : प्रेमध्वज प्रधान तथा उषा मंगेशकर, **संगीत** : जयदेव, **शब्द** : किरण खरेल

*न मान लाज यसरी कि*
*झुम्छ जिन्दगी मेरो*
*नआऊ सामु यसरी कि*
*अढ्छ ढुकढुकी मेरो*
*नआऊ सामु यस्तरी*

नेपाली चलचित्र 'माइतीघर' को यो सदाबहार गीतमा भारतीय संगीतकार जयदेवको संगीत, प्रेमध्वज प्रधान तथा उषा मंगेशकरले स्वर दिएका छन् । चलचित्रका लागि यो गीतमा माला सिन्हा र सिपी लोहनीले रोमान्टिक अभिनय गरेका छन् । उक्त गीतको भिडियो हाइटेक इन्टरटेन्मेन्टको युट्युब च्यानलमा हेर्न सकिन्छ ।

### साउने झरीमा गाउँको त्यो गोरेटो

**गायन** : आशा भोसले, **संगीत** : रनजित गजमेर, **शब्द** : कुसुम गजमेर

*साउने झरीमा*
*त्यो गाउँको गोरटो*
*छायाँ त्यो फेरि फेरि*
*तिर्सना अनौठो*

चलचित्र 'लाहुरे' को यो गीत अत्यन्त लोकप्रिय छ । भारतीय गायिका आशा भोसलेको स्वरको यो गीत भावुक शैलीको छ । यो गीतमा अभिनेत्री तृप्ती नाडकरलाई फिचर गरिएको छ । युट्युबमा यो गीतको लिरिकल भिडियो उपलब्ध छ ।

### मखमली चोलो चाहिँदैन

**गायन** : मीरा राणा, **शब्द** तथा **संगीत** : गोपाल योञ्जन

*मखमली चोलो चाहिँदैन*
*रेशमको सारी चाहिँदैन*
*नाकैमा फुली, कानैमा ढुङ्ग्री*
*चाहिँदैन मलाई चाहिँदैन*

गायिका मीरा राणालाई दर्शक तथा श्रोतामाझ चिनाउन यही एउटा गीत पर्याप्त छ । बालकदेखि वृद्धसम्मका श्रोताको मन जितेको यो सदाबहार गीत २०३० साल तिरै रेकर्ड भएको हो । गायिका राणाको आवाज तथा प्रस्तुती देखेर संगीतकार गोपाल योञ्जनले यो गीत उनका लागि तयार पारिदिएका थिए । यो गीतलाई गायिका राणाले सयौं पटक स्टेजमा प्रस्तुत गरेकी छिन् ।

### मेरो गीत मेरै प्रतिबिम्ब होइन

**गायन** : नारायण गोपाल, **शब्द** तथा **संगीत** : गोपाल योञ्जन

*मेरो गीत मेरै प्रतिविम्ब होइन*
*जो फुटिजाने होइन*
*जो टुटिजाने होइन*
*आकाशजस्तो अमर गीत मेरो*
*म जस्तो दुई दिनको पाहुना होइन*

नारायणगोपालको स्वरको यो गीत जति लोकप्रिय हुनु पर्ने हो, त्यति हुन सकेन । गोपाल योञ्जनको शब्द तथा संगीतको यो गीत नारायण गोपालका अन्य लोकप्रिय गीतभन्दा कम छैन । शब्द संयोजन केही जटिल भए पनि यो गीत एक पटकमात्र सुनेर पुग्दैन । फरक धारका गीतमा समेत कर्णप्रिय सुनिने नारायण गोपालको भिन्न शैलीको यो गीत युट्युबमा उपलब्ध छ ।

### झस्किएछ मन मेरो झझल्कोमा तिम्रो

**गायन** : दीप श्रेष्ठ, **शब्द** तथा **संगीत** : दीप श्रेष्ठ

*झस्किएछ मन मेरो*
*झझल्कोमा तिम्रो*
*आशा किन पलाएछ*
*कल्पनामा तिम्रो*

गायक दीप श्रेष्ठको शब्द, संगीत तथा स्वरको यो गीत सदावहार नेपाली गीतको सूचीमा समावेश छ । युट्युबमा यो गीतको लिरिकल भिडियो उपलब्ध छ । यही गीतमा गायक एड्रिन प्रधानले गायक श्रेष्ठसँग अनुमति लिएर कभर भर्सनसमेत तयार पारेका छन् । उक्त कभर भर्सन गायक प्रधानले आफ्नै युट्युब च्यानलमा अपलोड गरेका छन्, जसलाई दुई लाख भन्दा बढी पटक हेरिएको छ ।

### आज बाह्र हाते पटुकी

**गायन** : साधना सरगम, **शब्द** तथा **संगीत** : सुरेश अधिकारी

आज बाह्रहाते
*पटुकीको कुरा गर मायालु*
*मलाई छम छम छम*
*नाच्न मन लाग्यो*

चलचित्र 'मुग्लान' को यो गीत पनि सदावहार नेपाली गीत हो । यो गीतलाई भारतीय गायिका साधना सरगमले गाएकी छिन् । हरेक उमेरका दर्शक तथा स्रोताको मन जितेको यो गीत रेडियो तथा टेलिभिजनमा पटक-पटक प्रसारण हुन्छ भने विद्यालयका सांस्कृतिक कार्यक्रममा नियमितजसो बज्छ । यो गीतमा झरना थापा तथा दिलिप रायमाझीले अभिनय गरेका छन् ।

प्रस्तुति : कृष्ण भट्टराई

---

# दसैंमा बज्ने दस गीत

*विछोडको पीडा नसकी खप्न दसैंको बेलामा*

सन् १९७० को दशकमा नारायणगोपालले दार्जीलिङ पुगी दिलमाया खातिसँग भेटेरै यो गीत गाउन आग्रह गरेका थिए । त्यसपछि कोलकतामा नारायण गोपाल र दिलमाया खातिको स्वरमा रेकर्ड गरिएको यो गीत रेडियो नेपालमा सबैभन्दा बढी बज्ने दसैंको गीतमध्ये एक हो ।

*नमुछे आमा दहीमा टीका*

नारायण रायमाझीले एकसरो लोकभाकामा गाएको यो गीत वि.सं.२०५७ मा कृष्णभक्त राईले विभिन्न बाजाका साथ गाएपछि चर्चित भएको थियो । भारतीय सेनामा रहेका रायमाझीका दाई लक्ष्मण रायमाझीले भारत-पाकिस्तानबीच भएको कारगिल युद्धका क्रममा सन् १९९९ ताका यो गीत लेखेका थिए ।

*दसैं नै हो कि यो मेरो दशमा फर्की आएको*

योगेश्वर अमात्यको स्वरको यो गीतमा फरक स्वाद पाइन्छ । यो गीतमा बढ्दो महँगीले नेपाली समाजलाई पारेको असर प्रतिविम्बित छ । न्ह्युँ बज्राचार्यको संगीतको यो गीतको शब्द प्रेम बस्नेतले लेखेका हुन् ।

*यसपालि दसैंमा ठूलो दाजु आउने रे*

स्व. कुल पोखरेलको स्वरको यो गीतलाई अन्य गायकले पनि आफ्नो स्वर दिएर युट्युबमा राखेका छन् । यो गीत बालबालिकाहरूले विशेष मन पराउने गरेका छन् ।

*यो दसैंमा म घर आइनँ*

यो गीतमा रेशम थापा र उद्धव कार्कीलाई सीता थापा र गीता कोइरालाले साथ दिएका छिन् । लोकदोहोरी मन नपराउनेहरूले समेत यो गीत गुनगुनाउने गरेका छन् । यो गीतमा परदेशबाट घर फर्कन नसकेका नेपालीहरूको यो पीडा समेटिएको छ ।

*रातो टीका दसैंको जमरा*

चलचित्र मनमन्दिरको यो गीतले पनि दसैंको झझल्को दिन्छ । राजेश हमाल र झरना थापामाथि फिल्माङ्कन गरिएको यो गीत दसैंमा निकै बज्छ ।

*दसैं आयो*

चलचित्र मुग्लानको यो गीत पछिल्लो पुस्ताका युवाहरूबीच चर्चित गीत हो । युवा-युवतीहरू दसैंका कार्यक्रमहरूमा यही गीतमा नाचिरहेका हुन्छन् ।

*वर्ष र दिनमा लैलै*

सुगम पोखरेलको स्वरको यो गीत पनि युवा पुस्ताले औधी रुचाइएको दसैं गीत हो । रवि श्रेष्ठको शब्दको यो गीत फरक स्वादको छ ।

थालैभरि रातो-रातो अक्षता र पाती

सुनिल गिरीको स्वर, संगीत तथा शब्दको यो गीत युट्युबमा डेढ लाख पटक भन्दा बढी हेरिसकिएको छ । यो गीतमा दसैंमा घर फर्किएको लाहुरे तथा गाउँको रमाइलो वातावरणको वर्णन गरिएको छ ।

परदेशबाट फरिया ल्याइदिउँला

शिव थापामगरको स्वर, शब्द तथा संगीतको यो गीत पनि चर्चित दसैं गीत हो । उदयराज पौडेलको संगीत संयोजनको लोकपप शैलीको यो गीतमा दसैंमा प्रदान गरिने उपहारका सम्बन्धमा वर्णन गरिएको छ ।

ऋषि राई

## फिल्मी डायरी

### सम्पादनमा प्रेमनाथ

प्रेममा आधारित चलचित्र प्रेमनाथको छायांकन सम्पन्न भएर सम्पादन प्रारम्भ गरिएको निर्देशक गणेश बेल्बासेले बताएका छन् । यो चलचित्रको छायांकन कपिलवस्तु, दाङ तथा रोल्पाका साथै भारतको लखनउमा समेत गरिएको छ । नायिका कृति गौतमले नेपाली रजतपटमा डेब्यू गर्ने यो चलचित्रमा अभिनेता निर शाह, गणेश बेल्वासे, सुरबीर पण्डित, कमल गाउँले, राज थापा, मियुम जिरेल, शेखरजंग मल्ल, मोनालिसा विष्ट, सम्झना भेटवाल, पूजा रिमाल आदिको अभिनय हेर्न पाइनेछ ।

### ड्रिमगर्लको टिकटक

चलचित्र ड्रिमगर्लले टिकटक म्युजिकल्ली च्यालेन्जका विजेतालाई पुरस्कार वितरण गरेको छ । मंसिर ७ गते प्रदर्शनमा आउने यो चलचित्रको गीतमा तयार पारिएका म्युजिकल्लीका विजेताहरूलाई चलचित्रकी अभिनेत्री आश्मा गिरी, अभिनेता आकाश श्रेष्ठ, निर्देशक ऋषिराज आचार्य, अभिनेता शिशिर भण्डारी आदिले उपहार प्रदान गरेका थिए ।

### प्रियंकाको चलचित्रलाई पुरस्कार

अभिनेत्री प्रियंका चोपडाको होम प्रोडक्सनबाट निर्मित नेपाली चलचित्र पाहुनालाई जर्मनीको स्लिगेल अन्तर्राष्ट्रिय बाल चलचित्र महोत्सवमा विशेष पुरस्कार प्रदान गरिएको छ । प्रियंकाले ट्विटरमा लेखेकी छन्- पाहुना एउटा यस्तो चलचित्र हो, जसमाथि मलाई सुरुदेखि नै विश्वास थियो । म यो चलचित्रमा संसारभरबाट मिलेको प्रतिक्रियाबाट खुसी छु । पाहुना तीन नेपाली बालकको कथा हो, जो माओवादी आन्दोलनबाट आफूलाई जोगाउन आफ्ना माता-पिताबाट अलग हुँदै सिक्किम पुग्छन् । पाहुनाको प्रिमियरको गएको वर्ष टोरन्टो अन्तर्राष्ट्रिय फिल्म महोत्सवमा गरिएको थियो ।

### उपन्यासमा नम्रता श्रेष्ठ

अभिनेत्री नम्रता श्रेष्ठको जीवनमा आधारित एउटा अर्को उपन्यास लेखिने भएको छ । वैशाखमा बजारमा ल्याउने गरी लेखक तथा पत्रकार सविन ि प्रयासनले उपन्यास लेखिरहेको खवर सार्वजनिक भएको छ । नम्रताको जीवनमा आएको उतारचढावलाई उपन्यासमा उतारेको लेखक प्रियान्सले बताएका छन् ।



छक्का पञ्जा-३ को सहयोग : दुर्गमका सुत्केरीहरूलाई उद्धार गर्ने अभियानको नेतृत्व गरिरहेका घर-आँगन संस्थाका दीपक सिल्वाललाई नगद राशि हस्तान्तरण गर्दै चलचित्र निर्देशक दीपाश्री निरौला तथा अभिनेता जितु नेपाल ।

### चंगा चेटको सिक्वेल

प्रदर्शन अगावै चलचित्र चंगाचेटको सिक्वेलको घोषणा गरिएको छ । चलचित्रका निर्माता माधव वाग्लेले चलचित्रको ट्रेलर रिलिज कार्यक्रममा चलचित्र सफल हुने आशा व्यक्त गर्दै यो चलचित्रको सिक्वेल निर्माण हुने बताएका हुन् । चंगा चेट कात्तिक १६ गते प्रदर्शनमा आउँदैछ ।

### गुनगुनको ट्रेलर

कात्तिक ३० गते प्रदर्शनमा आउने चलचित्र गुनगुनको अफिसियल ट्रेलर सार्वजनिक भएको छ जसमा सन्चिता लुइँटेल, रवीन्द्र प्रताप सेन तथा सुवास मेचे आदि कलाकार देखिएका छन् । चलचित्रमा नवीन श्रेष्ठ, गणेश जिसी, देशभक्त खनाल तथा अनु भण्डारी आदिले समेत अभिनय गरेका छन् ।

### हजार जुनीमा आर्यन र प्रियंका

निर्देशक विकासराज आचार्यको निर्देशन रहने चलचित्र हजार जुनीमाका लागि आर्यन सिग्देल तथा प्रियंका कार्की फाइनल भएका छन् । नाई नभन्नु ल-६ रोकेर विकासराज नयाँ चलचित्र निर्माणमा जुटेका हुन् । यो चलचित्रमा यसअघि स्वस्तीमा खड्का तथा सलोन वस्नेत फाइनल भैसकेका छन् ।

### फागुनमा क्याप्टेन

अनमोल केसी अभिनित क्याप्टेनको प्रदर्शन मिति घोषणा गरिएको छ । पटक-पटक प्रदर्शन मिति सरेको यो चलचित्र अब फागुन १७ मा प्रदर्शनमा आउने भएको छ । दीवाकर भट्टराईले निर्देशन गरेको चलचित्र क्याप्टेनको निर्माण भुवन केसीले गरेका हुन् ।

### दैलोको ट्रेलर

कात्तिक ३० गते प्रदर्शनमा आउने चलचित्र दैलोको अफिसियल ट्रेलर सार्वजनिक भएको छ । उक्त ट्रेलर सामाजिक मूल्यमान्यता, दाइजो तथा आमा-बुवाको छोरा-छोरीप्रतिको प्रेममा केन्द्रित छ । सुरेश उप्रेतीको निर्माण एवं निर्देशनको यो चलचित्रमा विमल भट्टराईको छायांकन तथा तारा थापाको सम्पादन हेर्न पाइनेछ ।

### दि कर्माको गीत

चलचित्र दि कर्माको गीत सार्वजनिक भएको छ । जवानीको बजार लाग्या छ बोलको उक्त गीतमा अभिनेत्री निता ढुंगाना, परमिता आरएल राणा आदि कलाकारको आइटमडान्स हेर्न पाइन्छ ।

### चितवनमा मदहोस

चलचित्र मदहोसको गीत माछी जालैमाको छायांकन चितवनमा सम्पन्न भएको छ । गोल्डेन आई फिल्म्सको ब्यानरमा राजु पौडेल प्रस्तुतकर्ता रहेको यो चलचित्रको लेखन तथा निर्देशन एसके अधिकारीले गरिरहेका छन् ।

### प्रेमलीलाको पोस्टर

माघ २५ गते प्रदर्शनमा आउने चलचित्र प्रेमलीलाको अफिसियल पोस्टर सार्वजनिक भएको छ । सार्वजनिक पोस्टरमा अभिनेत्री दीपशिखा मात्रै देखिएकी छिन् । जनक पाण्डेले निर्देशन गरेको यो चलचित्रमार्फत भारतीय मोडल अली खानले नेपाली चलचित्रमा डेब्यु गर्दैछन् ।

### बादशाह जुटको गीत

पुस १३ गते प्रदर्शनमा आउने चलचित्र बादशाह जुटको काफल पाक्यो गीत सार्वजनिक भएको छ जसमा प्रियंका कार्की, सुशील श्रेष्ठ तथा आमिर गौतम आदि कलाकारले अभिनय गरेका छन् । लोक फलेवरको उक्त गीतमा राजनराज सिवाकोटी तथा मेलिना राईको स्वर सुन्न सकिन्छ ।

### रहेनन बोगटी

चलचित्र कलाकार संघका अध्यक्ष रामकेशर बोगटीको ५८ वर्षको उमेरमा निधन भएको छ । ललितपुरको टीकाथलीस्थित निवास नजिक रूख काट्ने क्रममा रूखसँगै पोल ढलेर घाइते भएका बोगटीको उपचारका लागि बी एन्ड बी अस्पताल लाने क्रममा बाटोमै निधन भएको बी एन्ड बी अस्पतालमा खटिएका प्रहरिले बताएका छन् ।

## म्युजिक अपडेट

### सासामा दसैं इभ



दसैंको पूर्वसन्ध्यामा काठमाडौंको न्युरोडस्थित सासा इभेन्ट भेन्युमा 'दसैं इभ-२०७५' सांगीतिक कार्यक्रम सम्पन्न भयो । कन्सर्टमा सञ्जय श्रेष्ठ, भीम तुलाधर, बबिन प्रधान, जेम्स प्रधान, प्रवेशमान शाक्य, सचिन रौनियार, किरण खड्गी, लसता जोशी, रबिन महर्जन, रवि रिमाल, सुरेश मानन्धर, बबिता मानन्धर आदिले आफ्ना लोकप्रिय गीतहरू प्रस्तुत गरेर मनोरञ्जन प्रदान गरे । उक्त अवसरमा सविन शाक्य, आर्यम नकर्मी तथा सपना शर्माले स्ट्यान्डअप कमेडी प्रस्तुत गरेका थिए ।

### रायमाझीको फर्क दाइ फर्क

वरिष्ठ लोकसर्जक दुर्गा रायमाझीको नयाँ गीत 'फर्क दाइ फर्क' सार्वजनिक भएको छ । गायक रायमाझी आफैंले यो गीतमा शब्द, लय तथा स्वर दिएका छन् । गीतमा विदेशमा रहेका नेपालीहरूलाई स्वदेशमा फर्कन आह्वान गरिएको छ ।

### डी-मर्चाको नयाँ गीत

डी-मर्चा ब्यान्डको नयाँ गीत 'पानीघट्ट' को म्युजिक भिडियो यु-ट्युबमार्फत सार्वजनिक भएको छ । नवराज बरालको शब्द तथा डी-मर्चाको आफ्नै संगीतमा तयार पारिएको उक्त गीतमा सुदूरपश्चिम तथा पश्चिम नेपालको लोकभाकाको सम्मिश्रण छ । निकेश खड्काले निर्देशन गरेको उक्त भिडियोमा काउली बुढीका रूपमा परिचित सन्ध्या बूढा, निराजन प्रधान आदिले अभिनय गरेका छन् ।

### वेब सिरिजको भिडियो

गायक सन्जीव पुडासैनीले लोकप्रिय वेब सिरिज ट्वान्टी फर्स्ट लभमा समावेश गीत किन तिमी आजको वास्तविक म्युजिक भिडियो सार्वजनिक गरेका छन् । यसअघि उक्त गीतको लिरिकल भिडियोमात्र सार्वजनिक भएको थियो । उक्त गीतमा गायक पुडासैनीकै शब्द तथा संगीत सुन्न सकिन्छ ।

### थुलुङको लोकार्पण

थुलुङ राई भाषाको पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार पारेर पठन-पाठन थालिएको केही समयपछि नै थुलुङ राई भाषाको पहिलो बाल-गीति एल्बम 'थुलुङ' सार्वजनिक भएको छ । थुलुङ राई भाषा पाठ्यक्रम विकास समितिले तयार पारेको भिडियोसहितको उक्त बाल-गीति एल्बममा समावेश गीतमा जय राई, चम्पा राई, खुक्सङ खम्बू, मिश्रा राई, जसिहब राई तथा देब समिप थुलुङको शब्द एवं निलम रोजू राई, पदम थुलुङ राई, मन थुलुङ राई र जनम थुलुङको संगीत छ । एल्बममा १७ बालबालिकाको संयुक्त स्वर सुन्न सकिन्छ ।

### हाजिरी जवाफमा लोक संगीत

राष्ट्रिय लोक तथा दोहोरी प्रतिष्ठान नेपाल उपत्यका समन्वय समितिको आयोजनामा नेपालमा पहिलो पटक लोकसंगीत विशेष राष्ट्रिय हाजिरीजवाफ प्रतियोगिता सम्पन्न भएको छ । प्रतियोगितामा दाङका कलाकारहरूको समूहले पहिलो स्थान हासिल गऱ्यो भने ठमेल समूहले दोस्रो तथा ललितपुर समूहले तेस्रो स्थानमा चित्त बुझाए । पहिलो पटक र फरक प्रयास, लोकदोहारीमा नयाँ अभ्यास भन्ने नाराका साथ आयोजित उक्त प्रतियोगितामा १० वटा लोकदोहोरी समूह सहभागी थिए ।

### ढुंगाको मान्छे

हिमालय टेलिभिजनमा आबद्ध सरोज रावल तथा प्रज्वलराज शाक्यले निर्माण गरेको ढुंगाको मान्छे...गीतको म्युजिक भिडियो सार्वजनिक भएको छ । सुजन केसीको स्वरको उक्त गीतमा सुदर्शन थापाको शब्द तथा सिद्धार्थ थापाको संगीत सुन्न सकिन्छ । रावलद्वारा निर्देशित उक्त भिडियोमा लोमश शर्मा तथा काब्या न्यौपानेले अभिनय गरेका छन् ।

### दसैं गीतमा पीडा

गायक विशाल निरौलाले परदेशमा रहने नेपालीहरूलाई सम्बोधन गर्दै 'ज्यान यो परदेशी भयो' गीतको म्युजिक भिडियोलाई युट्युबमार्फत सार्वजनिक गरेका छन् । गायक निरौलाकै शब्द तथा संगीतको यो गीतको भिडियोमा बाध्यताले परदेसिन बाध्य सैनिकको पीडा झल्काइएको छ ।

### पोखरामा नवीन

पप स्टार नवीन के भट्टराई गत शुक्रबार पोखरामा प्रस्तुत भए । पोखरेली न्युजको वार्षिकोत्सव कार्यक्रममा अतृप्त ब्यान्डका साथमा नवीनले विगतका दिन स्मरण गर्दै गीत सुनाए । विशेष गरी ५० तथा ६० को दशकमा चर्चामा रहेका आफ्ना गीत सुनाउँदै उनले आफ्नो विगतको स्मरण मात्र गरेनन् दर्शकलाई समेत आफ्नो विगतमा फर्कन बाध्य तुल्याए ।

### नो प्रोब्लम

चलचित्र 'क्यारेड ग्याङ-३' की अभिनेत्री सानु खतिवडाको स्वर तथा संगीतको गीत गुन्यू चोलो लाउँदा पनि नो प्रोब्लम सार्वजनिक भएको छ, जसको रचना उक्त चलचित्रका निर्देशक राजु लामाले गरेका हुन् ।

### उर्लाबारीमा अल्मोडा

उर्लाबारी-७ स्थित नमुना बालगृहका बालबालिकाहरूसँग रमाइलो गर्ने उद्देश्यले आयोजित सांगीतिक कार्यक्रममा गायक अल्मोडा राना उप्रेतीले आफ्ना केही गीत प्रस्तुत गरे । अल्मोडाले बालबालिकाहरूलाई मनोरञ्जन मात्र गराएनन्, उनीहरूलाई एकछाक खाना पनि ख्वाए भने स्वयं आफैं बालबालिकाहरूसँगै बसेर खाना खाए ।

चलचित्र

# जय भोले



**निर्देशक :** अशोक शर्मा
**कलाकार :** सौगात मल्ल, खगेन्द्र लामिछाने, सलोन बस्नेत, स्वस्तिमा खड्का, बुद्धि तामाङ, राजाराम पौडेल, लक्ष्मी गिरी, बसुन्धरा भुषाल आदि ।
**संगीत :** राजनराज शिवाकोटी

ट्रेलर र गीतबाट निकै चर्चा कमाएको चलचित्र जय भोले प्रदर्शनका लागि तयार भएको छ । यो चलचित्र यही असोज ३० गते फूलपातीको दिनदेखि देशभरका हलमा एकसाथ प्रदर्शनमा आउँदैछ । एक महिनाअघि सार्वजनिक ट्रेलर अनुसार यो चलचित्र हास्यले भरिपूर्ण छ । उक्त ट्रेलर सार्वजनिक भएको एक महिनामा १० लाख पटक हेरिसकिएको छ । झन्डै २ करोडमा निर्माण सम्पन्न भएको यो चलचित्रमा नाम चलेका कलाकारहरूले अभिनय गरेकाले पनि यसको छुट्टै चर्चा छ । किरण शर्मा, कृति शर्मा तथा अंकित शर्माले संयुक्त रूपमा निर्माण गरेको चलचित्र जय भोलेले दर्शकलाई निराश नबनाउने निर्देशक अशोक शर्माको दाबी छ । झन्डै २ महिना लगाएर छायांकन गरिएको यो चलचित्रलाई पुरुषोत्तम प्रधानले खिचेका हुन् । चलचित्रको कथा स्वयं अभिनेता खगेन्द्र लामिछानेले लेखेका छन् । उनले झन्डै १ वर्ष लगाएर जय भोलेको कथा लेखेका हुन् । काठमाडौं तथा बाहिरका जिल्लामा समेत खिचिएको यो चलचित्र झन्डै १ सय हलमा एकसाथ प्रदर्शन हुने निर्देशक शर्माले बताए ।

# फ्राइडे



**निर्देशक :** अभिषेक डोगरा
**कलाकार :** गोविन्दा, वरुण शर्मा, प्रभलेन सन्धु तथा डिगांगना सूर्यवंशी ।

यसअघि असारमा प्रदर्शनमा आउने भनिएको चलचित्र फ्राइडे सरेर आज शुक्रबार प्रदर्शन हुँदैछ । बलिउडका स्थापित अभिनेता गोविन्दा लामो समयपछि चलचित्रमा देखा पर्दैछन् । कुनै बेला सबैभन्दा धेरै हिट चलचित्र दिने अभिनेतामा गोविन्दाकै नाम आउँथ्यो । पछिल्ला केही वर्षयता भने उनी कमै चलचित्रमा देखिएका छन् । यसअघि आफूले अभिनय गरेको एउटा चलचित्र व्यवसायिक रूपमा असफल भएपछि गोविन्दा केही निराश भएका थिए । चलचित्र 'फ्राइडे' हास्यप्रधान भएको बताइएको छ । यो चलचित्रको प्रदर्शन पटक-पटक सर्दै आएको छ । अधिकांश दृश्य भारतमै छायांकन गरिएको फ्राइडेलाई इनबक्स पिक्चर्स प्राइभेट लिमिटेडले निर्माण गरेको हो ।

रंगमञ्च

# खदामामा अरबको कहर



परिवर्तन थिएटर झापाले 'खदामा' शीर्षकको नाटकको प्रदर्शन प्रारम्भ गरेको छ । यो नाटक असोज २८ गतेसम्म चल्नेछ । वैदेशिक रोजगारीमा कुवेत पुगेकी एउटी सोझी गरिब महिलाको कथामा आधारित यो नाटकमा वैदेशिक रोजगारीका क्रममा नेपाली महिलाहरूले भोग्ने यथार्थलाई समेटिएको छ । करिब एक घन्टा लामो नाटकमा वैदेशिक रोजगारीले समाजमा निम्त्याएका विभिन्न विसंगतिको समेत चित्रण गरिएको छ । पत्रकार पर्वत पोर्तेलले लेखेको यो नाटकलाई युवा रंगकर्मी गणेश बस्नेतले निर्देशन गरेका हुन् । नाटकमा निर्देशक बस्नेतसहित अनुजा अधिकारी, कविता नेपाल, लीला विष्ट, दिनेश राजवंशी, पूजा आचार्य, लोमश पौडेल, विमला चिमरिया, दिवेश लामिछाने, अभिशेष गड्तौला तथा प्रतीक्षा आचार्यले अभिनय गरिरहेका छन् ।

# सेम टाइम नेक्स्ट इयर

टेकुस्थित कौसी थिएटरमा सेम टाइम नेक्स्ट इयर नाटक मञ्चन हुने भएको छ । अमेरिकी लेखक बर्नार्ड स्लेडको लेखन तथा चे शंकर रिजालको निर्देशनको उक्त नाटक कात्तिक ३० गतेदेखि मञ्चन गरिनेछ । अंग्रेजी भाषामै प्रस्तुत गरिने उक्त नाटकमा कलाकार आकांक्षा कार्की तथा दिव्यदेव पन्तले अभिनय गर्दैछन् ।

ग्यालरी

# आनन्दको चित्रकला

बबरमहलस्थित नेपाल आर्ट काउन्सिलमा आनन्द शुभम्को एकल चित्रकला प्रदर्शनी भैरहेको छ । प्रदर्शनीमा शुभम्ले १४ देखि १९ वर्षको उमेरसम्म बनाएका चित्र तथा १४ वर्ष ओशो तपोवनमा ध्यान गरेपछि बनाएका चित्र एवं इस्टलेसन आर्टहरू राखेका छन् । गत शनिबार प्रारम्भ भएको उक्त प्रदर्शनीमा १ सयवटा चित्र अवलोकन गर्न सकिन्छ । यो प्रदर्शनी आज शुक्रबार सम्पन्न हुने बताइएको छ ।

# यी हुन् इमेज एवार्ड विजेता



नेपाली संगीत उत्कृष्ट स्रष्टाहरूलाई २० औं संस्करणको इमेज एवार्डबाट पुरस्कृत गरिएको छ । समारोहमा संगीतकार प्रकाश गुरुङलाई लाइफ टाइम एचिभमेन्ट एवार्डद्वारा सम्मान गरियो । समारोहमा ऊर्जाको क्षेत्रमा अतुलनीय योगदान दिएर नेपाललाई लोडसेडिङबाट मुक्त गराउन महत्वपूर्ण भूमिका निर्वाह गरेको भन्दै नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई बेस्ट पर्सनालिटी अफ दि इयरको उपाधि प्रदान गरियो ।

समारोहमा २०७४ साल असार १ गतेदेखि २०७५ साल जेठ मसान्तसम्म सार्वजनिक भै दर्ता गरिएका नेपाली गीतका एल्बम, म्युजिक भिडियो एवं सिंगल ट्र्याकहरूमध्ये विभिन्न १८ विधामा संगीतकर्मीहरूलाई पुरस्कृत गरिएको हो । उत्कृष्ट गीत रचनातर्फको इमेज एवार्ड 'यो ऐना भनाउँदो...' गीतका रचनाकार आनन्द अधिकारीलाई प्रदान गरियो । सर्वोत्कृष्ट समूह अथवा युगल गायन एवार्ड 'हावा घरैमा...' गीतका लागि पूजन लोहागन तथा अनुपमा प्रधानले प्राप्त गरे । सर्वोत्कृष्ट नवकलाकार एवार्ड 'छामी हेरन' गीतका गायक सुवासचन्द्र जोशी तथा सर्वोत्कृष्ट संगीततर्फ 'जाउँला रेलैमा...' गीतका संगीतकार कमल खत्रीले हात पारे । सर्वोत्कृष्ट गीतको एवार्ड पनि गायक खत्रीकै 'जाउँला रेलैमा...' ले पायो । 'नौलाई शून्य नब्बे' गीतका रुपकुमार राई तथा मेनुका राई सर्वोत्कृष्ट गायन दोहोरी गीततर्फको एवार्ड प्राप्त गर्न सफल भए । सर्वोत्कृष्ट गायन लोकगीततर्फको एवार्ड दुई रुपैयाँको बिंडिकी गायिका सीता थापाले पाइन् ।

सर्वोत्कृष्ट लोकगीत संकलकको एवार्ड 'बोल माया' गीतका संकलक प्रकाश सपुतलाई प्रदान गरियो भने सर्वोत्कृष्ट दोहोरी गीतको एवार्ड पशुपति शर्मा तथा सम्झना भण्डारीको स्वरको 'छिनछिन बज्ने चुरा' ले जित्यो ।

सर्वोत्कृष्ट म्युजिक भिडियो छायाँकारको एवार्ड तिमीलाई छुँदै गीतका बुद्ध थापा तथा सर्वोत्कृष्ट म्युजिक भिडियो सम्पादकमा सोही गीतका विकास धमलाले जिते । सर्वोत्कृष्ट म्युजिक भिडियो निर्देशकको एवार्ड डोन्ट किल मीका निशान घिमिरेले प्राप्त गरे भने सर्वोत्कृष्ट म्युजिक भिडियो विधामा गायक दीपक बज्राचार्यको 'मन मगन' ले बाजी मार्‍यो ।

सर्वोत्कृष्ट गायन पुरुषको एवार्ड 'जाऊ तिमी...' गीतका कर्मा ग्याल्जेन बोमजन तथा सर्वोत्कृष्ट गायन महिलाको एवार्ड 'वन फूल' गीतकी गायिका दुर्गा परियारलाई प्रदान गरियो । सर्वोत्कृष्ट पप गायन महिलाको एवार्ड 'मनचरी' गीतकी गायिका श्रेया सोताङ तथा सर्वोत्कृष्ट पप गायन पुरुषको एवार्ड दीपक बज्राचार्यको पोल्टामा पर्‍यो । पब्लिक च्वाइस एवार्ड गायिका टीका प्रसाईंको गीत माया लुकी लुकीले प्राप्त गर्‍यो ।

उक्त अवसरमा अभिनेत्री प्रियंका कार्की, कार्टुन्ज क्रु आदि कलाकारले आकर्षक प्रस्तुत दिएका थिए भने अभिनेता जीतु नेपालसहित इमेज च्यानलकै आरजे/भिजेले कार्यक्रमलाई मनोरञ्जक शैलीमा सञ्चालन गरेका थिए ।

## शिव र प्राश्ना भए

# सर्वोत्कृष्ट गायक गायिका



७औं संस्करणको म्युजिक एवार्ड पहिलो पटक मोफसलको विराटनगरमा वितरण गरिएको छ । एवार्ड समारोहमा गायक शिव परियार सर्वोत्कृष्ट सुगम संगीत गायकको एवार्ड जित्न सफल भए । उनले 'वर्षौं भो छोडेको' गीतबाट एवार्ड जिते भने गायिका प्राश्ना शाक्यले सर्वोत्कृष्ट गायिकाको एवार्ड हात पारिन् । म्युजिकखबर डटकमको आयोजना तथा 'हामी युवा' को सह-आयोजनामा सञ्चालित उक्त समारोहमा विभिन्न ३२ विधामा एवार्ड वितरण गरियो । समारोहमा सर्वोत्कृष्ट पप गायिका एवार्ड मन्जु पौडेल तथा सर्वोत्कृष्ट पप गायक शङ्कर थापा घोषित भए । सर्वोत्कृष्ट गायक लोकदोहोरी दीपसागर थापा, सर्वोत्कृष्ट गायिका लोकदोहोरी सुनिता दुलाल, सर्वोत्कृष्ट चलचित्र पार्श्व गायिका अन्जु पन्त एवं सर्वोत्कृष्ट चलचित्र पार्श्व गायक राजेशपायल राई घोषित भए । श्रीदेव भट्टराईले उत्कृष्ट मोडलको एवार्ड जिते भने बेस्ट सिङ्गर अफ दि इयरको उपाधि सुमित खड्काले पाए । शम्भुजित बासकोटालाई 'विराट संगीतरत्न' द्वारा अभिनन्दन गरियो भने गायक सिताराम पोखरेललाई विशेष सम्मान प्रदान गरियो । उक्त अवसरमा माण्डवी त्रिपाठीलाई म्युजिक खबर दशकको स्रष्टा सम्मान, प्रेम सापकोटा सोनुलाई म्युजिक खबर डायस्पोरा संगीत सम्मान, मल्लिका कार्कीलाई म्युजिक खबर युवा प्रतिभा संगीत सम्मान तथा याङ्शु श्रेष्ठलाई म्युजिक खबर बाल प्रतिभा प्रोत्साहनबाट सम्मान गरिएको थियो ।

अनिल श्रेष्ठ

सूचना र मनोरञ्जनको संगालो
साप्ताहिक

# ह्याप्पी दसैं







# स्वस्तिमा खड्का

Log on to :
facebook
www.facebook.com\kantipursaptahik

तस्बिर : महेश प्रधान

पहिरन : स्वर्णिम बुटिक, कुपन्डोल

मेकअप : रचना शाक्य, केटीएम मेकअप स्टुडियो

लोकेसन : टंगाल उड, काम रेस्टुराँ, टंगाल

# तीज फोटो प्रतियोगिताका विजयी



कान्तिपुर मिडिया ग्रुपबाट प्रकाशन हुने 'नारी' (मासिक) को आयोजनामा ई-कान्तिपुर अनलाइन तीज फोटो प्रतियोगितामा मध्यपुर ठिमीकी कविता पौडेल सबैभन्दा बढी फेसबुक लाइक प्राप्त गरी प्रथम भएकी छिन् भने शिल्पा पौडेल दोस्रो तथा नितु श्रेष्ठ तेस्रो भएका छन् । प्रतियोगितामा उत्कृष्ट १० हुनेहरूलाई पुल्चोकस्थित एमएनएस टावरमा सम्मान तथा गिफ्ट ह्याम्पर प्रदान गरिएको थियो । यो प्रतियोगिता सौन्दर्य प्रसाधन उत्पादक पामाकेयरसँगको सहकार्यमा सञ्चालन गरिएको हो ।

# किङ एन्ड क्विन नेपाल



पोखरामा आयोजित दोस्रो संस्करणको किङ एन्ड क्विन नेपाल-२०१८ को उपाधि दिवसजंग क्षेत्री तथा रश्मि थापामगरले जितेका छन् । अन्तिम प्रतिस्पर्धामा उत्रिएका नौ जना प्रतियोगीमध्ये किङतर्फ कृष्ण सुनार फस्ट रनर्सअप घोषित भए । रोयल अर्किनी हाउसको उक्त प्रस्तुतिमा सुदर्शन पराजुलीले भ्युअर च्वाइस तथा आदर्श शाहीले अर्गानाइजर च्वाइस एवार्ड प्राप्त गरे । अडिसनमार्फत छानिएका प्रतियोगीलाई एक महिनाको तालिम पश्चात् फिनालेमा उतारिएको थियो ।

# मिस पोखरा-२०१८




दसौं संस्करणको मिस पोखरा-२०१८ को उपाधि सारा बजिमयले जितेकी छिन् । पृथ्वीनारायण क्याम्पस पोखराबाट माइक्रोबाइलोजीमा स्नातक गरेकी बजिमयले अब मिस नेपालमा सिधै प्रतिस्पर्धा गर्न पाउनेछिन् । उक्त प्रतियोगीतामा सुजिता केसी फस्ट रनर्सअप घोषित भइन् भने मिनाक्षी शर्माले सेकेन्ड रनर्सअपमा चित्त बुझाइन् । पोखरा जेसीजले आयोजना गरेको यो प्रतियोगिताको फाइनलमा १७ जना युवती पुगे पनि दुई जना प्रतियोगी अन्तिम प्रतिस्पर्धामा सहभागी नभएपछि १५ जनाबीच प्रतिस्पर्धा गराइएको थियो ।

# नेपाल रोड रेसिङ च्याम्पियनसिप



स्ट्रिट बाइक च्याम्पियनसिप 'नेपाल रोड रेसिङ च्याम्पियनसिप-२०१८' मा २०० सीसीतर्फ प्रशान्त जङ्ग कार्की तथा १५० सीसी तर्फ विवेक श्रेष्ठले जित हासिल गरेका छन् । उक्त च्याम्पियनसिपमा २०० सीसीतर्फ आशुतोष धन्जु फर्स्ट रनर अप र सुजन थापा सेकेन्ड रनर अप भए भने १५० सीसी तर्फ आशिक लामा फर्स्ट रनर अप र पविन कार्की सेकेन्ड रनर अप भए । गत शनिबार सम्पन्न २०० सीसी क्याटागोरीतर्फ बेस्ट राइडरमा रवि साह, मिस्टर प्रोपर सेफ्टी गियर्समा गौराङ्ग प्रताप सिंह तथा मिस्टर पब्लिक च्वाइसमा राजकुमार कार्कीलाई पुरस्कृत गरियो । त्यसैगरी १५० सीसी क्याटागोरीतर्फ बेस्ट राइडर च्यान्जी राजा जोशी, मिस्टर प्रोपर सेफ्टी गियर्स रितेश श्रेष्ठ तथा मिस्टर पब्लिक च्वाइस निसान न्यौपाने घोषित भए । मोटर स्पोर्ट्स नेपालले आयोजना गरेको उक्त च्याम्पियनसिपलाई नेपाल अटोमोबाइल्स एसोसिएसन (नासा) का साथै नेपाल मोटरसाइकल फेडरेसन (एनएमएफ) को समेत समर्थन थियो ।

# वर्ल्ड डान्स लिग नेपाल



वर्ल्ड डान्स लिग नेपालको अडिसन सम्पन्न भएको छ । मिरर किङ इन्टरटेनमेन्टले आयोजना गरेको यो कार्यक्रम भारतको भी कम्पनीको फ्रेन्चाइज कार्यक्रम हो । काठमाडौं, पोखरा, चितवन, इटहरी, बाग्लुङ, नेपालगन्ज, झापा, बुटवल तथा हेटौंडामा भएका अडिसनमार्फत ५८ जना नेपाली छनौट भएको आयोजकहरूले बताएका छन् । अब अडिसनमार्फत छानिएका प्रतियोगीबीच प्रतिस्पर्धा गराई तीन विधाका विजेता छनौट गरिनेछ । वर्ल्ड डान्स लिग नेपालको फाइनल मंसिर १ गते पोखरामा हुनेछ । सोलो, ग्रुप तथा युगल गरी तीन विधामा विभाजित यो प्रतियोगितामा भोटिङ हुनेछैन । छनौट भएका तीनै विधाका विजेताले नेपालको प्रतिनिधित्व गर्दै वर्ल्ड डान्स च्याम्पियनसिपमा प्रतिस्पर्धा गर्नेछन्, जहाँ विश्वका झन्डै २५ देशका प्रतियोगी सहभागी हुने बताइएको छ । वर्ल्ड डान्स लिगको ग्रान्ड फिनाले सन् २०१९ मा मुम्बईमा हुनेछ ।

**विराटनगरमा बडी बिल्डिङ :** विराटनगरस्थित 'बी' प्लटमा राजनैतिक भाषण र सवारी साधनको पार्किङ हुने स्थलमा शुक्रबार दिउँसो भने छुट्टै वातावरण थियो । त्यहाँ मोरङ बडी बिल्डिङ एन्ड फिटनेस एसोसिएसनले आयोजना गरेको सुनसरी तथा मोरङका पुरूष एवं महिला खेलाडीहरूको प्रदर्शन हेर्न दर्शकको घुइँचो लागेको थियो । करिब दुई घण्टा चलेको उक्त कार्यक्रम युवाहरूलाई लागूऔषधको दुर्व्यसनबाट जोगाउन तथा खेलकुदप्रति आकर्षित गर्ने उद्देश्यले आयोजित गरिएको आयोजक संस्थाका अध्यक्ष अमलेश कर्णले बताए ।



तस्विर : अनिल श्रेष्ठ

# अभूतपूर्व परिकल्पना



'अभूतपूर्व परिकल्पना' शीर्षकअन्तर्गत २१ वटा पहिरनमा विद्यार्थी डिजाइनरहरूको मेहनत प्रशंसनीय रह्यो । ८४ जना विद्यार्थी डिजाइनको २१ वटा समूहले प्रस्तुत गरेको पहिरनरुपी आकृतिहरू विज्ञान प्रविधि, जीव जन्तुको म्युटेसन, अनलाइन गेम्स, मानव तथा अन्य जीवको म्युटेसन, संगीत, रोबट, स्पेश सीप आदिबाट प्रभावित थिए ।

## उरुषालाई एवार्ड

क्वालालम्पुरमा सञ्चालन भैरहेको मिस कज्मोपोलिटन वर्ल्ड-२०१८ मा नेपाली प्रतिनिधि उरुषा थापाले ट्यालेन्ट विधामा सफलता प्राप्त गरेकी छिन् ।



# टुरिज्म एन्ड कल्चर युनिभर्स नेपाल

प्लानेट मल्टिमिडिया इन्टरनेसनलले अन्तर्राष्ट्रिय स्तरको सौन्दर्य प्रतियोगिता 'मिस एन्ड मिस्टर टुरिज्म एन्ड कल्चर युनिभर्स' आयोजित गर्ने भएको छ । उक्त प्रतियोगिता नेपाल भ्रमण वर्ष-२०२० लाई लक्षित गर्दै सञ्चालन गर्न लागिएको आयोजक संस्थाका प्रमुख मोनित महर्जनले जानकारी दिएका छन् । यो प्रतियोगिता नेपालको सबै प्रदेशको पर्यटन तथा संस्कृति झल्कने गरी देशका ९ ठूला सहरमा सञ्चालन हुँदैछ । १८ वर्षदेखि २८ वर्ष उमेर समूहका महिला तथा १८ देखि ३५ वर्ष उमेर समूहका पुरुषले सहभागिता जनाउन सक्ने यो प्रतियोगिताका विजेताले म्यानमारमा हुने अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपालको प्रतिनिधित्व गर्नेछन् ।



# मिस्टर एन्ड मिस लिटिल भैरहवा

सात जना प्रतिस्पर्धीलाई पछि पार्दै भैरहवाका १३ वर्षीय कृष्ण मल्ल ठकुरी 'मिस्टर लिटिल भैरहवा' को उपाधि हात पार्न सफल भएका छन् भने १३ वर्षीया जान्वी गौचन 'मिस लिटिल भैरहवा' घोषित भएकी छिन् । आरएन्स फेसन स्टाइल, भैरहवाले सञ्चालन गरेको 'मिस्टर एन्ड मिस लिटिल भैरहवा' मा पुरुषतर्फ ८ जना बालक प्रतिस्पर्धामा थिए ।



# प्रवासको दसैं : नेपालमा भन्दा कम छैन

युवराज गौतम

हिन्दूहरूको महान् पर्व दसैं-तिहारमा नेपालमा जति रौनक देखिन्छ विदेशमा समेत उस्तै रमझम हुन्छ। जन्मघर नेपाल आउन नपाएका धेरै नेपालीले प्रवासीमै विविध तरिकाले दसैं मनाउँछन्। आफन्त तथा मान्यजन नहुनेहरू साथीहरूसँग रमाउँछन्।

प्रवासमा चाडपर्वका बेला विभिन्न खेल प्रतियोगिता एवं सांगीतिक कार्यक्रमहरू आयोजित गर्ने चलन पुरानै हो। नेपाली समुदायको बाक्लो बसोबास भएका स्थानहरूमा त नेपालकै गाउँघरमा जस्तै रौनक हुन्छ। अमेरिकाको टेक्सासमा बसोबास गर्ने सच्चित कट्टेल भन्छन्, 'नेपालमा जस्तो रमाइलो त हुँदैन तर आफन्त तथा साथीभाइको जमघटदेखि फुटबल प्रतियोगिता अनि कन्सर्टसम्मको मज्जा लिन पाइन्छ।'

नेपालबाट कलाकारहरू झिकाएर सांगीतिक धुनमा रमाउनु त प्रवासीहरूको विशेषता नै हो। विदेशका नेपालीले खोलेका संघ-संस्थाहरूले दसैं-तिहार कन्सर्टको आयोजना गरिहाल्छन्, त्यसबाहेक 'भाले जुधाई', 'हाँडी फुटाउने' प्रतियोगितादेखि फुटबल प्रतियोगिता आदिले प्रवासको दसैंमा बेग्लै रौनक छर्छन्।

यो वर्ष पनि विदेशका अधिकांश देशमा दसैं विशेष कार्यक्रमहरू भैरहेका छन्। टेक्सासको ड्यालसमा '७ औं दसैं कप फुटबल प्रतियोगिता'को भव्य तयारी गरिएको छ। त्यहाँ यो वर्ष नेपालका पूर्व राष्ट्रिय खेलाडी सुनिल तुलाधरलाई सम्मान गर्दै अक्टोबर १४ तारिखदेखि यो प्रतियोगिता सञ्चालनमा आउँदैछ।

जापानको टोकियोमा भएका पत्रकार गोकर्ण अधिकारी भन्छन्, 'जापानका रेस्टुराँहरू यतिबेला दसैंमय भएका छन्। सबै शुभकामना आदनप्रदानदेखि सांगीतिक कार्यक्रमहरूमा व्यस्त छन्।' अधिकारीका अनुसार त्यहाँ सबै नेपालीका आफन्त नभए पनि चिनजानका मान्यजनकहाँ गएर टीका तथा जमरा लगाउने र मीठो-मसिनो खाने चलन छ भने कतिपयले रेस्टुराँमै बसेर रमाइलो गर्छन्।

हालै मात्र जापानको टोकियोमा आयोजित गायक रामकृष्ण बम मल्लको एकल साँझले दसैंको झझल्को दिइसकेको छ। त्यसबाहेक दसैं-तिहारकै अवसरमा जापानका १५ वटा सहरमा चलचित्र 'छक्कापञ्जा-३'को प्रदर्शन हुन लागेकाले अर्को रौनक थपिएको छ। उता अष्ट्रेलियाको सिड्नीमा गायक प्रताप दास, प्रीति आले, हर्कुलस बस्नेत आदिले 'दसैं रमझम साँझ-२०१८' मा जोडदार प्रस्तुति दिएर दसैं भित्रिएको संकेत दिइसकेका छन्।

नेपालीहरूको बाक्लो बसोबास रहेको बेलायतमा पनि दसैंको रौनक उस्तै छ। बेलायतका विभिन्न सहरमा विविध कार्यक्रमको तयारी भैरहेको छ। अक्टोबर १५ तारिखमा लन्डनको लड्स क्लबमा 'सनराइज दसैं-तिहार शुभकामना साँझ' प्रस्तुत हुँदैछ। उक्त कार्यक्रममा मिलनराज क्षेत्री, मिना लामा, सिता केसी, सुजन पराजुली आदिले प्रस्तुति दिँदैछन्।

त्यस्तै हिन्दू पण्डित समाज बेलायतले लन्डन साउथहल मन्दिरमा बडादसैं भित्र्याउने तयारी गरेको छ। दसैं कार्यक्रमअन्तर्गत घटस्थापनामा विशेष पूजा गरी जमरा राख्ने, दैनिक दुर्गा सप्तशती चण्डीपाठ एवं आरती, सप्तमीका दिन फूलपाती भित्र्याउने, अष्टमीका दिन कालरात्री विशेष पूजा, नवमीका दिन नवदुर्गाका रूपमा नवकन्या पूजन गरी दशमीका दिन पूजा विसर्जन तथा जमरा वितरणको कार्यक्रम छ। नेपाल पत्रकार महासंघ, बेलायतका महासचिव संजयभक्त कंडेल भन्छन्, 'बेलायतमा सामान्य नेपालीहरूले मात्र होइन, गोर्खा पल्टनहरूमा समेत फूलपाती भित्र्याउने तथा रमाइलो गर्ने चलन छ। यहाँ गोर्खा फौजका लागि परिवारसहित विशेष कार्यक्रमको आयोजना नै गरिन्छ।'

युरोप, अमेरिका, क्यानाडा आदि देशमा दसैंको रौनक छाउँदा खाडी देशमा रहेका नेपालीहरूले पनि दसैंको भव्य तयारी गरिरहेका छन्। राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल, कतार शाखाले अक्टोबर ५ तारिखमा गायक बद्री पंगेनीका साथमा दसैं-तिहार सांगीतिक साँझ सम्पन्न गरेर दसैंको स्वागत गरिसकेको छ। उता इजरायलमा पनि गैर आवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद्ले दसैं कप फुटबल प्रतियोगिताको तयारी गरिरहेको छ।

प्रवासमा रहेका नेपालीहरूले चाडपर्व मनाउन मात्र होइन, आफ्नो मौलिक पहिचानका लागि पनि विशेष जमघट तथा विविध कार्यक्रम आयोजित गर्न थालेका छन्।



## बिहान टीका साँझ रमाइलो



● गोकर्ण अधिकारी
टोकियो, जापान

केही वर्षदेखि जापानमा कार्यरत नुवाकोटका गोकर्ण अधिकारी त्यता गए यता दसैंमा घर आउन पाएका छैनन्। यद्यपि जापानमा पनि साथी सर्कलसँग चाडपर्व मनाउने उनी बताउँछन्। करिब ८५ हजार नेपाली भएको जापान अत्यन्तै व्यस्त देश भएकाले रोजगारी गरिरहेका नेपालीहरूलाई चाडपर्वमा बिदा मिलाउन हम्मे-हम्मे पर्छ। यहाँ टीकाकै लागि भनेर एकदमै कम व्यक्तिले बिदा मिलाएका हुन्छन्। बिहान साथीहरू मिलेर टीका लगाउने र ड्युटी सकेर साँझ साथीभाइ तथा आफन्तकहाँ भेला भएर खानपान गर्ने, शुभकामना र आशीर्वाद आदनप्रदान गर्ने गोकर्ण बताउँछन्। यहाँ हिन्दू मन्दिरहरू नभए पनि जापानी मन्दिरमा पूजाआजा गर्ने चलन छ। तोकिएको निश्चित स्थानबाहेक अन्य स्थानमा पशु मार हान्न पाइँदैन भने लिङ्गे पिङ पनि देख्न पाइँदैन। विशेषत नयाँ वर्ष र दसैंमा धेरै नेपालीहरूले एक दिनका लागि भए पनि बिदा लिन्छन्।

## घर विदा लिएर दसैं



● सचित कट्टेल
टेक्सास, अमेरिका

एक दशकदेखि अमेरिकाको टेक्सासमा भएका इलाम, फिक्कलका सचित कट्टेल विशेषतः आफ्नै सर्कलमा भएका मान्यजनबाट टीका लगाउँछन्। आफन्तहरू नभए पनि साथी सर्कलसँगै बसेर तासमा रमाउने तथा विभिन्न परिकार बनाएर खाने गरेको उनी सुनाउँछन्। कट्टेल त्यसबाहेक नेपाली समुदायले आयोजना गर्ने कन्सर्ट तथा फुटबल टुर्नामेन्टहरूमा पुग्छन्। एनिमल ल का कारण मार हान्न बन्देज लगाइएकाले अमेरिकामा हिन्दू परम्परा अनुसार पशु बलि दिन पाइँदैन भने त्यहाँ पिङ हाल्ने चलन पनि छैन। यद्यपि हिन्दू मन्दिरहरूमा भने दस दिनसम्म दुर्गा पूजा लगाउने चलन छ। घरमै जमरा उमार्ने तथा रातो अक्षता लगाएर आशीर्वाद लिने चलन भने यथावत रहेको कट्टेलले बताए। सचित भन्छन्- सार्वजनिक बिदा नभए पनि घर बिदा लिएर दसैंमा रमाउने परम्परा रहँदै आएको छ।

## आलोपालो बिदा मिलाएर टीका लगाउँछौं



● प्रमोद राय क्षेत्री
दोहा, कतार

विगत चार वर्षदेखि कतारको दोहामा कार्यरत हरिवन, सर्लाहीका प्रमोद राय क्षेत्रीले प्रवासमा दसैं मनाएको तीन वर्ष भयो। नेपालमा आफ्नै घर परिवारसँग जस्तो रमाइलो नभए पनि साथीभाइ भेटेर रमाइलो गर्ने र टीका लगाउने राय बताउँछन्। मुस्लिम समुदायको बाहुल्यता भएको कतारमा दसैंको खासै महत्व नभए पनि आ-आफ्नो क्याम्पमा बसेर सामूहिक टीका लगाइन्छ। सबैलाई बिदा मिल्दैन। पालो-पालो बिदा मिलाएर साथीहरूसँग भेट्ने र जमरा नभए पनि रातो अक्षता भने टाँस्ने उनले बताए। दसैंमा नेपालमा भएका आफन्तसँग फेसबुक, भाइबर आदि माध्यमबाट दुख-सुख आदनप्रदान गरिन्छ। पिङ देख्न नपाए पनि साथीहरू मिलेर मार हान्ने गरेको राय बताउँछन्। मन्दिर नभएकाले कोठामै दुर्गाको तस्विर टाँसेर पूजाआजा गर्छौं। दोहाको कर्नेस, सनैया नेपालीहरू धेरै भेटिने स्थान हो। त्यहाँ हामी भेला हुन्छौं र मीठा परिकारहरू खाँदै नाचगान गर्छौं। आलोपालो बिदा मिलाएर बिहान टीका लगाउनु तथा साँझपख रमाइलो गर्नु यहाँको पुरानै चलन हो।

## जमरा राख्छौं, मारकाट गर्दैनौं



● अर्जुन कुमार श्रेष्ठ
स्वीडेन

एनआरएनए स्वीडेनका अध्यक्ष अर्जुन कुमार श्रेष्ठ पुर्खौली घर पर्वतको कुश्माबाट स्वीडेन पुगेको एकदशक भैसकेको छ। श्रेष्ठले एकाधबाहेक सबै दसैं स्वीडेनमै मनाएका छन्। उनले कुनै वर्ष आमा-बुबालाई स्वीडेन नै बोलाएर पनि टीका तथा आशीर्वाद ग्रहण गरे। बर्सेनि एनआरएनएले दसैंमा सामूहिक टीका लगाउने कार्यक्रमको आयोजना गरे पनि यो वर्ष आ-आफ्नै तरिकाले मनाउने तयारी भैरहेको उनले बताए। श्रेष्ठका अनुसार यहाँ मठ मन्दिर नभएकाले घरमै जमरा राखिन्छ अनि टीका तथा आशीर्वाद आदानप्रदान गरिन्छ।' यसपटक यहाँ भएका आफन्त बोलाउने र नाचगान गर्ने, घुम्न जाने र मीठोपरिकार बनाएर खाने उनको योजना छ। मारकाट गर्ने र फूलपाती भित्र्याउने मेलो नजुरे पनि जमरा चाहीं राख्ने गरिएको श्रेष्ठले बताए।

## सिड्नीमा नेपाल चंगा महोत्सव


दसैंका अवसरमा भोलि शनिबार अष्ट्रेलियाको सिड्नीमा पाँचौं संस्करणको नेपाल चंगा महोत्सव-२०१८ हुँदैछ। नेपाली समुदायमाझ अत्यन्त लोकप्रिय यो फेस्टिभलको मुख्य आकर्षण चंगा उडाउनु भए पनि यो वर्ष आयोजना संस्थाले नेपालका लोकप्रिय गायक दीपक बज्राचार्य तथा उनको रिदम ब्यान्डलाई प्रमुख आकर्षण बनाएको छ।


उक्त कार्यक्रम स्थानीय समयअनुसार दिउँसो १२ बजेदेखि राति ९ बजेसम्म सञ्चालन हुने बताइएको छ। कार्यक्रमको निर्धारित तालिकाअनुसार दिउँसो १२ बजेदेखि ५ बजेसम्म स्थानीय कलाकारहरूको प्रस्तुति, चंगा उडान प्रतियोगिता, म:म खाने प्रतियोगिता, रथ जात्रा, लाखे नृत्य, पुलुकिसी नृत्य आदि सञ्चालन गरिनेछ।

कार्यक्रममा आठ वटा फरक-फरक फुड स्टलको व्यवस्था गरिएको छ। त्यसका साथै बालबालिकाहरूका लागि जम्पिङ क्यास्टल, फेस पेन्टिङसहितका मनोरञ्जक कार्यक्रमहरू समेत सञ्चालन गरिनेछ। आयोजक गुठि अष्ट्रेलियाका अध्यक्ष शिव श्रेष्ठका अनुसार उक्त कार्यक्रममा सहभागिताका लागि कुनै शुल्क लाग्ने छैन, यद्यपि चंगा तथा लट्टाई भने निश्चित शुल्कतिरी भाडामा लिनु पर्नेछ।

# मोबाइल गेम
# रोमाञ्चकताको अर्को अनुभव








एकराज सुवेदी

तपाइको फेसबुकमा विभिन्न गेम खेल्न अनुरोध आउने गरेको होला । कतिपयले त वाक्क भएर यस्ता गेम खेल्ने अनुरोध नपठाउन फेसबुक वालमै अनुरोध गरेको समेत पाइन्छ । अहिले फेसबुक तथा अन्य अनलाइन माध्यममा गेम खेल्ने प्रचलनको निकै विकास भएको छ । क्यान्डी क्रस, फार्म हिरो आदि विभिन्न गेम अनलाइन रूपमा लोकप्रिय पनि छन् ।

केही समय पहिले फेसबुकमा खेलिने गेमका आधारमा फेसबुकले एउटा अध्ययन गरेको थियो । उक्त अध्ययनअनुसार त्यतिबेला फेसबुकका १ अर्ब ३० करोड प्रयोगकर्तामध्ये ३१ करोड ५० लाख प्रयोगकर्ताले मासिक रूपमा कमसेकम एउटा गेम खेल्थे । त्यस्तै गेम खेल्न अनुरोध गर्दै पठाइने नोटिफिकेसनको संख्या पनि बढेको थियो । फेसबुक प्रयोगकर्ताले हरेक दिन ७३ करोड ५० लाख नोटिफिकेसन पठाउने फेसबुकले जनाएको थियो । खासगरी स्मार्टफोन, एन्ड्रोइड तथा डेस्कटप तीन वटै स्थानमा खेल्न मिल्ने गेमले धेरै पैसा कमाउने तथ्यांक पनि फेसबुकले सार्वजनिक गरेको थियो ।

यसरी सर्वाधिक खेलिने गेममा क्यान्डी क्रस सागाले सबैलाई उछिनेको थियो । सन् २०१२ को अप्रिलमा सोसल नेटवर्कमा लन्च भएको उक्त गेम किङ नामक कम्पनीले निर्माण गरेको हो । त्यो समयमा फेसबुकमा यो धेरै खेलिने गेम भएको थियो । यसमा एउटा खेल निश्चित लेभलसम्म खेलेपछि अर्को लेभलमा पुग्न साथीबाट अनुमति अर्थात टिकट लिनुपर्ने हुन्छ । ३ जना साथीले अनुमती पठाइदिएपछि वल्ल अर्को लेभलमा पुगिन्छ । यदि साथीहरूले टिकट पठाइदिएनन् भने त्यही अड्किएर बसिरहनु पर्छ । यसले गर्दा पनि क्यान्डी क्रस खेल्नेहरूबाट विभिन्न नोटिफिकेसन आउँथ्यो । यद्यपि अफलाइन रूपमा र किनेर पनि यो खेल खेल्न सकिन्छ ।

पछिल्लो समयमा विभिन्न प्रकारका गेम बजारमा प्रचलित छन् । यस्ता गेम मोबाइलदेखि लिएर कम्प्युटर तथा ठूला गेम जोनसम्ममा खेल्न सकिन्छ तै पनि फेसबुकमार्फत आएका गेम खेल्नेहरू बढी हुन्छन् । पैसा हुनेहरू भिडियो गेमका लागि आवश्यक सामग्री किनेर घरमै पनि गेम खेल्छन् । नहुनेहरू गेम जोनमा गएर खेल्न सक्छन् । यस्ता गेममध्ये विशेष गरी एक्सन, एड्भेन्चर वा स्पोर्ट्स गेम नै प्रचलित भएको पाइन्छ । अफलाइन गेमका लागि यी गेम प्रचलित छन् । अनलाइन रूपमा पनि इन्टरनेटमै विभिन्न गेम खेल्न सकिन्छ । कतिपयले व्यावसायिक रुपमै पनि यस्ता गेम खेल्छन् । यद्यपि व्यावसायिक रुपमै खेल्ने खेलाडीका लागि भने इन्टरनेटको गति अलि तीव्र हुनु आवश्यक छ ।

कुनै समय स्नेक ९७ खेलेर रमाउने नवीन ध्वजु हाल गुगल प्ले स्टोरमा उपलब्ध विभिन्न मोबाइल गेम खेलेर समय बिताउँछन् । स्नेक गेममा भए जस्तै ट्विस्ट र टर्न नै यी खेलमा पनि प्रयोग हुन्छ र कन्ट्रोल चाहिं पुरानै जस्तो हुन्छ ।

कुनै समय लुडो निकै लोकप्रिय थियो । लुडोले धेरैलाई आफ्नो बाल्यकालको सम्झना दिलाउँछ । केही वर्ष पहिले स्मार्टफोन नआउँदासम्म सबै उमेर समूहका मानिसहरू परिवारका सदस्य वा साथीभाइहरूसँग यो गेम खेलिरहेका पाइन्थे । समयक्रममा यो गेम खेल्ने शैलीमा समेत परिवर्तन आएको छ । अब यो गेम मोबाइल, ट्याब्लेट वा कम्प्युटरमा एक्लै पनि खेल्न सकिने भएको छ ।

आज लुडो विश्वका विभिन्न देशमा लोकप्रिय छ । यसका ठूला प्रतियोगिता समेत हुन्छन् । गुगल प्ले स्टोर वा एप्पलको एप स्टोरमा लुडो नामका अनेकन एप्स उपलब्ध छन् । सर्वाधिक लोकप्रिय मानिएको लुडो किङ एप १० करोड भन्दा बढी पटक डाउनलोड भैसकेको छ ।

लुडोको लोकप्रियताकै कारण नेपाली एप डेभलपर जीवन श्रेष्ठले 'लुडो निओ क्लासिक' एप तयार पारे । हाल उक्त एप यति लोकप्रिय छ कि त्यसका १ करोडभन्दा बढी प्रयोगकर्ता छन् । बाघचाल अब स्मार्टफोनमा समेत खेल्न सकिने भएको छ । यसका लागि अनलाइन बाघचाल नामक एप्स समेत बनेको छ । खासगरी कतार, दुबई आदि मुलुकमा यसको प्रयोग बढिरहेको बताइन्छ । यसका निर्माता सेमिकोलन डेभलपर्सका संस्थापक भूपाल सापकोटा भन्छन्, 'बाघचाल नेपाली खेलका रूपमा विदेशीहरूमाझ समेत प्रसिद्ध भैरहेको छ ।' केही भारतीयले समेत बाघचाल एप्स विकास गरेका छन् तर रियल टाइममा रहेर विश्वको जुनसुकै भागमा भएका अर्का व्यक्तिसँग खेल्न मिल्ने सुविधा सापकोटाको एप्समा मात्र छ ।

धेरै मानिसहरू ताससँग सम्बन्धित गेम निकै रुचाउँछन् । त्यसैले यससँग सम्बन्धित एप्सको प्रयोग पनि बढ्दो छ । यही कुरालाई ध्यानमा राखी नेपाली एप डेभलपरहरूले पनि त्यस्तै एप्स तयार पारेका छन् । जीवन श्रेष्ठले नै 'कल ब्रेक प्लस प्लस' एप्स निर्माण गरेका छन् र यसका प्रयोगकर्ता १० लाखको हाराहारी छन् । निमेष जोशीद्वारा निर्मित 'कल ब्रेक' एपका प्रयोगकर्ताको संख्या करिब ५ लाख छ । टेस्लाटेक नामक कम्पनीले बनाएको 'कल ब्रेक मल्टिप्लेयर' एप एक करोड भन्दा बढी पटक डाउनलोड भएको छ । सपन अर्यालद्वारा निर्मित 'म्यारिज कार्ड गेम' एपका प्रयोगकर्ता पनि ५ लाख भन्दा बढी छन् । नेपालीहरूमा कल ब्रेक तथा म्यारिज जस्ता गेमको लोकप्रियता बढी छ । यस्ता धेरै गेम विशेष गरी युवा पुस्तामा लोकप्रिय छन् ।

### पब्जी

पछिल्लो समय पब्जी नामक खेल सबैको आकर्षणमा परेको छ । यो खेल एक सय जना सम्मले एकै पटक खेल्न सक्छन् । साथीभाइका बीच ४ जनाको समूह बनाएर पनि यो गेम खेल्न सकिन्छ । यो एक प्रकारको सामरिक युद्ध जस्तै गरी खेलिन्छ । यसमा आफ्ना हतियार तथा गाडीहरू प्रयोग गरी विपक्षीलाई हराउने प्रयास गरिन्छ ।

### वर्ल्ड क्रिकेट च्याम्पियनसिप-२

क्रिकेट फ्यानहरूका लागि विशेष रूपमा डेभलप गरिएको गेम हो– वर्ल्ड क्रिकेट च्याम्पियनसिप-२ । यसमा भएका डट बल र विकेटका साथ बलरको कन्फिडेन्स मिटरमा बढ्ने ग्राफ, प्लेयर एट्रिब्युट सिस्टम तथा शानदार एनिमेसनका कारण यो साँच्चिकै क्रिकेट फ्यानकै लागि बनाइएको जस्तो लाग्छ ।

यसमा डिसिजन रिभ्यु सिष्टम, नयाँ स्टेडियम तथा अन्य कन्ट्रोल जस्ता विकल्प समेत सामेल छन् । यसमा क्यामेरा एंगल, टुर्नामेन्ट र च्यालेन्ज पूरा गर्न साथीहरूसँग ग्रुप बनाएर खेल्न सकिने फिचर पनि उपलब्ध छ ।

### क्लास अफ क्लान्स

यो एक प्रकारको शैन्य रणनीतिमा आधारित गेम हो । गेमले प्रयोगकर्तालाई गाउँ, रेल तथा फौज बनाउने अवसर दिन्छ । गेम खेल्दै जाँदा प्रयोगकर्ताले विभिन्न आइटम किन्नुपर्ने हुन्छ । कम्पनीले यहीबाट प्रशस्त पैसा समेत कमाइरहेको छ ।

### गेम अफ वार-फायर एज

यसमा प्रयोगकर्ताले आफ्नो साम्राज्य खडा गर्न सक्छन् । हिरोलाई तालिम दिएर लड्न पठाउन सक्छन् । प्रयोगकर्तालाई आफ्नो साम्राज्य बलियो बनाउन सुन किन्ने विकल्प दिइन्छ, जसका लागि उनीहरूले पैसा तिर्नुपर्ने हुन्छ ।

### ड्रिम लिगसकर-२०१८

यो स्पोर्ट्स विधाको गेम हो । यसमा सशक्त फुटबल टिम बनाएर खेलिन्छ । यो गेमको ग्राफिक्स धेरै राम्रो छ र गेमरहरू बीच लोकप्रिय समेत छ । स्मार्टफोनमा फुटबलको आनन्द लिन चाहनेहरूका लागि ड्रिम लिगसकर-२०१८ एउटा उत्कृष्ट गेम हो । यो गेम प्रत्येक वर्ष अपग्रेड भैरहेको छ ।

### ग्रान्ड थेफ्ट अटो भाइस सिटी

यो गेमको विकास रकस्टार गेमले गरेको हो । रकस्टार गेमले ग्रान्ड थेफ्ट अटोका विभिन्न भर्सन उपलब्ध गराएको छ । यस पटक कम्पनीले यसको १० औं वार्षिकोत्सव मनाइरहेको छ । यसै सन्दर्भमा भाइस सिटी नामक नयाँ गेम डेभलप गरिएको छ । भाइस सिटी एउटा नयाँ सहर हो । यो खेल्न सहज त छँदैछ, यसको ग्राफिक्स पनि धेरै राम्रो छ । अहिले सम्मकै सबैभन्दा राम्रो गेम भनेर लेबल गरिएको यो गेम अपराध, एक्सन तथा फाइट मन पराउने गेमरहरूका लागि उपयुक्त मानिन्छ ।

### एसफाल्ट-९ लिजेन्ड्स

गेमलोफ्ट नामक कम्पनीले निर्माण गरेको रेसिङ गेमको श्रृंखला एसफाल्ट हो । हाल यसको नयाँ संस्करणका रूपमा एसफाल्ट-९ लिजेन्ड्स आइपुगेको छ । यसमा वास्तविक हाइपर कार जस्तै गरी गेम कार चलाउन पाइन्छ । विश्वमै तीव्र गतिका लागि लोकप्रिय फेरारी, पोर्स्चे, ल्याम्बोर्गिनी आदि ब्रान्डका कारलाई तीव्र गतिमा कुदाएर यो गेम खेल्न सकिन्छ ।

### डुडल आर्मी-२ : मिनी मिलिसिया

मिनी मिलिसियाका धेरै गेम युवाहरूबीच लोकप्रिय छन् । डुडल आर्मी चाहिं अनलाइन मल्टि प्लेयर कम्ब्याट गेम हो जसमा अनलाइन खेल्दा एकैपटक ६ जना खेल्न मिल्छ भने, लोकल वाइफाइ नेटवर्कमा १२ जना सम्म खेल्न सकिन्छ । यो गेमको मुख्य रणनीति भनेको विभिन्न हतियारको प्रयोगले शत्रुलाई निस्तेज तुल्याउनु हो ।

### पोकेमन गो

पोकेमन गो एन्ड्रोइड र आइओएस दुवैमा सबैभन्दा लोकप्रिय मोबाइल गेम बन्न पुग्यो । निआन्टिक तथा निन्टेन्डोबीचको सहकार्यबाट तयार भएको यो गेम लोकेशनमा आधारित गेम हो । प्रारम्भमा यो गेम केही सीमित देशमा मात्र उपलब्ध थियो भने हाल विश्वका प्रायः सबै देशमा खेल्न सकिन्छ । यो गेममा जीपीएसमार्फत भर्चुअल प्राणी पोकेमनलाई खोज्ने, पक्रिने, युद्ध गर्ने आदि काम हुन्छ ।

### स्कोर हिरो

फुटबल प्रेमीहरूका बीच लोकप्रिय छ– स्कोर हिरो । यो गेममा बललाई निश्चित स्थानमा पुर्‍याउन विभिन्न उपाय अपनाउनु पर्ने हुन्छ । यसमा ६ सय लेभलसम्म पुगेर हिरो बन्न सकिन्छ ।

### गारिना फ्री फायर

गुगल प्ले स्टोरमा भएको फ्री फायर सर्भाइभल सुटर गेम हो । १० मिनेटको यो गेममा खेलाडी कुनै एकान्त टापुमा हुन्छ र त्यहाँ अन्य ४९ जना खेलाडीसमेत हुन्छन् । खेलाडीले आफूलाई लामो समय सम्म सुरक्षित राख्ने उपाय खोज्नु पर्ने हुन्छ । गाडी, सुरुङ आदि प्रयोग गर्ने वा घाँसमा लुक्ने वा अन्य जुनसुकै उपाय अपनाएर भए पनि आफूलाई जसरी पनि सुरक्षित राख्नु नै यो गेमको लक्ष्य हुन्छ ।

यसबाहेक अन्य विभिन्न मोबाइल गेम पनि उत्तिकै लोकप्रिय छ । विशेष गरी फुटबल, क्रिकेट तथा यस्तै लोकप्रिय गेमका विभिन्न एप्स निर्माण भएका छन् । फिफा १९, ड्रिम्स लिग, रबरी बब, किङडम रस, जेट्प्याक जोयराइड, फ्ल्यापी बर्ड, क्लास रोयल, तीनपत्ति गोल्ड आदि त्यसका केही उदाहरण हुन् ।

नेपालमा पनि स्मार्टफोनसँगै गेम एप्सको प्रयोग बढ्दो छ । एक्लै वा साथीभाइसँग अनलाइन वा अफलाइन खेल्न सकिने भएकाले मोबाइलमा खेलिने गेमको प्रयोग पनि बढ्दै गएको मान्न सकिन्छ ।



# अलग देखिन के गर्ने ?

■ महेश तिमल्सिना

## विश्व गौतम, फेसन डिजाइनर

- सबैभन्दा पहिले त आफ्नो शरीरलाई फिट हुने पहिरन लगाउनुपर्छ । यसका साथै रङ संयोजनमा समेत त्यत्तिकै ध्यान पुऱ्याउनुपर्ने हुन्छ । यो समयमा युवाहरूले ब्ल्याक पाइन्टमा ह्वाइट सर्ट लगाउँदा आकर्षक देखिन्छ ।
- नेपालमा अहिले महिलाहरूले हिल जुत्ता लगाउने चलन छ, तर हिलभन्दा स्निकर सुज अलि फरक देखिन्छ । स्निकर ड्रेस, ट्राउजर, पेन्ट आदि क्याजुअल वेयरमा लगाउन सकिन्छ । यसले महिलाहरूलाई फेसनेबल देखाउँछ ।
- पहिरनमा मौसमले पनि प्रशस्त फरक पार्छ । मौसमअनुसार कपडा तथा रङ फरक-फरक हुन्छ । युवाहरूले गर्मी महिनामा क्याजुअल वेयरमा शरीरको साइजअनुसार फिटिङ पहिरन लगाउँदा सफाका साथै चिटिक्क देखिन्छ ।
- युवाहरूले धेरैजसो तल जिन्स पाइन्ट मात्र लगाएको पाइन्छ । यद्यपि अफिसियली कामबाहेक अरु ठाउँ जाँदा ट्राउजर तथा टिसर्टमा स्निकर जुत्ता धेरै राम्रो देखिन्छ । यसका साथ विन्ड स्विटर लगाउँदा पनि हुन्छ ।
- कसैले फेसनमा कत्तिको चासो राख्छ भन्ने कुरा उसको पर्सबाट पनि थाहा हुने हुँदा म ब्रान्डेड पर्स नै बोक्ने सल्लाह दिन्छु ।
- क्याजुअल वेयरमा कालो रङको चस्मा तथा घडी लगाउँदा अलि फरक देखिन सकिन्छ ।
- नेपालमा धेरैजसोले आफ्नो शरीरभन्दा कसिलो वा खुकुलो पहिरन लगाएर गल्ती गर्छन्, यदि फेसनेबल देखिने हो भने आफ्नो शरीरको बनावटअनुरूपको पहिरन लगाउनु उपयुक्त हुन्छ ।

## सुजित तन्डुकार
पहिरन व्यवसायी

- अहिलेको परिवेशमा युवाहरूलाई क्याजुअल पहिरन नै सुहाउँछ । यसमा जिन्सको कटन पाइन्ट तथा सर्ट उपयुक्त मानिन्छ । अहिले जिन्समा लोफर्स सुज प्रयोग गर्ने चलन छ ।
- हिजोआजका युवायुवतीहरूले आरामदायक पहिरन खोजिरहेका हुन्छन् । यसका लागि जगर्समा टिसर्ट लगाउन सकिन्छ ।
- क्याजुअल पहिरनमा चस्माको प्रयोग आकर्षक देखिन्छ ।
- ग्रन्ज पाइन्टमाथि टिसर्ट लगाउन सकिन्छ । त्यसमाथि बम्पर ज्याकेट लगाउँदा सुनमा सुगन्ध हुन्छ ।
- अहिले धेरैजसो युवायुवती मोटरसाइकल-स्कुटर आदि चलाउँछन् । उनीहरूले बाइकर ज्याकेट प्रयोग गर्न सक्छन्, जसले अलग स्टायल क्रिएट गर्छ ।

## उत्तम बनेपाली, फेसन डिजाइनर

- पहिलो कुरा त आफू कुन ठाउँमा जाँदै छु, के गर्दै छु भन्ने कुरा विचार गरेर पहिरन लगाउनुपर्छ ।
- यतिबेला क्याजुअलमा युवाहरूका लागि जकर्स पाइन्ट ट्रेन्डमा छ । यसमा लङमा लुज खालको टिसर्ट आकर्षक देखिन्छ । जकर्स पाइन्टमा हाफ कटवाला जुत्ता लगाउँदा सुनमा सुगन्ध हुन्छ भने यसमा चस्मा, घडी, मालाजस्ता एसेसरिज अझ बढी खुल्छन् ।
- किशोरीहरूले क्याजुअल पहिरन लगाउँदा वन पिसमा कन्फर्टेवल म्याचिङ सुज राम्रो देखिन्छ । यसमा चुरा तथा एयररिङ पनि उत्तिकै खुल्छ ।
- पार्टीमा सहभागी हुँदा आफूले लगाएको पहिरनको फर्मल रङअनुसार एसेसरिज प्रयोग गरियो भने भने अरूभन्दा फरक देखिन सकिन्छ ।
- यतिबेला टिनएजरहरूले कलरफुल पहिरन लगाउने ट्रेन्ड छ । त्यसमा पनि प्याटर्न डिजाइनको कोट आकर्षक देखिन्छ । प्याटर्न कोटमा पाइन्ट तथा टिसर्टचाहिँ प्लेन डिजाइनको भयो भने लुक्समा फरकपन आउँछ ।



## राजेश धाख्वा, फेसन डिजाइनर

- जो कोही अरूभन्दा फरक देखिन चाहन्छन् । उनीहरूले आफ्नो पहिरनको कलरमा ध्यान पुऱ्याउनुपर्छ । जस्तो गहुँगोरो वर्णका मानिसले मौसमअनुसार पहिरन लगाउँदा गर्मीयाममा हल्का रङका पहिरन लगाउनुपर्छ भने जाडो मौसममा गाढा रङका पहिरन छनौट गर्नु उपयुक्त हुन्छ । यस्तै कालो वर्णका मानिसलाई प्राकृतिक कलर सुहाउँछ । प्राकृतिक कलरमा बेज स्किन, म्युज कलर, लाइन ब्राउन, डार्क ब्राउन ग्रे कलरहरू पर्छन् ।
- मानिसले आफ्नो फेसन स्टेटमेन्ट क्रिएट गर्दा शरीरको बनावटको पनि ख्याल गर्नुपर्छ । जस्तै मोटो शरीर भएकाहरूलाई खुकुला पहिरन राम्रो देखिँदैन । मोटो शरीर भएका महिला-पुरुषले कालो रङको पहिरन लगाउनु उपयुक्त हुन्छ । त्यसैगरी पातलो शरीर भएकाहरूले ठूलो प्रिन्ट भएका पहिरनबाट जोगिनुपर्छ ।
- यस्तै कम उचाइ भएका महिला-पुरुषलाई सीधा धर्के पहिरन बढी सुहाउँछ ।
- चाडबाडमा फेस्टिभ कलरको (रातो, रानी पिंक, सिन्दुरे, अरेन्ज आदि) पहिरन लगाउँदा फरक देखिन सकिन्छ ।
- लेहेंगा धेरै खुला हुनु हुँदैन । लेहेंगा लगाउँदा ठूलो पेट भएका महिलाहरूले सलले पेट र नाइटो छोप्नु उपयुक्त हुन्छ ।
- लेहेंगामा वेज हिल सुज आरामदायक हुनुका साथै राम्रो पनि देखिन्छ ।




## मनिता थापा, फेसन डिजाइनर

- प्लेन कुर्ता-सलवारमा प्रिन्टेड सल आकर्षक देखिन्छ । यसमा ठूलो एयररिङ लगाउँदा अझ खुल्छ ।
- तपाईं स्लिम हुनुहुन्छ भने लेहेंगाको ब्लाउजमा सर्ट कलर गऱ्यो भने अरूभन्दा फरक देखिन्छ ।
- जिन्स पाइन्ट लगाउँदै हुनुहुन्छ भने त्यसको माथि वेस्टेन टप्स लगाएर सललाई कम्मरमा साडीको जसरी ड्रयापिङ गऱ्यो भने आकर्षक देखिन्छ ।
- जिन्स पाइन्टमा नाइटोसम्म चिरिएको कुर्ती लगाउन सकिन्छ । यो अहिले फेसन ट्रेन्डमा छ । यसका साथै कुर्तिको गला केही खुला राखियो भने पनि फरक देखिन्छ ।
- थाईको भागसम्म एकतर्फ चिरिएको वानपिस ग्ल्यामरस हुन्छ । अर्को कुरा वन पिस आफ्नो शरीरमा फिटिङ हुनुका साथै पछाडिको भाग अलि बढी खुला हुनु उपयुक्त मानिन्छ ।
- यदि सिम्पल वन पिस लगाउने हो भने घाँटीमा ठूला गहना लगाउन सकिन्छ । यसका साथै कम्मरमा बेल्टसमेत प्रयोग गर्न सकिन्छ ।

दसैं साहित्य

# भाइरल ब्वाइ

मिलन संग्रौला



बडो मुस्किलले बसको टिकट मिलेको थियो त्यो पनि अन्तिम लहरको । दसैंमा घर जाने मुस्किलको मजा पनि बेग्लै हुन्छ । सहूँ-सहूँ लाग्ने । मनलाई सहनशील बनाउँदै आफ्नो सिटमा बसें । जे होस्, दसैंमा घर जानु अरुबेलाको जस्तै सस्तो र सजिलो हुँदो हो त, दसैं, दसैं कहाँ भैरहन्थ्यो ? ब्यागलाई माथि राखें । धूलो सोहोरिएर टाउकालाई अभिषेक गऱ्यो । रिस त उठेकै हो । अरू बेला भएको भए कन्डक्टरलाई बोलाएर व्यंग्यमिश्रित सुझाव दिन्थें तर दसैं पऱ्यो । हुन त दसैंमै हो हट्नुपर्ने सारा धूलोमैलो, तर घर नपुगी हट्न के सुरु हुन्थ्यो ? त्यतिन्जेलाई धूलो, मैलो, गन्ध, बासी आदि सबैलाई यात्राका भरपर्दा सारथी मान्नैपऱ्यो ।

बिस्तारै यात्रीहरू भरिदै गए । सबैजना दसैंको हतारमा, दसैंको उत्साहमा । भारीभारी सामानले डिकी, हुट हुँदै सिटमाथिको ऱ्याकसम्म अटेसमटेस हुँदै थिए, तर मानिसहरू भने एकदमै चंगा देखिन्थे । हप्ता-दस दिनलाई शहरको भारीपनबाट मनले विश्राम पाउने अनुभूति उनीहरूको अनुहारमा नाँचिरहेको प्रस्टै देखिन्थ्यो । अन्तिम लहरको ठीक बीचको सिट । फोल्डिङको त कुरै छाडौं । सिटको अडेस लाउने भाग गोमन साँपको जस्तो उल्टै आफैतिर निहुरिएको थियो । घाँटी सिधापारो कि गिदी नै दुख्ने गरी टाउको थिचिन्थ्यो । अगाडि खुट्टा राख्ने ठाउँ पनि थिएन । प्यासेज थियो । तैपनि मन लाग्दा सिधासम्म पार्न मिल्ने रहेछ अनि बसले सित्तैमा खेलाइदिने चाकाचुलीको त कुरै छाडौं । अन्तिम लहरको पिड । दसैंमा भुइँ छाड्ने अभ्यास यहींबाट सुरु हुँदै थियो ।

झ्यालतिरको सिटमा एकजना दाह्रीवाला भाइ आइपुग्यो । ठूलो ब्याग थियो उसको । ब्यागलाई थन्क्याउनुभन्दा अघि क्यामराको सानो ब्याग निकाल्यो उसले । मैले उतिर चासो राखेको देखेपछि मुस्कराउँदै मतिर हात बढायो, 'म सम्राट । न्यू भाइरल नेपाल युट्युब च्यानल चलाउँछु । हेर्नुभा छ ?'

मैले छैनको संकेतमा टाउको हल्लाएँ । त्यसपछि उसले नै थप्यो, 'हेर्नुभा छैन भने, प्लिज सर्च, भिउ, लाइक, कमेन्ट एन्ड सेयर द रियल भाइरल नेपाल ।' म मुस्कुराएँ मात्र । मेरो देब्रेतिरको सिटमा कोही आउन बाँकी नै थियो । एक्छिनमा त्यसलाई ताक्दै आईपुग्यो एउटा चौध-पन्ध्रको देखिने किशोर । भारीको नाउँमा ऊसँग एउटा स्कुले ब्याग थियो । त्यसलाई काखमा राख्दै सिटमा अडियो ऊ ।

'तपाईं टिचर हो ?'

एक्कासि केटोले निकै चंख स्वरमा मलाई बोलायो ।

'अरे कसरी थाहा पायौ तिमीले ?'

'गोजीमा मार्कर भएपछि थाहा हुन्न त ?

स्कुल छुट्टी भएपछि सिधै झोली कुम्ली कसेर हतारमा हिँड्नुपरेको थियो, बल्लबल्ल मिलेको बस पनि छुट्ला भन्ने पिरले । केटोको बाठोपनले म ऊतिर खिचिएँ ।

'भाइ कतिमा पढ्छौ ? '

'नौमा पढ्थें ।'

'पढ्थे मतलब अहिले पढ्दैनौ ?'

'मतलब अब दसमा पढ्छु ।'

'कसरी ? फाइनल एक्जाम आउन अझ छ महिना छ ।'

'उम्.... । कसरी भनें नि, म अब मामाकोमा बसेर पढ्ने हो ।'

'कता हो नि मामाघर ? '

'काँकड्भिट्टा ।'

ऊसँग अझै गफिने सुर चल्दै थियो, युट्युबरले एक्कासी डिस्टर्ब गऱ्यो ।

'भाइलाई एक्टिङ पनि आउँछ ?'

'आउँछ नि ।'

'देखाऊ त एक-दुईवटा ।'

केटोले कबड्डीको दयाहाङ राई र भद्रगोलको पाँडे बाबैको हुबहु अभिनय गरेर हँसायो । अगाडितिरका मान्छे समेत उसको अभिनयले तानिएर पछाडि मुन्टो फर्काउँदै थिए ।

उसको अभिनयमा दम देखेर, युट्युबरले क्यामेराको ब्याग खोल्यो र अन गर्दै केटोतिर तेर्स्यायो ।

'ल भाईको एक्टिङ जाओस् त यार पाँच सात मिनेटको ।'

'ए मेरो भिडियो हालेर पैसा कमाउनी, मलाई चाहिं के नि ?'

'हत्तेरी भाई, भर्खर दश हजार सब्काइबर पुगेको छ, मनिटाइजेसन एप्रुभ नै भा छैन । अब भाइको भिडियो भाइरल भएर हामी दुवैको भाग्य चम्किन्छ कि के थाहा ?'

'आकाशको फल, आँखा तरी मर् ।' केटोले उखान छाँट्यो ।

'अपुई भ्यू त झनै खत्रा रै'छ । लु जाओस् यार अब । ल रेडि, वान टु थ्री, रोलिङ ।' युट्युबर निकै उत्साहित देखियो ।

युट्युबरको रोलिङ कमान्डपछि केटोको अनुहारमा एक्कासी बादल मडारिन थाल्यो । अघिसम्म कमेडी गर्दै हँसाएको केटो एक्कासी रुँलाझैं गर्न थाल्यो । ऊ जुरुक्क उठ्यो र क्यामेरातिर हेर्दै त्यही भावमा आफू पोखिन थाल्यो । तब मात्र थाहा भो, केटो भावुक अभिनयमा उत्रिसकेको रहेछ ।

'ए मेरो बाबा, ए मेरीआमा । मान्छे हुँ तर आजसम्म मान्छे हुनुको अनुभूतिबाट किन वञ्चित भैरहेछु ? सुगाझैं पिंजडामा कैद छु । किन ? सुनको कचौरामा जति नै मीठो चारो हाल्दिए पनि तृप्त छुइनँ म । किन ? जान्नुको नाममा सुगाले रट्ने दुई-चार डायलग भन्दा फरक छैन मैले लिइरहेको शिक्षा । किन ? नौ महिना गर्भमा सुरक्षा दिएर जन्माएथ्यौ आमा तर आज दिनको नौ-नौ घण्टा खुट्टा खुम्चाएर कैदीझैं बसिरहँदा मेरो दुःखमा किन आँखा चिम्लिरहेकी छौ आमा ? हात समाएर हिंड्न सिकायौ बाबा, तिनै पाइलाहरू कुज्याएर राख्दा किन मौन भैदिन्छौ बाबा ?

बिहानै कोचिङ क्लासमा लखेट्छौ, दिनभरी स्कुलमा पट्यार लाग्दा काला अक्षरहरू सार्न लगाउँछौ, बेलुकी फेरि ट्युसन नामको गृह कैद पनि चलाउँछौ अनि त्यसपछि पनि एकैछिन तिमीहरूसँग हाँसेर बस्न खोज्दा किन आँखा तर्छौ मेरो बाबा, मेरी मामु ? सानैदेखि म्युजिक र एक्टिङमा मेरो मन बसेको बुझेर पनि त्यहाँबाट धपाइ छाड्यौ किन मलाई ? स्कुलको म्युजिक क्लबको मेम्बर बन्छु भन्दा, अंग्रेजी भाषा जान्नुपर्छ भनेर जबरजस्ती किन इङलिस क्लबमै मेरो नाम टिपाइदियौ बाबा ? अनि फेरि मलाई पट्यारलाग्दो पाठ घोकाउन कोठाभित्र थुनेर आफूहरू चाहिँ होमी थिएटर घन्काउँदै नेपाल आइडल र भ्वाइस अफ नेपाल हेरेर रमाउँछौ । किन ? आजकाल मैले मेरो मनको भाषा गुमाउदै गइरहेको छु बाबा । जुनसुकै भाषा सिके पनि मनको भाषा गुमेको आत्मविश्वासले मलाई भविष्यको कुन क्षेत्रमा अब्बल पार्ला त मामु ?

केही भन्न खोज्दा चुप लागेर पढ्न बस भन्नुभन्दा परको शब्दहरू नसुनेको वर्षौं बितिसकेछ बाबा । एक्लोपनले मभित्रको फ्रस्टेसनलाई उमालिरहेको मैले कहिले जनाउन सकिन मामु । बेलामौका हजुरको मोबाइलमा मौका मारेर युट्युब हेरेको थाहा पाउँदा बाबाले हजुरले गाली खानुपर्छ मामु । त्यसदिनको हजुरहरूको भान्सा नै अलिनो बन्छ । मलाई त रुचि नभएको धेरै भैसक्यो ।

आफूभन्दा भारी झोला भिरेर, महाकाव्य जस्ता नोटहरू लेखेर अनि बाह्र बजेसम्म बसेर सक्दा पनि स्याबासी नपाइने होमवर्कहरूसँग जुधेर एक पल पनि बस्न सक्दिनँ म । अब आफ्नै दुनियाँमा पाइला राखेर आफ्नो बाटो आफैं बनाउन चाहन्छु म । मलाई माफ गरिदिनुहोस् प्रियबाबा, मामु । सके हजुरहरूको नाम चम्काउँला, नसके बदनाम चाहिं पार्ने छैन । अलबिदा ।'

'वाहवाह । क्या एक्टिङ गरिदेऊ मेरो भाइ । आऊ एक हग गरौं ।' युट्युबरले क्यामरा झोलामा हालेर केटोलाई हग गऱ्यो ।

'यस्तो राम्रो स्क्रिप्ट चाहिं कसले लेख्दियो भाइ ?'

युट्युबरको प्रश्नमा केटो अक्मकायो र भन्यो, 'ए, ए । हाम्रो स्कुलको ड्रामा सरले ।'

मलाई भने अरु कसैले भन्दा उसको मनले नै स्क्रिप्ट लेखेझैं महसुस भैरहेथ्यो ।

बस आफ्नै गतिमा गुडिरहेको थियो । म बाहिरको अन्धकार र दौडिरहेका उज्यालाका थोप्लाहरूलाई हेर्दै सोचमग्न थिएँ । केटोलाई सोध्नुपर्ने प्रश्नहरू मनमा मडारिइरहेका थिए । तर भावुक अभिनयको थकानले हो वा आफूभित्रको पिरले निकास पाएर हो, केटो आँखा चिम्म गरेर निदाउन थाल्यो । बिस्तारै उसको टाउको मेरो काँधमा अडेस लाग्यो । अरुबेला भएको भए त्यो अप्ठेरो सहने परिस्थितिमा कदापि हुन्नथें, तर किन हो त्यसबखत मलाई मेरै भाइले मेरो काँधमा विश्राम मागेझैं लाग्यो ।

कसो-कसो निदाइएछ । बिउँझदा उज्यालोले आफ्नो अस्तित्व देखाइसकेको थियो । बसले कोसीपार गरिसकेको थियो । केटो मस्त निन्द्रामा थियो । एकाध घण्टामा म झर्ने ठाउ आइपुग्यो । म ओर्लिन लाग्दा हेरें, केटो उठेर आँखा मिच्दै थियो । उसको नाम पनि सोध्न बिर्सिएछु । युट्युबर झ्यालबाट बाहिरको बिहानी दृश्य खिच्न मस्त थियो ।

घर पुगेर केही बेर सुस्ताएपछि मोबाइलको संसारमा सयर गर्न थाल्दा देखें, युट्युबर न्यु भाइरल नेपालमा हालेको भिडियो भाइरल बन्दै थियो । हेरें, केटोको स्क्रिन एक्ट अझ सानदार देखिदो रहेछ । भिडियो हेरिसकेपछि फेरि फेसबुकमा फर्किएँ । फेसबुके भित्तामा सेयर गरिएको एउटा सुचना देखेर मेरो आँखा च्यात्तिरहे, मुख आँ भैरहयो ।

सूचनामा केटोको तस्विरसहित लेखिएको थियो, किशोर हराएको सुचना । चौध बर्षको सुमेश प्रधान काठमाण्डौंबाट एक दिनदेखि बेपत्ता .....।'

एकछिनपछि होसमा फर्किएँ र तुरुन्त प्रहरीको सयमा फोन गरेर हराएको केटो बसमा काँकटरभिट्टातर्फ लागेको सुचना दिएँ ।

तर.... । पछिसम्म मैले फलो गरिरहें । केटो फेला परेको सूचना मैले पाइनँ । अहिले पनि युट्युबमा सयर गर्दा आशामा हुन्छु, केटो सानदार अभिनयका साथ फेरि फिर्ता पो भएको छ कि ?

कविता

## दसैं आयो

ऋद्धिरमण घिमिरे

शरद् प्रभाका माङ्गल्य किरणहरू
फेरि घुमेर आएछन्
पोहोरकै खुसीमा नाच्नेहरू
वर्तमान खुसीमा नाच्ने कि ?

दसैं आयो खाउँला पिउँला
पोहोर साल हामी उफ्रिएका थियौं
बालसुलभ चाञ्चल्यतामा
एक मुठी हावा चाखेर, एक भुङ्ग्रो आगो तापेर
तर, आज किन जोश मरिरहेछ ?

'आमा च्यूला कुल्ने हो ?'
पोहोर सानेको तोतेबोली हुन्थ्यो
'बा-बा म पनि मामा घल जान्छु है'
भुण्टीले बह पोखेकी थिई
तर, आज किन यो जडवत् शून्यता ?

दसैंको मेला लागेर द्रव्यपिशाचहरू
दसैं बेचिरहेछन् ।
'एक झुत्रो' बाँचेकाहरू
दसैं किनिरहेछन्
किनबेच दसैं हो वा दशा ?

सानेले करै गर्छ, भुन्टीले करै गर्छे
एक जोडा लुगा त हाल्दिन पऱ्यो
आत्माभिमान बेचेरै भएपनि ।

अस्ति, हो अस्ति
नाना र चाचाका कुराहरू भएका
पितृत्व त निर्वाह गर्नै पऱ्यो ।

'चण्डिका नमस्तस्यै नमोनय'
'या देवी सवभूतेषु'
मधुरा किन ?

आज, हो आज
यो बासी मौनतामा कति विषालु फुङ्काहरू
यो मौन साम्राज्यमा कति अँध्याराहरू
देखिएका छन्-भुकेका छन्
म बुझ्न सकिरहेको छैन् ।

'ॐ क्लीम कृष्णाय' कुनै दम छैन मन्त्रोचारणमा
'चामुण्डा मुण्डभासला'
कुनै अर्थ छैन लयमा आखिर किन ?

जमराले टपरीहरू भरिएलान्
यद्वा ब्रोहरूले डाइस खेलाउलान्
प्रेयसी र प्रेमीहरू भेडेटार घुम्लान्
तर किन् मेरो भाइ रुन्छ ? दसैं आयो भनेर ।

दसैं आयो ।
किन किनिँदैछन्-दसैंहरू ?
किन दसैं आउन सकेन ?
किन कालो मुनेहरू गिडिन्छन् ?
किन हर्के साहूहरू खुसी हुन्छन् ?
बबुरो तेरो बुद्धि
लोप्पा खुवाएको हिजै हो ।

यहाँ दसैं आउनुपर्छ भने
मात्र कुभिण्डाहरू गिडिन्छन्
जमराहरू र टीकाहरू थापिन्छन्
र सद्भावहरू बाँडिन्छन्
ए हजुर दसैं आयो ।
कि दशा कसैका लागि ?

दसैं व्यङ्ग्य

# लखरठ्याँकको लोकतान्त्रिक दसैं

नरनाथ लुइँटेल

लखरठ्याँकलाई पनि दसैं मज्जासँग लागेको छ। किन-किन नेपालीहरूलाई दसैं आउनुको स्वाद नै बेग्लै हुन्छ, हुने गरेको छ। उहिले दसैं ऋण बोकाउन आउँथ्यो। अहिलेको दसैं वर्षभरिको खर्च उठाउन र अनधिकृत बजेट जुटाउन आउन थालेको छ। यो त ठूलै परिवर्तनको सङ्केत हैन र ? हैन भन्ने लाग्छ भने दसैंको सेरोफेरोमा यो लखरठ्याँकले देखे-भोगेका केही दृश्यचित्र हेरौं त :

**दृश्य : एक**

अरू बेला निदाए पनि दसैं आउनुभन्दा एक महिनाअघिदेखि नेपालको प्रहरीशक्ति सर्वाधिक क्रियाशील हुन्छ। त्यसमाथि पनि ट्राफिक जातको प्रहरीको त कुरै बेग्लै छ। देशभरिकै ट्राफिक प्रहरीका सकल दर्जामा जोश जाँगर र साँच्चिकै कडाइपनको सक्कली रूप यहीबेलामा मात्र देख्न पाइन्छ। यो लखरठ्याँकको मुकाम देशकै राजधानीमा छ। दसैं आउनुभन्दा दुई हप्ता अगाडिकै एकदिन खटारा मोटरसाइकलमा सवार भई लखरठ्याँक केही सामान्य किनमेलका निम्ति सहर पस्तो भयो। कुनै पनि चोक पुग्नुभन्दा अगाडिका गल्छेडा र मोडमा हातमा 'चिट' को बुक बोकेर आठ-दस जना ट्राफिक तैनाथ छन्। कहि मोटरसाइकल वा स्कुटर मात्र चेकिङ, काहीं टेम्पो, कार, माइक्रो मात्र चेकिङ, कहीं बस, मिनीबस मात्र चेकिङ, कहि भने मालबाहक टाटामोबाइल, ट्रक-मिनीट्रकको मात्र चेकिङ। काठमाडौं उपत्यकाका सडक यसै त जाम, त्यहाँमाथि जताततै सुरु भएको छ बेला न कुबेला ट्राफिकको चेकिङले डब्बल जाम। कोही पनि कहीं कतैबाट फुत्किने चानस नै छैन।

लामो जाम छिचोलेर म बल्ल चेकिङ प्वाइन्टको केही नजिक पुगेको थिएँ, मभन्दा अलि अघिल्लो बाइकवाला चेकजाँच सकेर देब्रेतिरकै गल्लीतर्फ मोडियो, बाटो अलि खुकुलो देखेर मैले आफ्नो बाइक दुई मिटर जति अगाडि के सारेको थिएँ, ट्राफिक जवान सरासर मभए ठाउँ आयो र बाइकको साँचो थुत्यो। मभन्दा अगाडि तीन-चारवटा बाइक छँदैथिए, चेकिङ चलिरहेकै थियो। बाइक घिसारेर म साइड लागें, सुरु भो मेरो विशेष जाँच- लाइसेन्स माग्यो- दिएँ, बिलबुक माग्यो दिएँ, हेडलाइट बाल्न भन्यो बालें, ब्रेक हान्न भन्यो हानें। त्यसपछि उसले एक फन्को लगायो र 'चिट' काट्न थाल्यो। मैले प्रतिवाद गरें- 'सबै त ठिकै छ, फेरि किन 'चिट' ?' 'अनि किन लेन मिचेको त ?' ऊ रन्कियो, म थन्किएँ। निकै बेरपछि ऊ मेरो छेउमा आएर फेरि फुस्फुसायो- 'दसैं आएको थाहा छँदैछ, बग्गीखाना गए ५ सय, यही तिरे हजार, के गर्ने ?' म अवाक भएर निकैबेर टोलाएँ। उपाय नास्ति। ५ सयको नोट थमाएँ, अनेक बिन्ती भाउ गरें मानेन। दुईवटा ५ सयको नोट हात लागेपछि मुसुक्क हाँस्दै उसले लाइसेन्स र ब्ल्युबुक फिर्ता दियो। अब खल्तीमा बचेको ५ सय लिएर के किनमेल गर्न जाने ? लखरठ्याँक लोत्रेकान लगाएर जताबाट आएको थियो उतै फर्कियो।

**दृश्य : दुई**

दसैं आउन एक हप्ता बाँकी थियो। काठमाडौंमा डेरा बसेको लखरठ्याँक दसैं मान्न स-परिवार सुदूरपूर्वको घरजाने योजनामा छ। पोहोर पनि गइएन, यसपालि त नगई हुँदै भएन। भान्टाङभुन्टुङ दुई र उनीहरूका बाउआमा दुई। आमाचाहिंको पेटमा सात महिनाको प्युसो हुर्कँदैछ। प्रसुति डाक्टरले भनेका छन्- यात्रा भरसक नगर्नू, गर्नैपरे सुविधापूर्ण र अत्यन्त सहज किसिमको मात्र। सहज र सुविधापूर्ण यात्रा त हवाइजहाजकै होला !

लखरठ्याँक हवाइटिकटका लागि निस्कियो। ट्राफिकजाँच जारी नै थियो- बडो सतर्कतापूर्वक ऊ सरकारी एयरलाइन्स पुग्यो। 'टिकट सकिएको एक हप्ता भो, तपाईं अहिले आउने टिकट लिन ? त्यो पनि चार-चारवटा ?' काउन्टरका केटीहरूको कुरो सुनेर ऊ छक्क पर्‍यो। गैरसरकारी एयरहरूको टिकट त कसो नपाइएला, भलै अलिकति महंगो न पर्ला।

लखरठ्याँक लाग्यो एयरहरूका काउन्टरतिर। यता दगुर्‍यो छैन, उता दगुर्‍यो छैन। छैन, छैन, छँदै छैन। क्या फसाद ! लामो सुस्केरा हालेर फर्कनै लाग्दा एउटा काउन्टरको जुँगामुठेले भीडबाट अलि परतिर तानेर कानमा फुस्फुसायो- 'तपाईंलाई अप्ठेरै परेजस्तो छ, प्रतिटिकटको २० हजार बेहोर्ने हो भने खोजखाज गरेर मिलाइदिउँला, हुन्छ ?' उसको दिमागमा झड्का हान्यो- घर जान चारजनाको हवाइभाडा ८० हजार ? अझ प्लेनबाट ओर्लेर साढे दुई घण्टाको गाडीयात्रा त बाँकी छ... ।

**दृश्य : तीन**

जे जसो होला, लखरठ्याँक खटारा बाइक हाँकेर पुग्यो बसको टिकट लिन कलङ्की बसपार्क। बाइक पार्किङ गर्न भ्याउँदा नभ्याउँदै एउटा ठूलो हूल उसलाई घेर्न आइपुग्यो। कहा जाने, कति नम्बरको सिट चाहियो, कतिवटा टिकट, यता आउनुस् भिडियो हेर्दै जाने, उता आउनोस् फ्री वाइफाइ ! बिस्तारै उसलाई तान्नै थाले। घरी यता लतारिन्छ, घरी उता लतारिन्छ। हैन यो केको फजिती हो ? ऊ करिब-करिब लाप्पा खेल्दै हेल्मेट काखी चेपेर मुस्किलले एउटा काउन्टरभित्र छिर्‍यो र टिकाको अघिल्लो दिनका लागि नाइटबसको चारवटा टिकट माग्यो। काउन्टरको अर्को जुँगेमुठेले उसलाई शिरदेखि पाउसम्म हेर्दै भन्यो-



'आज आएर टिकट पाइन्छ त ? हिजो खुलेको टिकट हिजै सकियो।'

'टिकट सकिएको भए ती बाहिरका केटाहरू कहाँबाट टिकट दिन भनेर यात्रुलाई तानिरहेका छन् त प्रभु ?' प्रभु मात्रै भनेन, उसले हात पनि जोड्यो। जुँगे एकपटक जोडले हाँस्यो र उसले भन्यो- 'त्यो त उनीहरूसँगै सोध्नुस् बा...!' आजित भएर लखरठ्याँक काउन्टरबाट बाहिर निस्किएर खुइय गर्दै पेटीमा टुसुक्क बस्यो। छेउमा अघिकै ठिटाहरू यात्रुसँग बार्गेनिङ गरिरहेका थिए। सरकार र व्यवसायीसँग सम्झौता गरेर हालै कायम गरिएको एक हजार दरको भाडामा उनीहरू पाँच हजारसम्म मागिरहेका छन्। उनीहरूले मागे जति पैसा दिन तयार हुने यात्रुलाई टिकट दिन सटरपटर गरिरहेकै छन्। यो देखेसुनेर लखतरान पर्दै डेरा पुगेको लखरठ्याँकले यसपालिको दसैं कतै नगई काठमाडौंको डेरामै मनाउने घोषणा गर्‍यो।

**दृश्य : चार**

जहा जसरी भए पनि दसैं त मनाउनै पर्‍यो- जो आइनै सक्यो। दसैं भनेको त फेरि पनि खसी नै हो। दसैंमा नयाँ लुगा आफैंले रोजेर किन भन्दै हातमा राखिदिएको ३/३ हजार रुपैयाँमध्ये छोराले त समात्दै समातेन, छोरीले भने समाते पनि अमिलो मुख लगाएकी छ। छोरीछोरीको कलेज फि, कोठाभाडा, सापटी तिरनतारन गर्दा बाँकी छ ५ हजार। बल्लबल्ल आएको दसैं, सानोतिनो भए पनि खसी नै नढाले के दसैं ? भन्दै छोराछोरीकी माउ अघिल्लै हप्तादेखि गनगनाइरहेकी छे। उसको गनगन सुन्न नसकी फूलपातीको तीनचार दिनअघिदेखि नै लखरठ्याँक खसी बजार धाउँदै छ। अलि सस्तेला कि भन्दाभन्दै फूलपाती आइहाल्यो। खाद्य संस्थानदेखि भएभरका सबै खसीबजार चहार्दा-चहार्दै खसीको मोल सुनेर उसलाई रिंगटा लाग्न थाल्यो। अघिल्लो दिन ७/८ किलोको खस्यौटोलाई १५ हजार भनेको थियो- खोज्दै गयो, बिकेको रहेनछ, भेट्यो। खसीवालाले पनि चिनिहाल्यो- 'हिजै लगेको भए हुन्थ्यो क्यारे, आज त १८ हजार गन्नुस्' पो भन्छ। ए उल्का ! अर्को एक फन्का मार्दा अर्को एउटा त्यै ८ किलोजतिकै खस्यौटो फेला पर्‍यो। मोलमोलाइ गर्दा त २२ हजार घटीमा दिंदैदिन्न रे ! नबिके लैजान्छु घर र अर्को साल ४० हजार मोलिने बनाउँछु रे ! सस्तो खोज्नेले त तरकारी बजारतिर गएर घिरौंला-लौका आदि खोजी खुट्टा हालेर काटे हुन्छ रे !

**दृश्य : पाँच**

नभन्दै खसी किन्न नसकेपछि फूलपातीको दिन लखरठ्याँक लखरलखर गर्दै पुग्यो तरकारी बजार। पूरै तरकारी बजार घुम्यो र सस्तो मूल्यको तरकारी खोज्यो। सबैभन्दा सस्तो भनेको ९० रुपैयाँ किलोको भ्यान्टा र ८५ रुपैयाँ किलोको मुला २/२ किलो अनि सय रुपैयाँ किलोको १ किलो लौका जोखायो। मूल्य तिर्‍यो अनि ह्यान्डलमा दुईतिरै झुन्ड्याएर खटारा बाइक स्टार्ट गर्‍यो। खसी किन्न गएको लखरठ्याँक घर आइपुगेको सङ्केत पाएर छोराछोरी र माउ पनि बाहिर निस्किए। 'हैन, खै त खसी ?' माउको प्रश्न भुइँमा खस्न नपाउँदै बाउले तीनवटा पोका थमाउँदै भन्यो- 'लौ, यसपालिको दसैंखसी यही हो। अब काटकुट पार, मुलाको सुरुवा बनाऊ, लौकामा झोल हाल र भ्यान्टा भुट ! ३/४ छाक पुगिहाल्छ। बस् ! यस्तै दसैं मनाउन त हामीले लोकतन्त्र ल्याएका हौं !' आमा र छोराछोरी घरी लखरठ्याँकको अनुहार घरी लौका, मुला र भ्यान्टाको थैलो हेरेका हेर्‍यै हुँदा भए... !

गीत



वसन्त खत्री

कहिले जीवन ओरालीमा
कहिले भने उकालीमा
यात्रा गर्दा-गर्दै कहिले
भन्ज्याङ-देउरालीमा


थाहा हुन्न कुन बेला
खै कहाँ कहाँ पुगिन्छ
कता हिंडिन्छ थाहा हुन्न
खै कहाँ बास बसिन्छ
भन्न सकिन्न जिन्दगीमा
अकस्मात घट्ना घट्दो रै'छ

कसैको व्यथा सुनिन्छ त
कसैलाई वह पोखिन्छ
सोच्न सकिन्न जिन्दगीमा
नसोचेको भैदिंदो रै'छ
लक्ष्यतर्फ अघि बढ्ने
बाटोमा पहिरो गैदिंदो रै'छ

कति कुरा चाहँदा नि,
कष्ट, अप्ठेरोमा परिन्छ
इच्छा अनेक मात्र
मनले खोज्दो रै'छ

लघुकथा

## छड्के



मुक्तिनाथ घिमिरे पथिक

अप्रत्याशित रूपमा सुनको मूल्य अकासिएपछि सुन खरिदकर्ता हच्किए। गहना गृहमा समेत काँचो सुनको अभाव देखियो। सुन ४० वर्ष यताकै सबैभन्दा महँगो भएपछि लगानीकर्ता अन्य क्षेत्रमा मोडिए तर सुनको कारोबार ठप्प नै भएको भने कहीं पनि देखिएन। आकस्मिक रूपमा श्रीमतीले सोही समयमा गहनाको माग गरेपछि ऊ धर्मरायो। लेखनको क्षेत्रमा प्राप्त अनुभव र बढ्दो उमेरको लाभ लिंदै उसले श्रीमतीलाई केही समय शान्त त पार्‍यो तर अस्थायी शान्ति लामो समय टिकेन। जब श्रीमतीको कचकच बढ्दै गयो ऊसँग कुनै अस्त्र बाँकी रहेन। 'दुईमहिने 'फिल्ड वर्क' सकेर आउँदा म तिमीलाई रोज्जा छड्के तिलहरी ल्याइदिउँला,' भावुक भएर श्रीमतीको चिउँडो मुसार्दै उसले अन्ततः श्रीमान्लाई आश्वस्त तुल्यायो र भोलिपल्टै हान्नियो 'फिल्ड वर्क'का लागि।

अनुपस्थित श्रीमान्को पर्खाइमा दुई महिना चाउरिएकी तरुनी श्रीमती श्रीमान्को आगमनसँगै धपक्कै बली। अझ श्रीमान्ले हरियो पोतेमा उनिएको चौबीस क्यारेट सुनको दुई तोलाको छड्के तिलहरी बिलसहित जिम्मा लगाएपछि त उसको खुसीको सीमा नै रहेन। ऊ नाच्न थाली छड्के ढल्काएर। श्रीमतीको माग पूरा गर्न समर्थ भएकोमा उसले पनि रुञ्चे हाँसो फुत्कायो। भोलिपल्ट दुवै बजार डुल्न निस्किए। उक्त अनपेक्षित यात्रामा श्रीमतीले दाहिने काँधबाट ढल्काएर देब्रे कम्मरको टेकोमा चम्काएको छड्के त धेरैले देखे तर श्रीमान्को देब्रे कम्मरमाथिको १२ इन्च लामो छड्के आलो घाउ भने कसैले देखेनन्।

दसैं परिकार

# टिक्का बोटी

टिक्का बोटी माईक्रो ओभन विना पनि बनाउन सकिने मुस्लिम समुदायको परिकार हो । हल्का सेकुवा जस्तो फ्लेबर आउने यो परिकार बनाउन सजिलो पनि छ ।

खसीको मासुमात्रको भागलाई एउटै आकारमा काट्ने । पाकेपछि खसीको मासुको आकार सानो हुने हुनाले मासु केही ठुलो आकारमा काट्नुपर्छ । काटिएको मासुलाई प्रेसर कुकरमा एक कचौरा दही, लसुन तथा अदुवाको पेष्ट, थोरै पानी र थोरै नुन हालेर पकाउने । यसमा पछि नुन हाल्नुपर्ने हुनाले कम मात्रा नुन प्रयोग गर्नुपर्छ । अब प्रेसर कुकरमा २ सिठ्ठी लगाएपछि बिर्को खोलेर बाँकी रहेको पानीलाई ठूलो आँचमा सुकाउने ।

अर्को भागमा भुटेको बेसनको पिठो, जिरा-धनियाँको धुलो, कागतीको रस, नुन, धुलो खुर्सानी, बेसार, मरिचको धुलो, गरम मसला तथा दही हालेर मोल्ने । यसरी मोल्दा पेस्ट बाक्लो भए एक चम्चा पानी हालेर हल्का पातलो गर्ने । यसरी बनेको पेष्टमा पकाएर सेलाएको मासु हालेर राम्रोसँग मोल्ने ।

अर्को प्यानमा थोरै तेल तताउने, तेल तातेपछि घ्यू हाल्ने अनि मोलेको मासु हालेर पकाउने । एकापट्टीको भाग गाढा खैरो भएपछि फर्काउने । दुवैतर्फको भाग खैरो भएपछि एउटा गोललाई बालेर रिकापीमा हाली सोही भाडा भित्र राख्ने र गोलमा तेल हालेर छोप्ने । उक्त धूवाँले मासुमा स्मोकी फ्लेबर दिन्छ । ५ मिनेटपछि त्यसलाई झिक्ने । यो परिकार अर्थात् टिक्का बोटी बाट धूवाँ तथा घ्यूको विशेष गन्ध आउँछ ।

# फोक्सो तावा फ्राई

खसीको फोक्सो फ्राई धेरैतिर पाइन्छ । दक्षिण भारतको तामिलनाडुमा खसीको फोक्सो फ्राई बनाउने शैली केही फरक छ । खसीको चोट नलागेको फोक्सोलाई भित्रसम्म पानी हालेर दुई-तीन पटक सफा गर्ने । धनियाँ तथा खुर्सानीको धूलो, गरम मसला, नुन, बेसार तथा तीनवटा अण्डा हालेर फिट्ने, त्यसपछि थोरै पानी हालेर बाक्लो घोल बनाउने । उक्त घोललाई सफा गरिएको फोक्सोमा बिस्तारै हाल्दै जाने । फोक्सो भरिएपछि फोक्सोको मुल मुखमा धागो बाँध्ने । मम पकाउने भाँडाको एक खण्डमा केराको पातले छोपेर २० मिनेट जति स्टिम गर्ने । त्यसपछि झिकेर फोक्सोलाई स-साना टुक्रामा काट्ने । तावामा हल्का तेल तताउने अनि स-साना टुक्रामा काटिएको फोक्सोलाई फ्राई गर्ने । डढेर हल्का कालो भएपछि झिक्ने ।



# कलेजो मसला

खसीको यो परिकार मूलतः मुसलमानहरूले आफ्नो धार्मिक पर्व बकर इदमा बनाउँछन् । यो ग्रेभी परिकार निकै स्वादिलो हुन्छ । खसीको कलेजो र मृगौलाको बाहिरको झिल्ली झिकेर ठिक्कको सानो टुक्रामा काटेर कागती वा भिनेगर हाली पानीमा केही समय राख्दा कलेजो र मृगौलाको गन्ध हराउँछ । यसरी भिजाइएको आधा घन्टापछि कलेजो र मृगौलालाई पानीले राम्रोसँग पखाल्नुपर्छ ।

कराई वा प्रेसर कुकरमा तेल तताउने, जिरा फुराउने, दालचिनी, ल्वाङ, सुकुमेल, अलैंची तथा टिम्मुर हालेर चलाउने, मसलाको स्वाद तेलमा गएपछि प्याजको पेस्ट हाल्ने र खैरो नहुन्जेल चलाउँदै पकाउने । ठिक्कको टुक्रा बनाइएको कलेजो र मृगौलाको टुक्रा हाल्ने अनि चलाउँदै करिब ५ मिनेट पकाउने । मात्रा अनुसार जिरा, गरम मसला, खुर्सानी, बेसारको धूलो हाल्ने अनि अदुवा र लसुनको पेस्ट पनि हालिदिने । अब थोरै पानी हालेर चलाएर पकाउने । सबै मसला राम्रोसँग घुलेपछि गोलभेडाको पेस्ट हालेर गोलभेडाको पानी सुक्न दिने । त्यसपछि दही हाल्ने र दहीको पानी पनि नसुकुन्जेल चलाउँदै पकाउने । त्यसपछि नुन हाल्ने । पछि नुन हाल्दा कलेजो चाम्रो हुँदैन । सिसाको ग्लासमा एक चौथाई पानी हालेर कराईमा भए केही बेर छोपेर पकाउने, प्रेसर कुकरमा भए एक सिट्ठी लाग्न दिने । अब यो परिकार लगभग तयार भयो यसमा हरियो धनियाँको पात, सिङ्गै हरियो खुर्सानी, लामो आकारमा काटिएको अदुवाको टुक्रा हालेर केही बेर चलाउने अनि झिकेर सर्भ गर्ने ।

# भुन्नी

भारतको गढवालमा बसोबास गर्ने नेपालीहरूले निकै रुचाउने खसीको एउटा परिकार हो– भुन्नी ।

खसीको शरीर भित्रका विभिन्न अंगलाई लिएर बनाइने यो परिकार नौलो र स्वादिलो समेत हुन्छ । खसीको रगतलाई कराईमा पकाउने, रगत खैरो रंगको भएपछि स-साना टुक्रा पारिएको खसीको कलेजो, तातो पानीले सफा गरेर छोटो-छोटो टुक्रा पारिएको आन्द्रा-भुँडीलाई खैरो भएको रगतको कराईमा हालेर मध्यम आँचमा पकाउने । त्यसमा स्वाद अनुसार नुन, धनियाँको धुलो, धुलो खुर्सानी, बेसारको धुलो हालेर पकाउने । जब यो पाक्छ त्यसपछि आधा गिलास पानी हालेर फेरि पकाउने । पानी पूरा सुकेको केही बेरमा झिकेपछि यो परिकार तयार हुन्छ ।

# मटन अफगानी ग्रेभी

नामैले थाहा पाउनु भयो होला, खसीको मासुको यो परिकार कुन देशमा खाइन्छ भन्ने कुरा । मटन अफगानी ग्रेभी बनाउन हड्डी सहितको मासुको टुक्रालाई प्रेसर कुकरमा हाल्ने । यदि मासुमा बोसो छ भने तेल नहाले पनि हुन्छ, यदि छैन भने हल्का तेल हाल्ने । त्यसमा अदुवा, लसुन तथा प्याजको पेस्ट १/१ चम्चा, थोरै नुन र हल्का पानी हालेर दुई सिट्ठी पकाउने । यदि त्यसमा पानी बाँकी रहयो भने पानी सुकाउने । पानी सुकेपछि काँचो तेल एक चम्चा हालेर चलाउने । यसो गर्दा मासुमा चमक आउँछ ।

अर्कातर्फ मिक्सरमा हरियो धनियाँ, अदुवा, लसुन तथा प्याजको टुक्रा अनि हरियो खुर्सानीमा थोरै पानी हालेर पिस्ने । त्यसलाई डेक्चीमा खन्याएपछि उक्त मिक्सरमा एक कचौरा दही, दूधको तर वा नौनी, फ्रेस क्रिम छ भने एक डाडु हाल्ने र आधा कचौरा पानी समेत हालेर हल्का चलाउने । उक्त घोललाई पनि पहिलेकै डेक्चीमा खन्याउने । पकाएर सेलाएको मासुलाई उक्त घोलमा मिसाउने र त्यसमा दुई चम्चा चाट मसला, गरम मसला, १ चम्चा कसुरी मेथी पाउडर, मरिचको धूलो, ४-५ चम्चा तेल, दुई वटा कागतीको रस तथा थोरै नुन हालेर मोल्ने । यो मिक्सलाई फ्रिज छ भने १ घन्टा म्यारिनेट हुन दिने । यदि फ्रिज छैन भने छोपेर राख्ने । अब कराईमा थोरै तेल तताएर उक्त मासुको टुक्रालाई दुवैतर्फ रातो खैरो नहुन्जेल तार्ने ।

अर्को कराईमा थोरै तेलमा सुकुमेल तथा ल्वाङ तताउने । तातेपछि उक्त ग्रेभी हाल्ने र पकाउने । ग्रेभी बाक्लो नहुन्जेल चलाउँदै पकाइरहने । ग्रेभी राम्रोसँग पाकेपछि त्यसको तेल र मसला छुट्टिन्छ, त्यसमा अगाडि फ्राई गरिएको मटन हाल्ने र दुवैलाई चलाउँदै पकाउने । यता एउटा कचौरामा गोल बाल्ने र उक्त कचौरालाई अफगानी ग्रेभीको बीचमा राखेर गोलमाथि सुकुमेल, ल्वाङ तथा मखन डढाउने र ग्रेभी राखिएको भाडाको बिर्को लगाएर केहीबेर छोपिदिने । धूवाँ आउन छाडेपछि मटन अफगानी ग्रेभी तयार हुन्छ ।

# साँधेको खसीको मासु

साँधेको मासुको परिकार विशेषतः नेवार समुदायमा लोकप्रिय छ । राँगाको मासुबाट बनाइने यो परिकार खसीको मासुबाट समेत तयार पार्न सकिन्छ । हड्डी, छाला तथा बोसो नभएको खसीको मासुलाई पानीमा थोरै नुन हालेर १० मिनेट उमाल्ने अनि हल्का सेलाउन दिएपछि स-साना टुक्रामा काट्ने । एउटा प्यानमा थोरै तेल हालेर उसिनेको मासुलाई खैरो-रातो नहुन्जेल फ्राई गर्ने ।

लसुन, अदुवा, टिम्मुर, रातो खुर्सानी तथा गोलभेंडालाई राम्रोसँग पिसेर मासुमा हाल्ने । हरियो प्याज, सुकेको प्याज, धनियाँ तथा हरियो खुर्सानीलाई पातलो गरी काट्ने र मासुमा हाल्ने, कागतीको रस मात्राअनुसार तथा जिराको धूलो पनि हाल्ने । अर्को प्यानमा तोरीको तेलमा मेथी फुराएर बेसार हाल्ने र मोल्न राखिएको मासु झाँन्ने । झाँनेर फेरि मोलिसकेपछि यो परिकार खानका लागि तयार हुन्छ ।



# मटन चप फ्राई

यो परिकार मूलतः पाकिस्तानका मुस्लिमहरूले आफ्नो धार्मिक अवसरमा तयार पार्छन् । स्न्याक्सका रूपमा खान मिल्ने यो परिकार खसीको करङको मासुबाट बनाइन्छ । यो परिकार बनाउनु पहिले खसीको मासुलाई प्रेसरकुकरमा प्याजको ठूलो टुक्रा, थोरै नुन, अदुवा, लसुनको पेस्ट तथा करिब १ सय मिलिलिटर पानी हालेर ३ सिठ्ठी पकाउने । यसरी पकाएपछि त्यसमा पानी बाँकी छ भने थप पकाएर सुकाउनुपर्छ । अर्को भाँडामा डेढ चम्चा कर्नफ्लोर, खुर्सानी तथा मरीचको धूलो, भुटेको जिरा अनि धनियाँको धूलो, नुन र दहीलाई बाक्लो ग्रेभी हुने गरी मोल्ने । उक्त ग्रेभीमा उसिनेको खसीको मासु हालेर चम्चाले चलाउँदै मोलेर १०-१५ मिनेट त्यत्तिकै छाड्ने । मासुमा राम्रोसँग मसला पसोस भनेर छोप्नु राम्रो हुन्छ ।अर्को प्यान वा कराईमा डिप फ्राई हुने गरी तेल तताउने । तेल राम्रोसँग तातेपछि मोलेर राखिएको खसीको मासुलाई एक-अर्कासँग नटाँसिने गरी फ्राई गर्ने । यो मासुको दुवैतर्फको भाग रातो भएपछि झिकेर सर्भ गर्न सकिन्छ ।

# मटन कबाब

नेपालमा खाइने र भारतमा खाइने मटन कबाबको बनावटदेखि स्वादसमेत फरक छ । नेपालमा मटन कबाब चोक्टामा हुन्छ भने भारतमा पकौडा स्टाइलको मटन कबाब तयार पारिन्छ । भारतमा पाइने मटन कबाबलाई कसै-कसैले मटन किमा कबाब पनि भन्छन् । यो परिकार तयार गर्न सबैभन्दा पहिले खसीको मासुको किमा बनाउने ।

कराहीमा घ्यू तताउने, घ्यू तातेपछि जिरा, सुकेको खुर्सानी, अदुवा तथा लसुनको टुक्रा हालेर पकाउने । लसुन र अदुवा खैरो भएपछि ठिक्कको टुक्रा पारिएको प्याज पनि हाल्ने र २ मिनेट चलाउँदै पकाउने । त्यसपछि मटनको किमालाई पनि त्यसैमा हालेर चलाउँदै पकाउने । नुन हाल्ने र सबै कुरा राम्रोसँग मिल्ने गरी चलाउने । उक्त किमालाई छोपेर १० मिनेटजति पकाउने । मासुमा रहेको पानी सुकाएर लगभग ९० प्रतिशत पकाउने । यसरी पकाइएको मासु सेलाएपछि त्यसमा धनियाँको पात, बाबरी तथा कागतीको रस हालेर ब्लेन्ड गर्ने ।

प्यानमा थोरै तेल हालेर तताउने । ब्लेन्ड गरिएको मासुको किमालाई हातले थिचेर पकौडाको सेप दिने । अर्को कचौरामा २ वटा अन्डा फिटेर राख्ने । पकौडाको सेपमा आएको मटनलाई अन्डाको घोलमा डुबाएर कराईमा फ्राई गर्ने । दुवैतर्फको भाग रातो भएपछि झिकेर धनियाँ वा बाबरीको अचारमा चोपेर खाने ।

# रातो अक्षताको टीका





प्रा.डा. वीणा पौड्याल,
संस्कृतिविद्

- चामलको सग्लो गेडालाई अक्षता भनिन्छ। संस्कृत शब्द अक्षतको अर्थ हो– नटुटेको, टुक्रा नभएको। देव तथा पितृ कार्यमा चढाउन प्रसादस्वरूप लगाउन सेतो, रातो तथा पहेंलो अक्षता प्रयोग गरिन्छ।
- अक्षता, दही र अबिर मुछेर तयार पारिएको टीका देवीलाई चढाएर लगाउने चलन नेपालमा छ।
- असत्यमाथि सत्यको विजयको उल्लास हो– दसैं पर्व। देवीलाई चढाइएको बलिको रातो रगतको प्रतिक पनि हो, रातो टीका।
- विजयादशमीका दिन ठूला मानिसको हातबाट रातो अक्षता लगाउने चलन छ।
- विजयादशमीको दिन सुरु भएको टीका लगाउने क्रम कोजाग्रत पूर्णिमासम्म जारी रहन्छ। दसैंको टीकामा मुछिएको रातो रंगसँगै सबैको मनमा सुख शान्तिको कामना सहित दहीमा मुछेर बनाइएको टीका जस्तै सम्बन्ध सधैं कायम रहोस् भनेर आर्शिवाद दिइन्छ।
- रातो रंग प्रसन्नता, स्फूर्ति, उल्लास, विजय, सौभाग्य तथा रौद्र स्वरूपको प्रतीक हो। यसैगरी रातो रंगलाई पराक्रमका रूपमा पनि लिइन्छ। रातो रङले अनुकूलता, सफलता तथा संघर्षसँग पनि जुध्न सिकाउँछ।

# जमराको सांस्कृतिक महत्त्व



निर्मला पोखरेल, संस्कृतिविद्

- धर्म र संस्कृतिले समाज उपयोगी कुरालाई विशेष मान्यता दिन्छ। त्यसै अनुरुप धेरै गुण भएको जौको जमरालाई दसैंका बेला विशेष महत्व दिइएको हो।
- घटस्थापनाको दिन राखिएको जमरा दसैंका दिन टीकासँगै लगाइन्छ।
- प्रकाश नआउने स्थानमा शुद्ध माटोमा जौलाई प्रकाश प्रवेश नहुने गरी छरेर उमारिएको पहेंलो जमरालाई धर्मशास्त्रमा समृद्धिको प्रतीक मानिन्छ।
- जौ अध्यारो बनाएर शुद्ध स्थानमा माटोको भाँडामा राख्ने चलन छ।
- अँध्यारो ठाउँमा राख्दा जौको जमराको गुण अझ राम्रोसँग विकसित हुन्छ। छोपेर राखिएको जौको जमरा अष्टमीको दिन झिकेर पूजा गर्ने चलन छ। छोपिएको जमरालाई अष्टमीको दिनदेखि टीकाको दिनसम्म खुल्ला राख्दा यसको गुण अझ बढेर आउँछ।
- जमरा पुरुषको कान वा टोपीमा सिउरिदिने तथा महिलाको बाटिएको केशमा राखिदिने चलन छ। कसै-कसैले दसैंका दिन टीकासँगै जमराको मालासमेत लगाउँछन्।
- हिजोआज कतिपयले मकै तथा गहुँको पनि जमरा राख्छन्। यद्यपि जौको जमरा नै शुद्ध मानिन्छ।



# दसैंका लागि स्वस्थ्य खानपान



प्रा.डा. उमा कोइराला
पोषणविद्

धेरैजसो चाडपर्वमा मासु आदि मिष्ठान्न अनिवार्यजस्तै हुन्छ। प्रोटिनयुक्त खानेकुरा बढी खाने र फुर्सदको समय हुँदा आराम बढी गरिन्छ। व्यायाम नहुने तर खानपान बढी हुँदा खाएको खानेकुरा अपच भएर धेरै बिरामी हुन्छन्। चाडबाडमा चिल्लो, पिरो, अमिलो तथा बोसोयुक्त खानेकुरा मन पराइन्छ तर मात्रा नमिलाई त्यस्ता खानेकुरा खाँदा शरीरलाई हानि पुग्छ। यस्ता खानेकुरासँगै हरिया सागपात तथा ताजा फलफूल पनि सन्तुलित रूपमा खानुपर्छ।

चिल्लो, अमिलो, पिरो आदि खानेकुराले ग्याँस्ट्रिक बढाउने, टन्सिल हुने आदि समस्या सिर्जना गर्छ। त्यसका साथै कोलेस्ट्रोलसमेत वृद्धि हुन्छ। बोसोको मात्रा बढ्छ भने अपच हुने, कब्जियत, फुड प्वाइजनजस्ता समस्या देखा पर्छन्।

चाडबाडमा मसलेदार परिकारलाई प्राथमिकता दिइन्छ। यस्ता परिकार पकाउँदा घरमै तयार गरिएको ताजा जिरा, धनियाँ, लसुन, प्याज आदि मसला प्रयोग गरिएको छ भने त्यसले त्यति असर गर्दैन तर बजारमा पाइने रेडिमेट मसलाको शुद्धताको ग्यारेन्टी गर्न नसकिने हुँदा तिनले शरीरमा मन्द विषको काम गर्छन्, त्यसैले घरमै तयार गरिएको मसला प्रयोग गर्नु उपयुक्त मानिन्छ।

### कस्तो मासु खाने ?

ताजा मासुलाई नै प्राथमिकता दिनुपर्छ। मासु बासी हो भने अलिकति बढी तेल तथा मसला हालेर मासुमा भएको पानी सुकाउनुपर्छ र पातलो कपडाले छोपेर नगुम्सिने गरी सुरक्षित राखेर खानुपर्छ।

### कति मासु खाने

एउटा जवान मानिसले एक दिनमा २ सय ५० ग्रामसम्म मासु खानु उपयुक्त हुन्छ। विश्व स्वास्थ्य संगठनले १ केजी तौल बराबर १ ग्राम प्रोटिन आवश्यक हुन्छ भनेको छ। २ सय ५० ग्राम खसीको मासुमा सरदर ५० देखि ५५ ग्रामसम्म प्रोटिन हुने हुँदा दैनिक त्यति मासु खानु फाइदाजनक नै हुन्छ। मासु पकाउनुअघि नै छाला र बोसो हटाए उक्त मासु बढी स्वस्थकर हुन्छ। तेल कम प्रयोग गर्ने र सकेसम्म घिउ नखाने, तेल पनि सकभर तोरीकै प्रयोग गर्नुपर्छ।

### कस्तो समस्या भएकाले कस्तो मासु खाने ?

मधुमेह, उच्च रक्तचाप, किड्नीमा समस्या भएका तथा कोलेस्ट्रोल बढी भएका बिरामीले बोसोयुक्त मासु खानु हुँदैन। बोसो नभएको मासु पनि उसिनेर मात्र खानुपर्छ। उसिनेको मासुमा हल्का जिराको धुलो तथा कागती हालेर खानु उपयुक्तका साथै स्वादिष्ट समेत हुन्छ। स्वस्थ मानिसले पचाउन सक्ने कवाफ बनाएर खान सक्छन्। खसीको मासुमा धेरै बोसो हुने हुँदा त्यसले कोलेस्ट्रोल बढाउने, अपच हुनेदेखि लिएर फुड प्वाइजनसम्म हुन सक्छ। युरिक एसिडका बिरामीले रातो मासु खानु हुँदैन।

### खाद्यान्न समूह

तरकारी तथा गेडागुडी समूह
माछा, मासु, अण्डा आदि
समूह दूध अथवा दूधबाट बनेका परिकारका समूह फलफूलका समूह

### व्यायाम

दसैंमा प्रोटिनयुक्त खानेकुरा बढी खाइने हुँदा मोटोपन वृद्धि हुने, ग्याँस्ट्रिक बढ्ने समस्या सामान्य हो। त्यसका लागि दैनिक व्यायाम गर्ने, नियमित रूपमा कम्तीमा ४५ मिनेटदेखि एक घन्टासम्म हिँड्ने। यसले खाना पचाउन सहयोग गर्छ। ग्याँस्ट्रिक कम गर्न उसिनेको तथा रसयुक्त मासु खानु उपयुक्त हुन्छ। दसैंमा मासु मात्र नखाएर सन्तुलित भोजन गर्नुपर्छ। पाँचै समूहका खाना मिलाएर खाए स्वास्थ्यमा नकारात्मक असर पर्दैन।

### पेयपदार्थ कति खाने ?

दसैंको अर्को आकर्षण पेयपदार्थ तथा मदिरा पनि हो। पेयपदार्थ (कोल्ड ड्रिंक्स) मा प्रशस्त मात्रामा चिनी हुन्छ। एक गिलास (२५० एमएल) कोकमा २७ ग्राम चिनी हुन्छ। एक दिनमा २० ग्रामसम्म चिनी खान सकिन्छ। बढी चिनी प्रयोग गर्दा मधुमेह हुन सक्छ। मदिराको सेवनबाट उच्च रक्तचाप, कलेजोमा खराबी तथा क्यान्सरजस्ता रोग लाग्न सक्छन्।

### फलफूल बढी नुन कम खाने

फलफूल तथा तरकारी दिनमा ५ सय ग्रामभन्दा बढी खानुपर्छ। दसैंमा थोरै मासु तथा सागपात, मुला, काँक्रा, गाजरजस्ता तरकारी एवंफलफूल बढी प्रयोग गरे विभिन्न रोगबाट जोगिन सकिन्छ। तरकारी तथा फलफूलले उच्च रक्तचाप घटाउँछ, मुटुरोग कम गर्छ अनि पाचन प्रणाली बलियो बनाउँछ। यस्तै नुनको प्रयोग सकेसम्म कम गर्नु स्वास्थ्यका दृष्टिले उपयुक्त हो। मासु र अचारमा नुनको मात्रा बढी हुन्छ। एक दिनमा ५ देखि ८ ग्राम (एक चिया चम्चा) नुन सेवन गर्न सकिन्छ। नुनले उच्च रक्तचापका बिरामीलाई नकारात्मक असर गर्छ।

(कुराकानीमा आधारित)





# अत्यावश्यक औषधिको जोहो



डा. केदार सेन्चुरी
जनरल फिजिसियन
वीर अस्पताल

दसैं सबैलाई लाग्छ। यतिबेला बिरामी परे तत्काल स्वास्थ्यकर्मी तथा औषधि पसल फेला नपर्न सक्छ। त्यसैले केही सामान्य औषधि घरमै राख्नु उचित हुन्छ। मुटु, मृगौला, सुगर, रक्तचाप, दीर्घरोग, नसासम्बन्धी रोग भएकाहरूले आफूले नियमित सेवन गर्ने औषधि स्टकमा राख्नुपर्छ। त्यसैगरी प्राथमिक उपचारका सामग्री, सामान्य टाउको दुख्ने, ग्यास्ट्रिक, अपच, झाडापखाला लाग्दा सेवन गरिने औषधि पनि साथमै राख्नुपर्छ तर यी औषधि कुन समस्यामा खाने जानकारी हुनुपर्छ। यदि बिर्सन सकिन्छ भने औषधी किन्दा नै बुझिने गरी कुन औषधीले के काम गर्छ लेखेर राख्नुपर्छ।

पारासिटामोल- ज्वरो आएका बेला
ब्रुफिन- ज्वरो तथा दुखाइमा
बेटाडिन- घाउमा इन्फेक्सन नहोस् भनेर/चोटपटक लाग्नसाथ लगाएर हेन्डिप्लास लगाउने
ओआरएस- पखाला तथा झाडा भएर शरीर कमजोर हुँदा
साइनेक्स- रुघाखोकी
डायजिन- अपच हुँदा
फ्लक्सन- ज्वरो तथा दुखाइमा
डिक्लोफेनिक- पीडामा
डिकोल्ड- रुघा ज्वरो
थर्मामिटर- ज्वरो नाप्न
इनो- अपच हुँदा
प्यान्टप- ग्यास्ट्रिक
मेट्रोन- झाडा पखाला रोक्न
डीएफओ मल्हम- घाउचोट लागेको ठाउँमा लगाउन
हेन्डिप्लास्ट- घाउचोटमा बाँध्न
फस्टएड किट राख्ने





# घरमै ककटेल

दुई अथवा दुईभन्दा भन्दा बढी अल्कोहलको मिश्रणबाट तयार पारिएको पेयलाई सामान्य भाषामा ककटेल भनिन्छ, तर ककटेल बनाउने प्रक्रिया अलिकति फरक छ । यो हेर्दा आकर्षक हुनुपर्छ, टेस्टी बन्नुपर्छ अनि यसको वासना पनि मगमगाउने खालको हुनुपर्छ । ककटेल बनाउँदा प्रयोग गरिने सामग्रीको मात्रा मिलाउन सकिएन भने राम्रो ककटेल बन्दैन । केही कुरामा ध्यान पुऱ्याउने हो भने हामी घरमै स्वादिलो ककटेल बनाएर पिउन सक्छौं ।

● रामजी ज्ञवाली

### कसरी गर्ने तयारी

ककटेल तयार पार्दा त्यसको मात्रा सुरुमै अड्कल गर्नुपर्छ । जुन रक्सीको ककटेल बनाइँदैछ, त्यसलाई सकेसम्म अन्य रक्सीसँग मिसाउनु हुँदैन । त्यसो भयो भने स्वास्थ्यमा नकारात्मक असर पर्दैन । हामी धेरैले एउटा रक्सी पिएर पुन अर्को रक्सी पिउँदाँ समस्या उत्पन्न भएको पाएका छौं ।

बजारमा सेकर नाम गरिएको भाँडा किन्न पाइन्छ । यसले अल्कोहललाई घोल्ने काम गर्छ । सेकर किन्ने हो भने आफूले चाहेको समयमा सजिलैसँग ककटेल तयार पार्न सकिन्छ । सामान्य तरिकाले मदिरालाई घोलेर पनि ककटेल बनाउन सकिन्छ ।

### भोड्काको ककटेल

बजारमा सजिलैसँग पाइने अल्कोहल हो-भोड्का । यसको ककटेल पनि धेरैलाई मन पर्छ । ४५ देखि ६० एमएलसम्म अथवा आफूलाई कति ककटेल चाहिएको छ, त्यसअनुसार भोड्कालाई कुनै भाँडामा खन्याउनुहोस् । त्यसमा सुन्तला अथवा क्यानबेरी, कोक, रेडबुल, कागती अथवा सुन्तला काटेर मिसाउनुहोस् । अब भोड्काको ककटेल तयार भयो ।

### ह्विस्कीको ककटेल

ह्विस्कीबाट पनि विभिन्न प्रकारका ककटेल बनाउन सकिन्छ । ह्विस्कीका पारखीहरूले कोक अथवा सोडाको सम्मिश्रणबाट ककटेल तयार गर्न सक्छन् । कतिपय ठाउँमा ह्वीस्किमा अन्य प्रकारका पेय पदार्थ समेत मिसाइन्छ ।

### जिनको ककटेल

जिनको ककटेल पनि नेपालमा उत्तिकै लोकप्रिय छ । खासगरी जीनमा कागतीको रस हालेर ककटेल तयार पारिन्छ । जीन र कागतीसँग टोनिक वाटर मिसाउन सकिन्छ । स्वादका लागि यो मिश्रणमा कोक अथवा रेडबुल समेत मिसाइन्छ ।

### रमको ककटेल

रम जाडो मौसमका लागि उपयुक्त पेय हो । जाडो मौसममा धेरैले अन्य प्रकारका अल्कोहलको तुलनामा रम नै रुचाउँछन् । रमको ककटेल तयार पार्न कोक, स्प्राईट, कागतीको रस अथवा कागतीको टुक्रा वा गाउँघरमा पाइने अमिलो मिसाउन सकिन्छ ।

### टकिलाको ककटेल

टकिलामा कोक, स्प्राईट, कागती, अमिलो आदि प्रयोग गरेर ककटेल तयार पार्न सकिन्छ ।

### लोकल रक्सीको ककटेल

गाउँघरमा बनाइने लोकल रक्सीबाट पनि ककटेल तयार पार्न सकिन्छ । त्यसका लागि लोकल रक्सीमा सुन्तलाको जुस अथवा कागतीको रस मिसाउनुपर्छ । सुन्तलाको जुस अथवा कागतीको रसले लोकल रक्सीलाई निकै स्वादिष्ट बनाउँछ । यसका साथै लोकल रक्सीमा बाबरीको पातको टुक्रा, चिनी, कागतीको टुक्रा तथा सोडा हाल्दा स्वादिष्ट ककटेल तयार हुन्छ ।

### स्क्रू ड्राइभर

भोड्का र लोकल रक्सी मिसाएर त्यसमा सुन्तलाको जुस हाल्ने हो भने 'स्क्रु ड्राइभर' तयार हुन्छ । दुई भिन्न स्वादका रक्सी मिसाउँदा प्राप्त हुने नयाँ स्वादले मदिरापारखीहरूको मन सहजै जित्न सक्छ ।

**(फायर क्लब, ठमेलका बार म्यान सन्त बहादुर वाइबासँगको कुराकानीमा आधारित)**



## मकटेल

दुई वा दुईभन्दा बढी नन अल्कोहलिक पेय पदार्थको मिश्रणलाई मकटेल भनिन्छ ।

मकटेलका पारखीहरूले मौसमअनुसार हट तथा कोल्ड मकटेल छनौट गर्न सक्छन् ।

चिया, कफी, दूध, हट चकलेटमा आफ्नो स्वादअनुकूल फ्लेबर राखेर हट मकटेल तयार पारिन्छ ।

त्यसैगरी, चिसो कोक, फ्यान्टा, मिरिन्डा, ड्यु आदि कोल्ड ड्रिंक्स तथा विभिन्न फलफूलका जुसमा विभिन्न फ्लेबर मिश्रण गरी कोल्ड मकटेल बनाउन सकिन्छ ।

**राजकुमार डिसी, कार्यकारी प्रमुख, स्कुल अफ बारिष्ठा म्यानेजम्यान्ट**



## पिना कोलाडा

रम : ३० एमएल
भुइँकटरको रस : १ सय एमएल
नरिवलको दुध : ३० एमएल
क्रिम : १५ एमएल
बरफ : केही टुक्रा
सजावटका लागि : केहि टुक्रा भुइँकटर प्रयोग गर्न सकिन्छ ।



## गोल्ड मरमेड

स्याम्पेन : १ सय एमएल
बियर : १ सय एमएल
भुइँकटरको रस : २५ एमएल
सजावटका लागि : आधा कागतीको टुक्रा



## ब्लडी मेरी

टमाटरको रस : १ सय ५० ग्राम
भोड्का : ७५ एलएल
नुन : १ चुटकी
मरीचको धूलो : १ चुटकी



## मार्गरेट

टकिला : ४० एमएल
कागतीको रस : थोरै अथवा टुक्रा
नुन : १ चम्चा



## मोजितो

ताजा पुदिना : केही
कागती : केही टुक्रा
स्प्राइट : ६० एमएल
रम : ५० एमएल
बरफ : केही टुक्रा



# चियर्स !

मदिरा अर्थात् हाम्रो चलनचल्तीमा भनिने शब्द 'दारु' नेपाली समाजमा लोकप्रिय नै छ । कसैको जन्मदिन पऱ्यो कि विवाह भयो टुच्च नलगाउने हो भने समारोह वा उत्सव नै खल्लो अनुभव गर्छन् यसका पारखीहरु । घर-घडेरी-किनबेच गर्दा होस् वा सवारी साधन घर भित्र्याउँदा होस् खुसी सेलिब्रेट गर्न मदिरा नभै नहुने भएको छ । अझ चाडपर्वका बेलामा त यो नभइ हुँन्न । आजभोलिका युवाहरुले हरेक खालका खुसी र दु:खमा यसलाई साथी बनाएको पाइन्छ । दारु नपिउने व्यक्ति फेला पार्न मुस्किलै छ भन्दा फरक नपर्ला । यसै सन्दर्भमा साप्ताहिकका **रामजी ज्ञवाली**ले मदिरा सम्बन्धमा कलाकार **सुनिल थापा, योगेश्वर अमात्य तथा उत्तम केसी**सँग रमाइलो 'मदिरा संवाद' :




## रक्सी पचाउन दिमाग चाहिन्छ



■ योगेश्वर अमात्य, गायक

**मदिराको उत्पत्ति किन भएको होला ?**
सम्भवत: भगवान्ले मानिसलाई कोसेलीस्वरूप पठाएका हुन् मदिरालाई । देउताले मानिसहरू केही समय भए पनि रमाऊन् भनेर यसको उत्पत्ति गरेका हुन् कि जस्तो लाग्छ ।

**मदिरा भनिने जिनिसलाई कसरी बुझ्नुहुन्छ ?**
यो खाएपछि स्वर्ग पुगेजस्तो आनन्द आउँछ । खासमा मदिरालाई एक मात्रा अमृत, दुई मात्रा औषधि तथा तीन मात्रा विष भनिन्छ ।

**मदिरा नभए जिन्दगी चल्ला कि नचल्ला ?**
बाहुन, क्षेत्री लगायत अन्य जातजातिको कुरा थाहा भएन, तर हामी नेवारको चल्दैन ।

**किन रक्सी पिउन थाल्नुभएको ?**
त्यस्तो खास कारण त थिएन । रमाइलो गरौं भनेर अमेरिकामा हुँदा सुरु गरेको हुँ । एउटा बारमा पसियो, साइडमा टन्नै हिरोइनजस्ता युवतीहरू थिए, सबैले खाएको देखेर मैले पनि खाइदिएँ । पहिलो पटक मदिरा पिएको पनि त्यही दिन हो ।

**तपाई भावनाहरूको शिथिलताका लागि रक्सी पिउनुहुन्छ कि यसका अन्य आयामहरू पनि छन् ?**
अन्य कारणहरू पनि छन् । जस्तै हामी यात्रा थाल्छौं त्यतिबेला मुड नै रमाइलो हुन्छ, त्यतिबेला मदिरा पिइन्छ । कुनै शनिबार रमाइलो गरौं न भन्ने हुन्छ । कथाले माग्छ अनि खाने हो । प्रहरीले सधैं समातेर मात्र हुँदैन नि । हाम्रो नेवारहरूमा त यसको निकै ठूलो महत्व छ । मानिस मरेपछि जलाएर फर्किएसँगै सुरुमा रक्सी, अदुवा र सिधे नुन खान दिइन्छ भने विभिन्न शुभकार्यमा समेत रक्सी पिउने चलन छ । हाम्रो सगुनमा रक्सी अनिवार्य जस्तै हुन्छ । रक्सी भएन भने त हाम्रो लाइफ नै चल्दैन ।

**एकान्तमा बसेर सोच्दा रक्सी पिएर ठीकै गरियो जस्तो लाग्छ ?**
अहिलेसम्म त ठीकै गरेजस्तो लागेको छ ।

**तपाईंका मदिरा पार्टनर कस्ता छन् ?**
हाम्रा बासँग स्वर्गीय नेता बीपी कोइरालाको राम्रै साँठगाँठ थियो । त्यतिबेला म निकै सानो भए पनि घरमा आएका पाउनाहरूलाई मदिरा टक्र्याउने मै हुँ । बीपी त्यतिबेला हाम्रो घरमा नियमित आइरहनुहुन्थ्यो । उहाँ बासँग भन्दा पनि मसँग बसेर रमाइलो गर्न रुचाउनुहुन्थ्यो । अहिले ठ्याक्कै यस्ता खालका मान्छे भन्ने छैनन् । मैले साना भनिएकाहरूदेखि राष्ट्रले उच्च कोटिमा राखेका व्यक्तिहरूसँगसम्म बसेर मदिरा पिएको छु ।

**रक्सी पिउने कुरालाई लिएर परिवार खुसी छ त ?**
नेवार परिवारमा जन्मिएकाले परिवार बेखुसी हुने त कुरै भएन । एकपटक मैले लामो समय मदिरा पिउन छोडेको थिएँ, त्यतिबेला पनि घरमा पाहुनाहरू आइरहन्थे । पाहुनालाई रक्सी ख्वाउँदा श्रीमतीले उहाँहरूलाई मात्र ख्वाउने ? तपाईंले पनि खानुपर्छ भन्दै कराइन् र फेरि सुरु गरें ।

**मदिरा सबैले पिउनुपर्छ भन्नुहुन्छ कि छोड्नुपर्छ भन्नुहुन्छ ?**
स्वर्ग पुगेजस्तै आनन्द आउने भएकाले ठिक्क मात्रामा पिउने हो भने केही फरक पर्दैन भन्छु । किन छोड्नुपऱ्यो र ?

**तपाईंका लागि रक्सी पिउने उपयुक्त समय कुन हो ?**
साधारण हिसाबले साँझ ५ बजेपछि नै हो । यद्यपि म बिदाको दिन बिहान ६ बजेदेखि नै रक्सी पिउन पछि पर्दिनँ । एकपटक पोखराको तालवाराही होटलमा बिहान ६ बजे चिकन चिल्ली मगाउँदा मानिसहरू छक्क परेका थिए, तर त्यो मुड थियो ।

**कस्तो ठाउँमा बसेर पिउँदा आनन्द आउँछ ?**
ठ्याक्कै यस्तै भन्ने छैन । खासमा रक्सी पिइसकेपछि जहाँ पनि रमाइलो हुन्छ । वातावरण नै रमाइलो हुन्छ । जताततै स्वर्ग पुगेजस्तो आनन्द आउँछ ।

**रक्सी पिएपछि साथीभाइहरूसँग झगडा हुन्छ ?**
मेरा साथीभाइ झगडालु छैनन् । रक्सी पिउन थालेसँगै मलाई गिटार चाहिन्छ र म गीत गाउन थाल्छु । त्यसपछि झगडा-सगडा भन्ने कुरै हुँदैन ।

**रक्सी पिउँदा गरेका केही गल्ती सम्झना छन् ?**
रक्सी पिएसँगै जसलाई हेऱ्यो उसलाई देखेजस्तो, चिनेजस्तो लाग्छ । युवती देखें भने आफ्नै हुन् कि जस्तो हुन्छ । माया लागेर आउँछ । अहिलेसम्म त्यस्तो कुनै ठूलो गल्ती गरेजस्तो त लाग्दैन । यद्यपि एकपटक रक्सी पिइरहेका बेला एउटा गिलास साइडमा थियो, तीन-चार वर्षको छोराले त्यो पूरै पिइदियो, मलाई डर लागिरहेको थियो तर केही भएन ।

**रक्सीले सिर्जनशील हुन कत्तिको सहयोग गरेको छ ?**
यो कुरा त तपाईंलाई पनि थाहा हुनुपर्छ । यो प्रश्नको जवाफ त गोपाल योञ्जन, नारायणगोपालहरूले अझ राम्रोसँग दिन सक्नुहुन्थ्यो ।

**रक्सी पिएकै कारण कसैसँग सम्बन्ध बिग्रिएको छ ?**
छैन, बरु धेरै साथीहरू थपिएका छन् ।

**तपाईंको बेस्ट ब्रान्ड कुन हो ?**
पिउन त धेरै प्रकारका ब्रान्ड पिएको छु, तर मलाई ग्रिनफिज नै उत्कृष्ट लाग्छ ।

**वास्तवमा रक्सीको मात कस्तो हुन्छ ?**
आहा, कति आनन्दको । स्वर्ग पुगेजस्तो । संसारको सबैभन्दा आनन्द दारु पिउँदा नै आउँछ ।

**रक्सी नपिई कति लामो समय बिताउनुभएको छ ?**
एकपटक आठ महिनाजति छोडेको थिएँ, श्रीमतीको करले फेरि सुरु गरें । त्यसपछि त्यति लामो समय छोडेको छैन ।

**एकपटकमा कति पेगसम्म पिउनुहुन्छ ?**
एक बोत्तल सजिलैसँग पिउन सक्छु ।

**रक्सी पिएपछि भावनामा डुबी रोएको क्षण छ ?**
छैन, म रक्सी पिएपछि रमाइलो गर्ने मानिस हुँ ।

**आममानिसले कति प्याकसम्म पिउनुपर्छ ?**
दुईदेखि चार प्याक ठीक हो । बाँकी कति सकिन्छ पिउँदा हुन्छ । रक्सी पचाउन शरीर मात्र भएर हुँदैन, दिमाग पनि चाहिन्छ ।

# किन लाग्छ रक्सी ?



रक्सी धेरै प्रकारका हुन्छन् । हामीलाई सबै प्रकारका ब्रान्ड उत्तिकै प्रिय: लाग्दैनन् । खासमा रक्सी कसरी बनाइन्छ र त्यो के हो भन्ने कुरा धेरैलाई थाहा हुँदैन । अन्न तथा फलफूलमा मर्चा र यसको काम गर्ने यिस्ट नामक फङ्स समूहको जीवाणु हालेर कुहाएर जाँड बनाइन्छ । हामीले पिउने रक्सीचाहिँ खासमा एथनल हो । ब्याक्टेरियल जीवाणु भन्ने बित्तिकै हानिकारक मात्र हुँदैनन्, यी जीवाणुमध्ये कतिपय लाभदायकसमेत हुन्छन् । दही जमाउन वा सेल फुलाउन पनि यस्तै प्रकारका जीवाणु प्रयोग गरिन्छ । हाम्रो ठूलो आन्द्रामा पनि करिब ४ सय प्रकारका लाभदायक ब्याक्टेरिया हुन्छन् । अन्न तथा फलफूलमा केही मात्रामा चिनी पनि हुन्छ, त्यही तत्व नै रसायनिक प्रतिक्रियाद्वारा रक्सी बन्छ । रक्सी कति कडा भनिन्छ । खासमा कडा भन्ने कुरा त्यसमा मिसिएको पानीको मात्राले निर्धारण गर्छ । जाँड नउमाली बनाइने छ्याङ, बियर, वाइन आदिमा बढीमा १५ प्रतिशतसम्म अल्कोहल हुन सक्छ, बाँकी पानी हुन्छ । त्योभन्दा बढी प्रतिशत अल्कोहल भएको रक्सी बनाउनुपरे जाँडलाई तताएर वाष्पीकरणको माध्यमले अल्कोहलमा पानीको मात्रा घटाउनुपर्छ र तताउँदा निस्किएको बाफलाई कुनै माध्यमले पसिनाका रूपमा संकलन गर्नुपर्छ । घरमा रक्सी बनाउँदा तताइएको जाँडलाई माथि चिसो पानी भएको भाँडाले छोप्नुको कारण अल्कोहल रुपी बाफलाई चिसोमा ठोक्काएर तरल बनाई तल झार्नु हो । घरपाला रक्सी बनाउँदा १० पटकसम्म पानी फेरिन्छ । तीन पटकसम्मको रक्सीमा अल्कोहलको मात्रा बढी हुने भएकाले तीनपाने रक्सी कडा भएको हो । पानी १ सय डिग्री सेल्सियसमा वाष्पीकरण हुन्छ भने अल्कोहल ७८ दशमलव ३ डिग्रीमा तसर्थ ७८ दशमलव ३ डिग्री नजिकको रक्सी बढी कडा र १ सय डिग्री नजिकको रक्सी कम कडा हुन्छ । हामीले पिउने रक्सीको सिसीमा जति प्रतिशत प्रुफ भनेर लेखिएको हुन्छ, त्यसको ठीक आधा अल्कोहल र बाँकी पानी छ भन्ने बुझ्नुपर्छ । जस्तै भोड्कामा ७० प्रतिशत प्रुफ लेख्नुको अर्थ त्यसमा ३५ प्रतिशत अल्कोहल छ भन्ने हो । हामीले खाने ठोस खाना पचेर मसिनो सानो आन्द्रा हुँदै शरीरमा पुग्न केही समय लाग्छ, तर रक्सी पच्नु पर्दैन । खाने बित्तिकै २० प्रतिशत जति आमाशयले नै सोस्छ, बाँकी तुरुन्तै सानो आन्द्रामा पुगी सोसिएर रगतमा मिसिन्छ र शरीरका सबै कोषमा पुगी आफ्नो प्रभाव देखाउन थाल्छ । यही प्रभाव पर्नु नै रक्सी लाग्नु हो ।

रक्सीको असरले मानिसको केन्द्रीय स्नायु प्रणालीको गति नै कम हुने भएकाले यसरी परिवर्तित व्यवहारहरू कमजोर प्रकारका र अस्वभाविक हुन्छन् । थोरै पिउँदा थोरै प्रभाव हुने भएकाले अनौठो, रमाइलो प्रकारको, थकाइ, पीर, चिन्ता बिर्सिए अनुभव हुन्छ, तर बढी सेवन गर्दा शरीर नै विषाक्त भै शरीर तथा मस्तिष्क दुवैमा नकारात्मक प्रभाव पर्छ ।

रक्सी पिएको व्यक्ति धंगधंगाउनु, बोली लार्बराउनु, ध्यान नपुऱ्याउनु, अलमलमा पर्नु आदि मस्तिष्क प्रभावित हुनुका परिणाम हुन् । त्यसका अतिरिक्त रक्सी पिएका बेला बढी गफ गर्ने, हल्ला गर्ने, जोस्सिने, रिसाउने, अपराध गर्न समेत सुरिने, कपडामै पिसाब गर्ने आदि परिणाम पनि मस्तिष्कले सही गतिमा सही सूचना दिन नसक्नुका परिणाम हुन् । परिणामहरू पनि नसाको असरअनुसार फरक हुँदै जान्छन् । सुरुमा रमाइलो गरिरहेको मानिसले झगडा गर्न थाल्नु त्यसैको उदाहरण हो । रक्सी लागेको मानिसले गाडी चलाउन सक्छु भन्नु पनि अस्वाभाविक अवस्थामा स्वाभाविक क्रिया गर्न सक्छु भन्ने रक्सी प्रभावित भावना हो । वास्तविकतामा उसले नपिएको बेलाझैं गाडी चलाउन सक्दैन । अत्यधिक रक्सी सेवन गऱ्यो भने त अल्कोहल प्वाइजनिङ नै हुन्छ । बान्ता गर्नु, निद्रा नलाग्नु, बेहोस वा अचेत हुनु, रगतमा चिनीको मात्र एकदम घट्नु वा बढ्नु, शरीरको तापक्रम एकदम घट्नु र कुनै-कुनै बेला रक्सी लागेकै अवस्थामा मृत्यु हुनु अल्कोहल प्वाइजनिङका परिणाम हुन् । रक्सीका कारण निद्रा नपुग्दा दृश्य कम हुन्छ, टाउको दुख्छ अनि सारा शरीर नै मानसिक तथा शारीरिक रूपले शक्तिहीन र थकित हुन्छ ।



डा. रञ्जित झा,
जनरल फिजिसियन

**मदिराले मानिसको स्वास्थ्यमा नकारात्मक प्रभाव पार्छ होइन ?**
थोरै पिए राम्रो, धेरै पिएको बेठीक ।


**कतिसम्म पिए ठीक ?**
चिकित्सकीय हिसाबमा हामी एकदेखि दुई प्याकसम्म पिउनु ठीक हो भन्छौं । दुई प्याकसम्मको मदिराले मुटुलाई पनि फाइदा पुऱ्याउँछ ।

**मदिराले किन असर गर्छ ?**
खासमा थोरै पिउनु स्वास्थ्यका दृष्टिले राम्रै हो । यद्यपि हामीहरू अलिकति बढी नै पिउन खोज्छौं, जसले गर्दा विभिन्न खालका समस्या देखा पर्छन् । अत्यधिक मात्रामा मदिरा सेवन गर्दा मानिसको स्नायु प्रणाली तथा दिमागमा असर गर्नुका साथै कलेजोमा प्रत्यक्ष असर पर्छ । यसले गर्दा टाउको दुख्ने, चक्कर लाग्ने आदि समस्या देखापर्छन् । मदिरा सेवनले मानसिक सन्तुलनमा समेत समस्या सिर्जना गर्छ ।

**कस्ता खालका मानिसले मदिरा पिए हुन्छ ?**
कुनै पनि रोग लागेको छैन वा मानिस स्वस्थ छ भने सामान्य रूपमा नियन्त्रित ढंगले पिउन सकिन्छ । मुटुसम्बन्धी समस्या भएकाले त पिउनै हुँदैन ।

**यसका नकारात्मक असरहरू के-के छन् ?**
विशेष गरी मदिरा सेवनले मुटुमा असर गर्ने हो । त्यसका साथै मदिराले उच्च रक्तचापको समस्या सिर्जना गर्छ भने रगतमा बोसोको मात्रा पनि बढाउँछ । घाँटीको क्यान्सर, लिभर डिजिज, ब्रेन स्ट्रोक, हर्ट डिजिज आदि समस्या सिर्जना हुन सक्छन् ।

# रिल्याक्सका लागि पिउँछु



■ सुनिल थापा, अभिनेता

**मदिराको उत्पत्ति किन भएको होला ?**
मलाई लाग्छ नेगेटिभ दिमाग भएकाहरूले रक्सीको आविष्कार गरेका हुन् । यद्यपि हाम्रो समाजले जे कुरा पनि लिमिटेसनमा भयो भने त्यसलाई स्वीकार गर्छ कि जस्तो लाग्छ ।

**मदिरा भएन जिन्दगी चल्ला कि नचल्ला ?**
अफकोर्स चल्ला, किन नचल्नु ?

**तपाई रक्सी पिउनुहुन्छ ?**
ढाँट्ने कुरै भएन, पिउँछु नि ।

**रक्सी किन पिउन थालिएको होला ?**
अरूले किन पिउँछन् भन्ने थाहा भएन, तर मचाहिँ रिल्याक्सका लागि पिउँछु । किन र के-का लागि भन्दा पनि हार्डवर्कअघि रिल्याक्स अनुभव गर्न पिउने बानी छ ।

**कहिलेकाहीं एकान्तमा सोच्दा, रक्सी पिएर ठीकै गरियो जस्तो लाग्छ ?**
मानिसका आ-आफ्ना इच्छा हुन्छन् तर म खासमा एक्लै भएका बेला रक्सी पिउन रुचाउँछु ।

**मदिरा पिउँदाका पार्टनर कस्ता छन् ?**
सबै प्रकारका छन् । कुनै बार-बन्देज छैन ।

**तपाईंले रक्सी पिउने कुराबाट परिवार खुसी छ त ?**
यो कुरा त मेरो परिवारका सदस्यहरूसँगै सोध्नुपर्छ, म आफैंचाहिँ निकै खुसी छु ।

**रक्सी पिउनैपर्ने कुरा हो कि छोड्नुपर्ने कुरा ?**
यो व्यक्तिगत रुचिको विषय हो । कसैलाई पिउन मन लाग्छ पिओस्, पिउन मन लाग्दैन भने नपिए पनि केही फरक पर्दैन ।

**तपाईंले कहिलेदेखि पिउन थाल्नुभएको ?**
जब मैले पहिलो तलब पाएँ, त्यही दिनदेखि ।

**रक्सी पिउने उपयुक्त समय कुन हो ?**
दिनभर काम गरेर थाकेपछि रक्सी पिउँदा आनन्द आउँछ ।

**कस्तो ठाउँमा बसेर रक्सी पिउँदा आनन्द आउँछ ?**
मलाई टिभी अघि बसेर रक्सी पिउँदा रिल्याक्स अनुभव हुन्छ ।

**आधुनिक परिवेशमा रक्सी परिहार्य बन्दै गएको हो ?**
होइन, रक्सी नपिए पनि केही फरक पर्दैन । संसारका धेरै मनिस रक्सी पिउँदैनन् ।

**सबैलाई थाहा छ, रक्सी पिएपछि झगडा बढी हुन्छ, के भन्नुहुन्छ ?**
कुनै पनि कुराको निश्चित सीमा हुन्छ । उक्त सीमा पार गरेपछि यस्ता खालका समस्या देखा पर्छन् ।

**रक्सी पिउँदा साथीभाइहरूसँग झगडा हुन्छ ?**
अहिलेसम्म त्यस्ता खालका घटना घटेका छैनन् । खासमा म एक्लै बसेर नै रक्सी पिउँछु ।

**रक्सी पिउँदा गरेको कुनै गल्ती ?**
अहिलेसम्म त्यस्तो खास गल्ती गरेजस्तो लाग्दैन, सम्झना पनि छैन ।

**रक्सी पिएकै कारण कहिल्यै कसैसँग सम्बन्ध बिग्रिएको छ ?**
छैन, म रमाइलोका लागि पिउँछु । कसैसँग झगडा गर्न पिउने बानी छैन ।

**तपाईंका बेस्ट ब्रान्ड कुन-कुन हुन् ?**
सुरुमा ह्विस्की पिउँथे । अहिले भोड्का विशेष लाग्छ ।

**रक्सीको आदतकै कारण कहिल्यै अपमानित हुनुपरेको छ ?**
आजसम्म छैन र हुनेवाला पनि छैन ।

**रक्सी नपिई कति लामो समय बिताउनुभएको छ ?**
समय मिल्यो र मनले खोज्यो भने पिउने हो । त्यस्तो नभै हुँदैन भन्ने छैन ।

# पिउने-नपिउने सबैले जान्नुपर्ने कुरा



■ रक्सी पिएपछि गाडी तथा मोटरसाइकल दुर्घटनाको सम्भावना प्रबल हुन्छ ।

■ झैझगडा, होहल्ला, हूलहुज्जत, रिसइबी साँध्ने, आत्महत्या, हत्याजस्ता हिंसात्मक गतिविधि बढ्न सक्छ ।

■ यौनजन्य दुर्व्यवहार तथा अपराधका साथै असुरक्षित यौनसम्पर्क हुने सम्भावना हुन्छ, जसले गर्दा अवाञ्छित गर्भधारण, एचआईभी एड्सजस्ता यौनजन्य रोगको संक्रमण हुन्छ ।

■ धेरै रक्सी पिउने मानिसमा क्यान्सरको जोखिम हुनसक्छ । अमेरिकन क्यान्सर सोसाइटीका अनुसार कस्तो रक्सी पियो भन्ने होइन कि कति मात्रामा रक्सी पियो त्यसका आधारमा क्यान्सरको जोखिम वृद्धि हुन्छ । जति बढी मात्रामा रक्सी पिउँदै गयो त्यति नै क्यान्सर हुने सम्भावना बढेर जान्छ । रक्सी सेवनले मुख, घाँटी, पेट, पित्तनली, आन्द्रा, मलद्वार, फियो, कलेजो तथा महिलाको स्तन क्यान्सर आदि गराउँछ ।

■ मुटुसम्बन्धी रोग, हृदयाघात, उच्च रक्तचापजस्ता डरलाग्दा समस्या सिर्जना हुन्छन् ।

■ रक्सीको सेवनले मस्तिष्कघात हुनसक्छ । आँखाले धमिलो देख्नु, बोली लरबराउनु, हातखुट्टा लड्खडाउनु जस्ता असर देखिन सक्छन् ।

■ रक्सी सेवन गर्ने १० देखि २० प्रतिशत मानिसको कालेजोमा क्षति पुग्छ । रक्सीले बिगारेको कलेजो रक्सी पिउन छाडे पनि निको नहुने गरी क्षतिग्रस्त हुन्छ । रक्सी सेवनकै कारण कलेजो रोगका बिरामीहरू आँखा पहेंलो हुने, पेट सुन्निने, जीउ फुल्ने, रगत बान्ता हुने आदि समस्याबाट ग्रस्त हुन पुग्छन् ।

■ रक्सी पिउनेहरूलाई भोक नलाग्ने, पेट पोल्ने, अपच हुने, पेट तथा अन्द्रामा घाउ हुने, प्वाल पर्ने, रक्तस्राव हुने जस्ता पाचनसम्बन्धी समस्या देखा पर्छन् ।

■ रक्सी सेवनका कारण शरीरले क्याल्सियम, भिटामिन डी तथा बी १२ पचाउन सक्दैन, जसले गर्दा हाडजोर्नीहरू कमजोर हुने, शरीरमा रगतको मात्रा कम हुने, सास फेर्न गाह्रो हुने, थकाइ लाग्ने, शरीर कमजोर हुने, हात खुट्टा झमझमाउने, स्मरण शक्ति एवं एकाग्रता हराउँदै जाने जस्ता समस्या देखिन्छन् ।

■ शरीरले संक्रमणबाट लड्न सक्ने क्षमता गुमाउँदा क्षयरोगजस्ता संक्रामक रोग लाग्ने सम्भावना वृद्धि हुन्छ ।

■ रक्सी सेवनले डिप्रेसन, अनावश्यक चिन्ताजस्ता मानसिक रोग उत्पन्न गर्छ । प्रायः मानिस रक्सीले फुर्तिलो बनाउँछ, तनाव र चिन्ता घटाउँछ, मस्त निद्रा लाग्छ भन्छन् तर रक्सीले त्यसको ठीक विपरीत नशाले छोड्नासाथ तनाव र चिन्ता बढाउँछ । शरीरलाई फुर्तिलो होइन शिथिल बनाउँछ अनि निद्रा समेत भगाउँछ ।

■ रक्सी सेवन गर्ने महिलामा गर्भ नबस्ने तथा बाँझोपनको सम्भावना हुन्छ ।

■ रक्सीको सेवनपछि मानिसको काम गर्ने क्षमतामा ह्रास आउँछ । रक्सीले स्वास्थ्य र धनको नाश हुनु त छँदैछ, त्यसमाथि पारिवारिक कलह र समाजमा इज्जत समेत गुम्ने खतरा पनि उत्तिकै हुन्छ ।

■ स्वास्थ्यका दृष्टिकोणले कसैले पनि रक्सी सेवन गर्नु हुँदैन । त्यसमाथि २१ वर्षभन्दा कम उमेरका मानिस, गर्भवती महिला, सवारी चालक, विभिन्न प्रकारका औषधि सेवन गरिरहेका बिरामीहरूले त आफूलाई यसबाट टाढै राख्नुपर्छ ।



आदर्श प्रधान, मनोविद्
होलिस्टिक माइन्ड्स एन्ड लाइफ सेलिब्रेसन सेन्टर, धापासी

मानिसहरू विभिन्न बहानामा रक्सी पिउँछन् । त्यसमा खुसीदेखि दुःखसम्मका सम्पूर्ण बहाना लोकप्रिय छन् । हिजो-आज युवाहरू मौसम खराब भयो भने मौसमले चुनौती दियो भनेर समेत पिउँछन् । वास्तवमा भन्ने हो भने रक्सी पिउनु फेसन नै भैसकेको छ । गुड फ्राइडे, न्यू इयर, भ्यालेन्टाइन डे, जन्म दिन आदि सबै पर्वहरूमा विशेष महत्वका साथ रक्सीलाई पिइन्छ ।

रक्सी पिउने बानीले व्यक्ति र समाजलाई प्रभावित तुल्याइरहेको हुन्छ । यसको प्रयोगले व्यक्ति स्वयंलाई मात्र नभै परिवारका सदस्य, साथी, सहकर्मी एवं अपरिचित सबैलाई असर पुगिरहेको हुन्छ ।

रक्सीको पिउन उत्प्रेरणा दिने तत्वहरूमा वातावरणीय तत्व, आर्थिक अवस्था, सांस्कृतिक तत्व, रक्सीको पर्याप्त उपलब्धता, नीति-नियमको अभाव आदि प्रमुख छन् । व्यक्तिको रक्सी पिउने बानी जति अव्यवस्थित हुँदै जान्छ, त्यसले विभिन्न प्रकारको मानसिक समस्या पनि बढाउँदै लान्छ ।

रक्सी पिएपछि जब यसको नशा चढ्न थाल्छ मानिसको चेतन मन शिथिल हुन थाल्छ । त्यसपछि अवचेतन मन बढी सक्रिय हुन्छ । चेतन मन शिथिल हुँदा तनाव, दुःख, पीडा पनि कम महसुस हुन्छ । त्यतिबेला मानिस वर्तमानमा बढी केन्द्रित हुन थाल्छ र इन्जोय अनुभव गर्छ । ध्यानमा पनि विचार शून्य, समय शून्य, शरीर शून्यको बोध भएर वर्तमानको अनुभूति हुन्छ । ध्यानको अवस्थामा होसको मात्रा बढी हुन्छ । रक्सी पनि ठिक्क मात्रामा पिउँदा करिब-करिब त्यस्तै महसुस भएको भान हुन्छ । यद्यपि त्यहाँ होसको मात्रा अत्यन्त कम हुन्छ । रक्सी पिउनु पछाडिको मनोविज्ञान पनि विचार कम भएर वर्तमानमा रहनु हो । यद्यपि यसले फाइदाभन्दा पनि हानि-नोक्सानी बढी नै गर्छ । किनभने यसले बेहोसीपन बढाउँछ । बेहोसीपनमा के गर्ने, के बोल्ने थाहा हुँदैन । अत्यधिक रक्सी पिएपछि मानिसमा जोस बढ्छ, आफूजत्तिको जान्ने अरू कोही छैन जस्तो लाग्न थाल्छ । उसमा अत्यधिक आत्मविश्वास सिर्जना हुन्छ । त्यसपछि ऊ नचाहिने बहस गर्न थाल्छ । जब रक्सीको नशा उत्रन्छ त्यतिबेला नशासँगै व्यक्तिको जोस पनि रितिन्छ ।

# रक्सी पिएका बेला घर पस्दिनँ



■ उत्तम केसी, कलाकार

**संसारमा रक्सीको आविष्कार किन भएको होला ?**
ठ्याक्कै किन भयो भनेर त कसरी भनौं, तर यो रमाइलो गर्नकै लागि बनेको चिज हो । यहाँ खुसीमा पनि, दुःखमा पनि रक्सी पिउने चलन बढेको देख्छु । कहिले चोट बिर्सन, कहिले त्यही चोटलाई यादगार बनाउन पिउने चलन छ ।

**मदिरा नभए जिन्दगी चल्ला कि नचल्ला ?**
रक्सीभन्दा पहिले मानिस जन्मिएका हुन् । रक्सी नभएर मानिसको जीवनमा कुनै असर पर्दैन, बरु अझ राम्रो हुनेछ ।

**तपाई रक्सी पिउनु हुन्छ ?**
ढाँट्ने चलन छैन । पिउँछु तर मात्तिने गरी कहिल्यै पिएको छैन ।

**किन पिउन थालिएको होला ?**
मेरै सन्दर्भमा भन्ने हो भने कुनै कारण छैन । साथीभाइहरूको लहैलहैमा लागेर पिउन थालेको हुँ ।

**भावनाको शिथिलताका लागि रक्सी पिइन्छ कि यसका अन्य आयामहरू पनि छन् ?**
वास्तवमा रक्सी भावनामा डुबेर खाने जातै होइन । यो रमाइलोका लागि खाने कुरा हो ।

**पिएर ठीकै गरियो जस्तो लाग्छ कि ?**
रक्सी पिएर ठीक गरिएको छ भन्ने चाहिँ लाग्दैन ।

**पिउँदाका पार्टनर कस्ता छन् ?**
म धेरै मानिसको भीडमा मदिरा पिउने मानिस होइन । जति पिउँछु नजिकका साथीभाइहरूसँग बसेर पिउँछु । साथीभाइहरू नजुटेको समयमा कहिलेकाहीं एक्लै पनि पिउँछु, तर एकदमै थोरै रक्सी भए पुग्छ मलाई ।

**तपाईंले रक्सी पिउने कुराप्रति परिवार खुसी छ त ?**
छैन । रक्सी पिएका बेला म घर जान्नँ । गए पनि परिवारका सबै सदस्य सुतेपछि सुटुक्क घरभित्र पस्छु । किनभने मेरो परिवारमा रक्सी पिएको कसैले मन पराउँदैनन् ।

**रक्सी पिउन छोड्नुपर्छ कि सबैले पिउन थाल्नुपर्छ, के भन्नुहुन्छ ?**
सबैले छोड्नुपर्छ भन्ने पक्षमा छु । किनभने यसले स्वास्थ्यमा असर गर्छ । रक्सीले राम्रो भन्दा नराम्रो धेरै गर्छ । त्यसैले यो चिज खानै पर्छ भन्दिनँ ।

**तपाईंले कहिलेदेखि पिउन थाल्नुभएको ?**
मैले ३५ कटेपछि मात्र पिउन थालेको हुँ । त्यसअघि एक थोपा पनि पिइनँ । त्यसपछि लगातार पिउने, नचाहिँदो काम गर्ने आदि पनि गरेको छैन । मैले यसलाई अनुशासित ढगंबाट प्रयोग गरिरहेको छु ।

**पिउने उपर्युक्त समय कुन हो ?**
यही समयमा रक्सी पिउँछु भन्ने छैन । समय कुर्दिनँ । जमघट भयो भने बिहानै पनि पिइदिन्छु ।

**कस्तो ठाउँमा पिउँदा आनन्द आउँछ ?**
यस्तो उस्तो भन्ने छैन । कहिले सानै पसलमा पिइदिन्छु, कहिलेकाहीं ठूला-ठूला रेस्टुराँ पनि पुग्छु । यहीं बस्दा आनन्द आउँछ भन्ने छैन ।

**रक्सी अपरिहार्य हो ?**
म रक्सीको विज्ञ त होइन, तर आजभोलि रक्सी-चुरोट फेसन बन्दै गएको छ । यो गलत प्रवृत्ति हो । त्यसमा पनि अहिलेका युवतीहरू मज्जाले चुरोट तान्छन्, उनीहरूलाई त म विचरा भन्छु ।

**रक्सीमा कति जति पैसा खर्च गर्नुहुन्छ ?**
एक्लै बसें भने ५-६ सयमा उम्किन्छ, धेरै भयौं भने साथीभाइको ताल हेरेर हुन्छ । मलाई चाहिँ एक-दुई प्याक भए पुग्छ ।

**साथीभाइहरूसँग झगडा कत्तीको हुन्छ ?**
मन नमिल्नेहरूसँग बसेर कहिल्यै पिउँदिन । कथमकदाचित कसैले झगडा गरी हाल्यो भने त्यसपछि उसँग कहिल्यै संगत गर्दिनँ ।

**पिएपछि गरेका केही गल्ती ?**
कहिलेकाहीँ चलचित्रको छायाँकनमै जान बिर्सिएको छु ।

**रक्सीले जीवनमा सिर्जनशील हुन सहयोग पुऱ्याएको छ ?**
रक्सी सिर्जनशिल हुने पदार्थ नै होइन । यसले मानिसलाई अधोगतितर्फ लान्छ ।

**रक्सीको मात कस्तो हुन्छ ?**
झ्याम्म पार्ने खालको । तिरीमिरी बनाउने खालको । खै कस्तो खालको भनौं ?

**नपिई कति समय बिताउनुभएको छ ?**
म ५६ वर्षको भए । ३५ वर्षपछि पिउन थाल्दा ६ महिनाजति रक्सी नपिई बसेको छु ।

# यो साताको राशिफल



रामप्रसाद सिटौला
(फलित ज्योतिष)

## यो साता

**असोज २७ गते**
विश्व प्राकृतिक प्रकोप नियन्त्रण दिवस
**असोज २९ गते**
विश्व ग्रामीण माहिला दिवस
विश्व हात धुने दिवस
**असोज ३० गते**
फूलपाती
विश्व खाद्य दिवस
**असोज ३१ गते**
विश्व गरिबी निवारण दिवस
**कात्तिक २ गते**
विजयादशमी
**कात्तिक ३ गते**
पापांकुशा एकदशी
**कात्तिक ७ गते**
कोजाग्रत पूर्णिमा
संयुक्त राष्ट्रसंघ दिवस
विश्व विकास सूचना दिवस
सशस्त्र प्रहरी दिवस

### मेष

केही दिनको अन्तरालमा मायालुसँग भेट हुँदा हर्षसँगै वेदना समेत आदान-प्रदान हुनेछन्। खानपान एवं जीवनचर्याले स्वास्थ्यमा गडबडी निम्त्याउन सक्छ। बुधबारपछि सहयोगको नाटक गर्नेहरूले फन्दामा पार्ने षड्यन्त्र गर्न सक्छन्। विद्युतीय उपकरणहरू सञ्चालन गर्दा होस पुऱ्याउनु होला।

### वृष

अन्योलका बीच उन्नतिको मार्ग प्रशस्त हुनेछ। पर्याप्त धन आर्जन गर्न सकिनेछ। प्रेमी-प्रेमिकाले मनको कुरा खोल्न ढिलाइ गर्ने छन्। रोजगारीका नौला अवसर प्राप्त हुनेछन्। व्यवसायमा साथीहरूले सहयोग गर्ने परिस्थिति बन्दैछ। विश्वासपात्रलाई वचन दिँदा संयम अपनाउनुहोला।

### मिथुन

बाहिरी गफगाफमा अल्झिँदा व्यापार-व्यवसायमा असर पर्न सक्छ। कसैको साथ खोज्नु आफनो हितमा हुनेछैन। छोटो समयमै फाइदा लिन खोज्नेहरूसँग सावधान रहनुहोला। सेतो रंग प्रयोग गर्दा कतिपय काम सहजै फत्ते हुनेछन्। द्रुत गतिमा सवारी चलाउँदा विपत्ति आइलाग्न सक्छ।

### कर्कट

आर्थिक पक्ष प्रबल हुँदै गएकाले नयाँ तथा पुराना सबै कार्यले फाइदा पुऱ्याउने देखिन्छ। भोज तथा मनोरञ्जनका निमन्त्रण हात लाग्न सक्छन्। रंग-रमाइलोमा पर्याप्त आनन्द उठाउन सकिनेछ। सेतो तथा गुलाबी रंगको प्रयोग गर्दा प्रशंसा गर्नेहरू बढ्ने छन्।

### सिंह

रोकिएका कामाको गाँठो फुक्ने सम्भावना छ। कुनै पनि कार्यमा ढिलाइ नगर्नुहोला, अन्यथा पछि परिनेछ। अधुरा चाहना पूरा गर्ने समय आएको छ। आर्थिक क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ। साताको अन्त्यमा प्रेमी-प्रेमिकाले नयाँ प्रस्ताव राख्ने छन्। सवारी साधन चलाउँदा संयम अपनाउनुहोला।

### कन्या

तपाईंको सफलता देखेर भित्रभित्रै डाह गर्नेहरू प्रसस्तै हुनेछन् भने पछि लाग्नेहरू पनि उत्तिकै छन्। प्रत्येक कार्य सम्पन्न गर्ने क्रममा गोपनियताको हेक्का राख्नुहोला। सामाजिक सेवाका क्रममा केही समय खर्चनुपर्ने हुनसक्छ। भोजभतेरमा संलग्न हुँदा समयको ख्याल गर्नुपर्ला।

### तुला

व्यापारको सिलसिलामा लामो यात्रा हुने सम्भावना छ। ठूला व्यवसायीसँग उठबस हुँदा कूटनीतिक क्षमता प्रदर्शन गर्नु उचित हुन्छ। मन पराउने साथीले घुमाउरो भाषामा प्रेम प्रस्ताव राख्न सक्छन्, भावना बुझ्ने चेष्टा गर्नुहोला। साताको अन्त्यमा शारीरिक थकानले सताउन सक्छ।

### वृश्चिक

कर्मचारी वर्गले समय, सेवा तथा कार्यशैलीप्रति विशेष ध्यान पुऱ्याउनुहोला। नयाँ स्थान एवं क्षेत्रमा पदासीन हुने अवसर जुट्नेछ। कार्यक्षेत्र सम्हाल्न ढिलाइ नगर्नु मै आफ्नो कल्याण छ। गुलाबी रंग तथा दक्षिणतर्फको यात्रा बढी फलिफाप होला। वादविवादबाट टाढै रहनु पर्नेछ।

### धनु

व्यवहारमा देखा पर्ने आर्थिक हैरानीबाट मुक्त हुन ठुलाबडाको सल्लाह लिए जटिल अवस्था आइलाग्नेछैन। कार्य व्यस्तताले स्वास्थमा गडबडी देखा पर्न सक्छ, हेलचेक्र्याइँ नगर्नुहोला। प्रेमी-प्रेमीकाबीचको सम्बन्ध प्रगाढ हुनेछ। साताको अन्त्यमा घरायसी सरसामग्री जोहो गर्न समय खर्चनुपर्नेछ।

### मकर

अध्ययन-अध्यापनमा प्रगति हुनेछ। सामाजिक जिम्मेवारी पूरा गर्दा आफ्नो पहिचान फराकिलो होला। व्यापार-व्यवसायबाट अपेक्षाभन्दा बढी लाभ मिल्नेछ। आम्दानीका थप स्रोत फेला पर्न सक्छन्। सहकर्मीहरूसँगको वैचारिक मतभिन्नतामा आफन्तहरूले सहयोग गर्नेछन्।

### कुम्भ

परिश्रम मुताविक राम्रै फल पाइनेछ। पुरुषार्थले नाम तथा दाम स्वतः वृद्धि गराउनेछ। अरूलाई बचन दिने बानीले अप्ठ्यारोमा पार्न सक्छ। बोलीको मधुरताको बलमा आर्थिक संकटबाट पार पाइनेछ। पहिलेदेखिको योजना कार्यान्वनयमा ढिलाइ गरे पछि परिएला।

### मीन

पराक्रम बढ्नुका साथै काममा अपेक्षा गरे जस्तै सफलता प्राप्त हुनेछ। विभिन्न खालका प्रतिस्पर्धामा सहभागी भै उत्कृष्ट नतिजा हात पार्न सकिनेछ। पदीय जिम्मेवारीले थप मेहनत तथा समयको अपेक्षा गरेको छ। स्वास्थ्यको ख्याल राख्नुहोला। साताको अन्त्यमा प्रेमी-प्रेमिकाले भ्रमणको प्रस्ताव राख्न सक्छन्।

**अब हाम्रो पालो**

# सरकारले दसैं बिदा छोट्याएको तपाईंलाई कस्तो लाग्यो ?

धर्म निरपेक्षता, गणतन्त्र यही गर्न त ल्याएको हो नि। ८० प्रतिशत हिन्दू भएको देशमा जनैपूर्णिमा र घटस्थापनाको दिन पनि बिदा छैन, आखिर कसका लागि हो यो ?

**पुष्पकमल भण्डारी**

८० प्रतिशत हिन्दू बस्ने हुनाले नेपालमा दसैंको विशेष महत्व छ। यतिबेला एकचोटि घर पुग्ने अभिलाषा सबैमा हुन्छ। अन्य बिदाले यसको पूर्ति गर्दैन।

**सुधीर दवाडी**

दसैं हिन्दूको मात्र चाड नभएर सम्पूर्ण नेपालीको महान् चाड भैसकेको अवस्थामा बिदा छोट्याउनु भनेको हामीले आफ्नो मौलिकता गुमाउनु हो।

**शिव राई**

८५ प्रतिशत बेरोजगार भएको देशमा केको छुट्टी, केको बिदा ? नेपालमा त पूरै साल बिदा हो नि, न लामो न छोटो।

**कुमार महतरा**

हामी देशबाहिर बस्नेलाई के को बिदा ? बिदा नदिए नि हुन्छ। नेपालमा बेरोजगारी धेरै छ त्यसैले बिदा नदिएकै राम्रो। उनीहरूका लागि सधैं बिदा।

**चित्र रानामगर**

बिदा छोट्याएर भत्ता चैं बढाउने सरकारको निर्णय कस्तो लाग्नु नि ? पिंडालुजस्तो।

**मेखराज**

हाम्रा लागि कागलाई बेल पाक्यो हर्ष न बिस्मात भनेजस्तै हो। बरु टेबुलमुनिबाट आम्दानी गर्न पल्किएका सरकारी कर्मचारीहरू खुसी हुने भए, हात खाली नहुने भो भनेर।

**कुमार गौतम**

जम्मा एक दिन बिदा दिए हुन्छ। बेरोजगार नेपालीलाई के दसैं, के तिहार ? सदाबहार उस्तै।

**लामा एस.एस.**

एक दिन मात्र भए नि पुगिहाल्छ नि।

**सजीवकुमार लामिछाने**

१ सय ५ प्रतिशत सही गऱ्यो सरकारले। अझ भन्ने हो भने १ दिन मात्र बिदा दिनुपर्ने हो।

**प्रेम तामाङ**

एकदम ठीक हो।

**हर्क गुरुङ**

एकदम नराम्रो।

**परी मगर**

अति उत्तम कदम।

**सन्दीप बादशाह**

कामचलाउजस्तै लाग्यो यो निर्णय।

**अविरल**

ठीकै हो।

**मन्जिना**

बिदा घटाउनुभन्दा दसैं-तिहार नै हटाए आनन्द हुन्छ।

**किशोर थापामगर**

धेरै जनता बेरोजगार भएको देशमा सरकारले दसैंको बिदा बढाउनुको कुनै अर्थ छैन।

**प्रजित भाई**

राम्रो लाग्यो, किनभने मेरो विद्यार्थी जीवन सिद्धिसकेको छ अनि म कर्मचारी पनि होइन।

**राजेश विक**

दसैं पनि छोट्याएर तीन दिन भए झन् काइदा हुन्थ्यो।

**संगीता काफ्ले**

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ। उत्तर चिठ्ठी वा एसएमएस मार्फत पठाउन सकिनेछ।

१. अहिलेका युवाहरूको सबैभन्दा सकारात्मक पक्ष के हो ?



मुक्त आकाश



अविरल थापा

# दसैंको दक्षिणा

म आठ-नौ वर्षको हुँदो हुँ, दसैंमा बुबाले टीका लगाइदिएर सबैलाई पाँच-पाँच रुपैयाँ दक्षिणा दिनुभयो तर मलाई दिनुभएन। सामान्यत: हाम्रो समाजमा छोरी मान्छे जतिलाई दक्षिणा दिने र छोरालाई पछि अंश खान्छन् भनेर चाडबाड वा श्राद्धमा दक्षिणा नदिने चलन छ, तर त्यतिबेला, भाइ-बहिनी सबैले पैसा पाए, तर बुबाले मलाई दिनुभएन। उक्त व्यवहारले मेरो मन असाध्यै कुँडियो र म भलभल आँसु निकालेर रुँदै गोठतिर पुगें। म रोएको देखेर बुबाले माया गरेर पैसा दिनुको साटो उल्टै एक झापड दिनुभयो। त्यसपछि हजुरबुबा कुद्दै आउनुभयो र मलाई सम्हाल्नुभयो अनि बुबालाई गाली पनि गर्नुभयो। हजुरबुबाले आफैं दस रुपैयाँको नोट देखाएर फकाउन खोज्नुभयो। हजुरबुबाको मायाले म फकिएँ तर त्यही बेला मैले मनमनै प्रण गरें कि अब म कहिल्यै आफ्नो व्यक्तिगत रहर र इच्छा पूरा गर्न बुबासँग कहिल्यै पैसा माग्नेछैन। सबैलाई पैसा दिएर मलाई किन पैसा दिनुभएन र उल्टो मलाई किन पिट्नुभयो ? मैले कहिल्यै बुझ्न सकिन तर त्यो व्यवहार र पिटाइले मलाई ठूलो पाठ सिकायो। त्यसपछि मैले आफैं कमाएर देखाउँछु र बुबाको कमाइ कहिल्यै खानु नपरोस् भनेर प्रण गरें।

स्कुल सकिएपछि नै म कसरी आत्मनिर्भर हुने भन्ने बाटोतर्फ लागें। मैले बुबासँग मलाई यस्तो गर्न यति पैसा चाहियो, मलाई यो किन्दिनु, मलाई यो खान मन लाग्यो भनेर कहिल्यै भनिन र आजसम्म आफ्ना लागि भनेर एक पैसा पनि मागिनँ। मेरो बालसुलभ मस्तिष्कमा परेको चोट र आफैं कमाएर देखाउँछु भन्ने ईखले मलाई आत्मनिर्भर हुन धेरै समय लागेन र पछाडि फर्केर पनि हेर्नु परेन।

पितृसत्तात्मक हाम्रो समाजमा लोग्नेमानिसलाई मामाघर र ससुरालीमा मात्र दक्षिणा दिने चलन छ। सानो छँदा मामाघर वा दक्षिणा पाइने ठाउँमा गएर दक्षिणा थाप्न पनि मज्जा हुन्थ्यो। कसको दक्षिणा कति भयो भनेर गन्न, दक्षिणा कति पाइयो भनेर एकान्तमा गएर हेर्न र आफ्नो धेरै भएका बेला धक्कु लगाउनुको आनन्द नै बेग्लै हुन्थ्यो। दसैंमा पाइने नयाँ नोटको बास्ना र कट्कट् गर्दै गन्दा आउने रमाइलो बयान गरी साध्य छैन। त्यतिबेला दक्षिणा जम्मा गरेर सय रुपैयाँ पुर्‍याउन पनि हम्मे हम्मे पर्थ्यो। धेरै पाइन्छ भनेको ठाउँमा थोरै पाइन्थ्यो। सय पुर्‍याउन खोज्यो मरिकाटे पुग्दैनथ्यो। एक साल त कति भयो भनेर गन्दागन्दै कतिबेला कहाँ हरायो कि कसैले चोरिदियो कुन्नि, बीस रुपैयाँको नयाँ नोट नै गायव भयो। त्यो बीस रुपैयाँ सम्झ्यो भने अहिले पनि थक्थकी लाग्छ। जे होस्, बाल्यकालमा दसैंमा मामाघर गएर मान-सम्मान पाउन र दक्षिणा लिन मज्जा नै हुन्थ्यो।

दसैंमा दक्षिणा लिनेलाई त मज्जै आउँछ तर दिनेलाई कसरी पुर्‍याउने भन्ने पिरलो हुन्छ। हुनेलाई त भएको अलिअलि बाँड्दा खासै फरक नपर्ला तर नहुनेलाई र धेरै आफन्त तथा इष्टमित्र भएकाहरूलाई मार पर्छ। अर्को खट्किने कुरा दक्षिणा दिनेले पनि टीका थाप्नेको हैसियत हेरेर दक्षिणा दिन्छन्। ठूलो पद र धनी मानिस छ भने उसैले धेरै दक्षिणा पाउँछ नहुनेले अलि कम पाउँछ। खासमा नहुनेलाई धेरै दिनुपर्ने हो तर शक्तिको नियम दक्षिणा लेनदेनमा समेत लागू हुन्छ।

कति त कमजोर र गरिब आफन्तकहाँ मीठो खान पाइँदैन र दक्षिणा पनि धेरै दिँदैन भनेर टीकै लगाउन जाँदैनन्। गरिब आफन्तलाई उनीहरू टीका लगाउन आइदिएकोमै खुसी मिल्छ भन्ने कुरा धनीहरूले बुझ्दैनन्। सद्भाव र आशीर्वाद थाप्न जाने कुरालाई पनि कसैले पैसा र शक्तिअनुसार भेदभाव गर्छन् भने ती आफन्त होइनन्, स्वार्थी हुन्। कसले कति दिएर कसलाई नै पुग्छ र ? तर दसैंलाई कतिपय मानिसले आफ्नो आर्थिक हैसियत र रवाफ देखाउने पर्वका रूपमा पनि लिन्छन्। दक्षिणाको लोभमा टीका थाप्न जानेहरू र टीका लाउन आउनेहरूको हैसियत हेरेर दक्षिणा र मान-सम्मानमा उचनिच गर्ने दुवै सम्बन्धका व्यापारी हुन्।

अर्को कुरा, दसैंमा नयाँ नोट समात्नुको मज्जा बेग्लै हुन्छ। उही मूल्यको पुरानो नोट भए पनि नयाँ नोटको भाउचाहिँ धेरै हो जस्तो लाग्छ। नेपाल राष्ट्र बैंकले दसैंमा नयाँ नोट निकाल्ने र साटन पाइने चलन चलाएर पनि होला, दसैंमा दक्षिणामा नयाँ नोट लिने-दिने बानी परेको हुनुपर्छ। गाउँघरतिर नयाँ नोट लिएर गएर साटिदिनेहरूको रवाफ पनि बेग्लै हुन्छ।

दसैंमा साना केटाकेटीलाई यो छोरा यो छोरी भनेर नछुट्याई सबैलाई समान दक्षिणा दिएर खुसी पारौं र उनीहरूले हामी दुवै समान वा बराबर हौं भन्ने महसुस गरुन्। धनीले हाम्रो त यतिखर्च भयो नि भनेर धक्कु नलगाऊँ, गरिबले गच्छेअनुसार व्यवहार टारौं तर आफन्तको मन जित्न ऋण नकाढौं।

**सबैलाई दसैंको शुभकामना।**

facebook.com/abeeralthapa
Twitter@abeeralthapa

# पेन्टी र ब्रा चोरी गर्ने पक्राउ




झापामा एक युवक अनौठो चोरी गरेको आरोपमा पक्राउ परेका छन्। भद्रपुर नगरपालिका-४, मन्त्रीचोकका २५ वर्षीय दीपक राजवंशी महिला तथा युवतीहरूको पेन्टी र ब्रा चोरी गरेको आरोपमा पक्राउ परेको प्रहरीले बताएको छ।

वडा प्रहरी कार्यालय भद्रपुरबाट खटिएको प्रहरीको टोलीले राजवंशीलाई चोरी गरिएका महिला तथा युवतीका पेन्टी र ब्रासहित नियन्त्रणमा लिएको थियो। राजवंशीले विगत ४ वर्षदेखि महिला तथा युवतीहरूले प्रयोग गर्ने पेन्टी र ब्रा चोर्ने गरेको जिल्ला प्रहरी प्रमुख एसपी भीम ढकालले बताए। प्रहरीका अनुसार भद्रपुर नगरपालिका-६, भानुनगरका घरहरूमा प्रवेश गरी राजवंशीले अन्य कुनै सरसामान चोरी नगरी पेन्टी र ब्रा मात्र चोरी गर्दै आएका थिए। उनलाई भानुनगरमा पेन्टी र ब्रा चोरी गरेर भागिरहेको अवस्थामा नियन्त्रणमा लिइएको वडा प्रहरी कार्यालयका प्रहरी निरीक्षक प्रकाश जबेगुले बताए।

राजवंशी विवाहीत हुन्। उनले लामो समयदेखि महिला तथा युवतीहरूले प्रयोग गरेका पेन्टी र ब्रा चोरी गरेर त्यसलाई सुँघेर आनन्द लिने गरेको प्रहरीसँगको बयानमा उल्लेख गरेका छन्। दिपकमा पेन्टी र ब्रा सुँघ्ने लत रहेको एसपी ढकालले बताए। उनलाई नियन्त्रणमा लिएर आवश्यक केरकार पछि आइन्दा त्यस किसिमको चोरी नगर्न सम्झाइ-बुझाइ रिहा गरिएको छ।

अर्जुन राजवंशी

# फेस्टिभ फेसन फिभर








**दसैंको पूर्वसन्ध्या पारेर शुक्रबार काठमाडौंमा फेस्टिभ फेसन फिभर-२०७५ शीर्षकको फेसन शो सम्पन्न भयो। टेकुस्थित मसला कटेजमा निर्माण गरिएको र्‍याम्पमा १६ जना मोडलले चारवटा सिक्वेन्समा जास्मिन बुटिक, लाइक बुटिक आदिले तयार पारेका समर वेयर, पार्टी वेयर, फेस्टिभ वेयर आदि प्रस्तुत गरेका थिए। आमिर कला केन्द्रद्वारा आयोजित फेसन शोका क्रममा तिहारपछि नेपालमै पहिलो पटक आयोजना हुने पञ्जा लडाइँ अर्थात् आर्म रेस्लिङको टिजर सार्वजनिक गर्दै सहभागिताका लागि आह्वानसमेत गरिएको थियो।**


KANTIPUR INTERNATIONAL COLLEGE







Paid Internship
China, UAE, Thailand, Malaysia, India & many more ...
For Hotel Management

Admission Open
We prepare you for success
With experienced, qualified & renowned foreign degree holders professors/lecturere from Australia, Russia, USA, India & multimedia classroom. KIC envision preparing the graduates who want to get ahead in the value of lifelong learning & leadership in global business organization.

BHM Bachelor of Hotel Management | BHCM Bachelor of Hospitality & Catering Management | BBA Bachelor of Business Adminstration | MBA Master of Business Adminstration | MHHM Master of Hotel & Hospitality Mgmt. | BID Bachelor of Interior Design | BE Civil Bachelor of Civil Engineering | B.Arch Bachelor of Architecture

International Membership

Kantipur International College

COLLEGE OF MANAGEMENT
Buddhanagar, New Baneshwor
Tel: 4780564, 4783904

COLLEGE OF ENGINEERING
Tel: 5582564, 5582565
www.kantipurinternational.edu.np

नोट: जेहेन्दार तथा विश्वविद्यालय आरक्षित छात्रावृतिको व्यवस्था छ।


कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स : ९७७-१-५१३५००१, email:saptahik@kmg.com.np
दर्ता नं. ९९/०५१/५२, म.क्षे.हु.नि.द.न.४/५२/५३ सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित। अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया**, प्रधान सम्पादक : **सुवास ढकाल**।